# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ६ पूर्णाङ्क ५५ | २०७४ साउन ९ गते सोमबार | Monday, July 24, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## देजमो निर्वाचनमा आयोगमा दलको रूपमा दर्ता



काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) को आधिकारिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल निर्वाचन आयोगमा राजनीतिक दलको रूपमा दर्ता भएको छ।

निर्वाचन आयोगको असार २८ गते बसेको बैठकले मोर्चालाई राजनीतिक दलको रूपमा दर्ता गर्ने निर्णय गरेपछि औपचारिक रूपमा देजमो राजनीतिक दलको रूपमा आयोगमा दर्ता भएको हो।

आयोगले देजमो राजनीतिक दलको रूपमा दर्ता भएको जानकारी दिँदै नेपालको संविधान, राजनीतिक दल सम्बन्धि ऐन २०७३ र सो अन्तर्गत बन्ने ...बाँकी ४ पेजमा

# 'माकेसँग एकता असम्भव, ६ बुँदे शर्त मान्ने कम्युनिष्टहरूसँग मात्र एकता'

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । माओवादी केन्द्रको शनिबार सम्पन्न बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न आइतबार आयोजित पत्रकार सम्मेलनमा पुष्पकमल दाहाल' प्रचण्ड'ले मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेकपालगायतलाई एकताका लागि आव्हान गरे लगत्तै प्रतिक्रिया दिँदै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण' माओवादी केन्द्रसँग एकता असम्भव रहेको बताएका छन् । वर्गदृष्टिसँग कुरा गर्दै अध्यक्ष किरणले भने, "माओवादी केन्द्रको राजनीतिक लाइन हामीसँग होइन, कांग्रेस एमालेसँग मिल्छ, त्यसकारण उनीहरूले एकताको लागि हामीसँग होइन, एमाले कांग्रेससँग आव्हान गरे हुन्छ ।" उनले अगाडि थपे, "एकताको लागि हामीले ६ बुँदे शर्त अगाडि सारेका छौं । यी शर्त मान्ने कम्युनिष्ट क्रान्तिकारीहरूसँग मात्र हाम्रो एकता हुन्छ ।"



वर्तमान प्रतिक्रियावादी संसदीय व्यवस्था, सत्ता र संविधानको विरुद्धमा नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीसँग मार्क्सवाद-लेनिनवाद-माओवादलाई पार्टीको मार्ग निर्देशक सिद्धान्त भएको दावी गरेपनि त्यही मार्गनिर्देशक सिद्धान्तको मूल मर्मविपरीत वर्तमान प्रतिक्रियावादी संसदीय व्यवस्थालाई नै सुदृढ गर्ने र शान्तिपूर्ण प्रतिस्पर्धाको राजनीतिक लाइन लिने निर्णय गर्न पुगेको माकेको एकता हुने स्थिति कुनै पनि कोणबाट देखिन्न । प्रचण्डले यो यथार्थ बुझ्दा बुझ्दै क्रान्तिकारी पंक्ति र जनतामा भ्रम सिर्जना गर्न एकताको कार्ड फ्याँकेको क्रान्तिकारी माओवादीका एक केन्द्रीय सदस्यले दावी गरे। हेटौडा महाधिवेशनबाट जनवादी क्रान्ति पूरा भएको भन्दै समाजवादी क्रान्तिको कार्यदिशामा अगाडि बढ्ने निष्कर्ष निकाल्दै आएको माओवादी केन्द्रको सम्पन्न बैठकले चुनावमा पराजयको कारण पार्टी विभाजन हुनुलाई निकालेको छ। तर क्रान्तिकारी माओवादीका नेताहरू भने वर्गीय र राष्ट्रिय रूपमा आत्मसमर्पण गर्न पुग्नुलाई नै माकेको पराजयको प्रमुख कारण मान्दछन् । माओवादी केन्द्रले जनयुद्धका मुद्दाहरू परित्याग गर्दै पछिल्लो स्थानीय तहसम्मको निर्वाचनसम्म आइपुग्दा थुप्रै जनघात र राष्ट्रघातका चाङ लगाएको मात्र छैन राजनीतिक लाइन, कार्यशैली, जीवनशैली, सोच, चिन्तन, साँठगाँठ र गठनबन्धनका हिसाबले कांग्रेस र एमालेभन्दा फरक अस्तित्व देखाउन सकेको छैन । ४ हजार बढी संख्याको केन्द्रीय समितिको विघटन गरेपछि माकेभित्र अहिले भाँडभैलो र रुवाबासी मच्चिएको माकेका एक कार्यालय सदस्यले नाम उल्लेख नगर्ने शर्तमा बताए । कतिपय इमान्दार र क्रान्तिकारी सोच राख्ने नेता कार्यकर्ताहरूले माकेको विकल्प खोज्न थालेको पनि ती नेताले दावी गरे ।

यता नेकपा (क्रान्तिकारी माओवादी) को हालै सम्पन्न केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरू एक प्रेस विज्ञप्ती मार्फत् सार्वजनिक गर्दै अध्यक्ष मोहन वैद्य'किरण'ले क्रान्तिकारी कम्युनिष्ट पक्ष र समूहसँग एकता तथा ध्रुवीकरणका लागि सार्वजनिक आव्हान गरेका छन्। एकताका लागि ६ बुँदे शर्त तथा आधार प्रस्तुत गर्दै अध्यक्ष किरणले 'दशवर्षको जनयुद्ध तथा विभिन्न जनआन्दोलनहरूले गम्भीर धक्का खाएको, राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या झनै गम्भीर बन्दै गएको र दक्षिणपन्थी संशोधनवाद अत्यन्तै प्रभावी रहेको अहिलेको ...बाँकी ७ पेजमा

## अखिल क्रान्तिकारीको निशानामा शैक्षिक माफिया



काठमाडौं । मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले अब शैक्षिक माफिया र व्यापारीलाई नछाड्नेभएकोछ।विध्यार्थीहरूको ढाड भाँच्ने गरी शुल्क वृद्धि गर्ने, पश्चिमी छाडा संस्कृति भित्र्याउने, आफू खुशी विदेशी पाठ्यक्रम भित्र्याउने, राज्यका शैक्षिक निकायलाई समेत प्रभावमा पारेर आफू अनुकूलको नीति निर्माण गर्ने गरेको, विध्यार्थी तथा अभिभावकको हितमा आफूहरूले राखेका मागहरू सुनुवाइ नगरेको भन्दै अखिल क्रान्तिकारीले त्यस्ता शैक्षिक माफियाहरूले संचालन गरेका शैक्षिक संस्थामाथि कारबाही सुरु गरेको छ ।

हालै सो विध्यार्थी संगठनले पटक पटक शान्तिपूर्ण रूपमा आफ्ना मागहरू पूरा गर्न दिएको दबाबप्रति सुनुवाई नगरेको भन्दै ललितपुरको ग्वार्को स्थित वि.एन.वि नर्सिङ कलेजमाथि कारबाही गरेको छ ।

प्राप्त समाचार अनुसार उक्त कलेजका झ्याल, ढोका, फर्निचर र ल्याबका सामान माथि गम्भीर क्षति पुगेको ...बाँकी ४ पेजमा

## पुन:परीक्षा गराउन क्रान्तिकारीको माग

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले सीटीईभीटी अन्तर्गत डिप्लोमा र प्रमाणपत्र तहको पूर्ण शुल्कीय प्रवेश परीक्षा पुनः गराउन ध्यानाकर्षण गराएको छ ।

क्रान्तिकारीका अध्यक्ष सेवन्तराज भण्डारीले एक ध्यानाकर्षणपत्र जारी गर्दै २०७४ को प्रवेश परीक्षा अघि नै प्रश्नपत्र बाहिरिएकोमा गम्भीर ध्यानाकर्षण भएको भन्दै यस कार्यमा संलग्नहरूमाथि कारबाही गरी पुनः परीक्षा गराउन माग गरेका हुन् ।

परीक्षा नियन्त्रकलाई ...बाँकी ४ पेजमा

## देजमोले गऱ्यो नेताहरूको कार्यविभाजन



काठमाडौं । नेकपा (क्रान्तिकारीमाओवादी)कोसंयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय समितिको साउन १ र २ गते बसेको बैठकले प्रादेशिक संरचना अनुसार नेताहरूको कार्यविभाजन गरेको छ । मोर्चाका कार्यालय सचिव हरिकृष्ण गजुरेलका अनुसार मोर्चाको १ नं. प्रदेश संयोजकमा नगेन्द्र राई, २ नं. प्रदेश संयोजकमा कमल चौधरी, ३ नं. प्रदेश संयोजकमा पवन मान श्रेष्ठ, ४ नं. प्रदेश संयोजकमा केश बहादुर परियार, ५ नं. प्रदेश संयोजकमा केवी गुरुङ, ६ नं .प्रदेश संयोजकमा चक्रपाणी शर्मा, ७ नं. प्रदेश ...बाँकी ४ पेजमा

## भ्रष्टाचारविरुद्ध देजमोले कडा आन्दोलन गर्ने

काठमाडौं । देजमो को ३ नं प्रदेश कमिटीको शनिबारको बैठकले सो प्रदेशमा हुने सम्पूर्ण बेथितिलाई जनताको उपस्थितिमा भण्डाफोर गर्ने निर्णय गरेको छ । ने.क.पा(क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य र ाम सिं श्रीष, ३ नं प्रदेश इञ्चार्ज दिनेश शर्मा तथा देजमोका ३ नं प्रदे श संयोजक पवनमान श्रेष्ठले सिंहदर वारको भ्रष्टाचार गाउँ गाउँमा पुगेका भन्दै त्यसको विरुद्ध 'वाच डग'को रुपमा काम गर्न कार्यकर्तालाई निर्देशन दिएका छन् ।

'मिलेर-मिलाएर खाउ' भन्ने हरुको जमातले विकास निर्माणमा ठूलो चलखेल गरीरहेको भन्दै त्यसको बारेमा जनतालाई जानकारी गराइ राख्न समेत सुझाव दिए । देजमोले स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोग गरेकोमा ठिक भएको भन्दै त्यसले प्रतिगामी संविधान भण्डाफोर गर्ने मञ्च तयार गरेको बताए। नेपालको क्रान्तिकारी आन्दो लन नयाँ चरणमा प्रवेश गरेको भन्दै उनीहरुले अब जनतालाई जगाउन निर्देशन समेत दिए । अहिलेको समय प्रतिकुलताके समय रहेको र पार्टी तथा मोर्चा सत्यको पक्षमा रहे कोले सत्यको विजय सुनिश्चित रहे को बताए । देजमो नवसंशोधनवाद तथा साम्राज्यवाद विरुद्धको मोर्चा भएको यसलाई संयुक्त मोर्चामा लै जाने समेत जानकारी गराएका छन् ।

### चीन-भारत विवाद

## कूटनीतिक समाधानको उपाय खोज्दै दुवै देश

● **एजेन्सी ।** चीन र भारतबीच पछिल्ला डेढ महिनादेखि जारी बढ्दो तनाव अन्त्यका लागि दुवै देश कूटनीतिक समाधानको खोजीमा लागेका छन् । सन् १९६२ मा सीमा विवादकै कारण दुई देशबीच युद्ध भएपछिकै सबैभन्दा तनावपूर्ण रहेको दुई देशको सम्बन्धलाई पुनः कूटनीतिक बाटोबाटै समाधानको उपायको खोजी दुवै देशले गर्न थालेका हुन् ।

सोही सिलसिलामा यही २६ र २७ तारिखमा भारतका सुरक्षा सल्लाहकार अजित डोभाल चीनको भ्रमणमा जाँदैछन्, जहाँ दुई देशबीचको तनाव अन्त्यका लागि कुराकानी हुने अपेक्षा गरिएको छ ।

त्यसलगत्तै १ अगस्टमा चिनियाँ जनमुक्ति सेना (पीएलए) आफ्नो स्थापनाको ९० औं वर्षगाठ मनाउने तयारीमा छ । चिनियाँ जनमुक्ति सेनाको यो स्थापना दिवस सैन्य क्षेत्रमा कम्युनिस्ट पार्टीको दबदबा र विश्वमा सैन्य विज्ञानका क्षेत्रमा प्राप्त उपलब्धीहरूलाई प्रदर्शन गर्ने थलोका रूपमा रहनेछ ।

यसै सिलसिलामा चिनियाँ जनमुक्ति सेनाले यतिबेला एक विशेष सैन्य प्रदर्शनी समेत गरिरहेको छ । चिनियाँ जनवादी क्रान्तिको सैन्य संग्रहालयमा आयोजित प्रदर्शनी अवलोकाका लागि चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा राष्ट्रपति सी ...बाँकी ७ पेजमा

## देशभक्त जनगणतान्त्रिक मोर्चाको भूमिका र कार्यभार

नेपालमा प्रगतिशील राजनीतिक आन्दोलन खास गरेर कम्युनिष्ट पार्टीको स्थापना र कम्युनिष्ट आन्दोलनको शुरुवात भएको लगभग सात दशक लामो समायवधि पूरा हुन लागेको छ। स्थापनाकालमा नेपाल कमुनिष्ट पार्टीले देशको आर्थिक सामाजिक परिवर्तनका लागि क्रान्तिको स्पष्ट र ठोस नीति एवं कार्यक्रम तय गर्न असमर्थ रहेतापनि कालान्तरमा पार्टीका संस्थापक महासचिव क.पुष्पलाल श्रेष्ठको अगुवाई र नेतृत्वमा नयाँ जनवादी क्रान्ति गर्नुपर्ने निष्कर्ष निकालिएको थियो । नेपालको आर्थिक-सामाजिक अवस्थाको सन्दर्भमा उक्त नीति सही थियो र अद्यापि सही रहेको छ। भनाईको तात्पर्य अहिले पनि नेपालको राष्ट्रिय स्वाधिनता र जनतन्त्र दुवै संकटपूर्ण अवस्थामा रहेका छ । त्यसअनुसारको अवस्थबाट उन्मुक्ति पाउनका निम्ति नयाँ जनवादी क्रान्ति

*कम्युनिष्ट पार्टी र आन्दोलनमा ब्यापक टुटफुटको क्रम चल्दै जाँदा अहिले करिव दुई दर्जनको हाराहारीमा कम्युनिष्ट समूहहरू अस्तित्वमा रहेका छन् । ती समुहहरू मध्ये कतिपयको प्रतिक्रियावादी खेमामा पतन भैसकेको छ, जसको ज्वलन्त उदाहरणका रूपमा नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)लाई लिन सकिन्छ । त्यसैगरी कतिपय समुहहरूले नयाँ जनवादी क्रान्तिको पक्षमा वकालत गरे पनि व्यवहारतः संसदीय भासमा जाकिदै गएर प्रतिक्रियावद उन्मुख भैसकेका छन् ।*




● परि थापा

प्रतिक्रियावादी खेमामा पतन भैसकेको छ, जसको ज्वलन्त उदाहरणका रूपमा नेकपा(एमाले) र नेकपा (माओवादी केन्द्र)लाई लिन सकिन्छ । त्यसैगरी कतिपय समुहहरूले नयाँ जनवादी क्रान्तिको पक्षमा वकालत गरे पनि व्यवहारतः संसदीय भासमा जाकिदै गएर प्रतिक्रियावद उन्मुख भैसकेका छन् ।

लागि नेपालको एकमात्र सर्वहारावर्गको सच्चा प्रतिनिधी पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) आफ्नो नीति एवं कार्याक्रमलाई त्यस दिशामा अगाडि बढाउन प्रयत्नशील रहेको छ ।

देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर समाजवाद हुँदै साम्यवादी समाज निर्माणको दिशामा अगाडी बढ्ने जस्तो महान् उद्देश्य प्राप्तिको र सफलता चानचुने विषय होइन । त्यो कार्य आफैमा गौरवशाली र चुनौतीपूर्ण छ । त्सका लागि मार्क्सवाद-लेनिनवाद-माओवादको विचारधारात्मक मार्गदर्शनमा एउटा सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्वमा बलप्रयोगको सिद्धान्तलाई अंगिकार गरेर अगाडी बढ्नु त पर्छ नै साथसाथै सम्पूर्ण क्रान्तिकारी, परिवर्तनकामी र प्रगतिशील शक्ति र पक्षहरूलाई समेटेर संयुक्त मोर्चा निर्माण गर्नु पनि उत्तिकै आवरश्यक हुन्छ । त्यसरी कम्युनिष्ट पार्टीको नेतृत्वमा बल प्रयोगको सिद्धान्तलाई अवलम्बन गर्दै संयुक्त मोर्चाको गठन र त्यसका नीति एवं कार्यक्रमलाई सिपालु एवं सफलतापूर्वक कार्यान्वयन गरेर मात्र क्रान्तिको अभिभारा पूरा हुन सक्दछ ।

नेपालमा नयाँ जनवादी क्रान्तिको सफलतालाई ...बाँकी ७ पेजमा

## सम्पादकीय

# माकेको 'प्रतिक्रियावादी' चरित्र

पुष्पकमल दाहाल'प्रचण्ड' र उनी नेतृत्वको नेकपा (माओवादी केन्द्र)ले पछिल्लो दशकमा खेलेको भूमिकाले विघटनको अन्तिम अवस्थामा पुगेको दलाल तथा नोकरशाही पुँजीवादमा आधारित प्रतिक्रियावादी संसदीय राज्यव्यवस्था तथा सत्तालाई सुदृढ तुल्यायो । मृत्युशय्यामा छट्पटाइरहेको दुनियाँभर बद्नाम संसदीय व्यवस्थालाई बँचाउन कांग्रेस, एमाले लगायतका पुराना संसदवादी पार्टीहरू र तिनका नेतृत्वहरूले सकिरहेका थिएनन् तर माओवादी केन्द्र र त्यसको नेतृत्वले स्थानीय तहको निर्वाचनसम्म आइपुग्दा त्यो व्यवस्थालाई पुनर्जीवन दिने काम गरेको छ । यही संसदीय व्यवस्थाको समूल अन्त्यका निम्ति करिब १७ हजार नेपाली आमाका सर्वोत्तम छोराछोरीहरूको ज्यान जाने गरी भएको महान् दशवर्षे जनयुद्धको नेतृत्व गरेर आएका प्रचण्ड र उनी नेतृत्वको पार्टीलाई संसदीय व्यवस्था सुदृढ गर्न लागिपरेकोमा पश्चाताप होइन गर्व महसुस गरिरहेको उनीहरूका भनाइ र गराइबाट प्रष्ट हुन्छ । दशवर्षे जनयुद्धको कालखण्डमा सहर र सदरमुकाममा सीमित हुन पुगेको सिंहदरबारको शासनलाई गाउँ गाउँमा पुऱ्याएकोमा माकेजनहरू हर्षोल्लासमा छन् । भएभरको शक्ति लगाएर उनीहरूले त्यसैको प्रचार गरिरहेका छन् । त्यसमाथि विगतका सबै राष्ट्रघाती शासकहरूलाई उछिन्दै आफू प्रधानमन्त्री भएको बेला भारतीय शासकवर्गसँग गरेको २५ बुँदे राष्ट्रघाती सम्झौताले प्रचण्ड र उनको पार्टीलाई 'लम्पसारवादी'को रूपमा बद्नामित रूपमा सर्वत्र स्थापित गरायो तर त्यति हुँदा पनि उनीहरूमा त्यसको कुनै महसुस पाइन्न । बरु उनीहरूलाई पश्चाताप त दशवर्षे जनयुद्ध गर्नुपरेकोमा हुन थालेको जस्तो देखिन्छ ।

दशवर्षे जनयुद्धको कालखण्डमा प्रतिक्रियावादी करार गरेर वर्गदुश्मन मानेको कांग्रेससँग सत्तास्वार्थका लागि गरेको गठबन्धनदेखि चुनावी तालमेलसम्म आइपुग्दा त आम जनताले कांग्रेस र माकेमै फरक देख्न छाडिसकेको अवस्था छ । अहिले कांग्रेस, एमाले र माकेहरूले भट्याउने नारा प्रायः एउटै छ- यही व्यवस्था, सत्ता र संविधानको सदृढीकरण, कार्यान्वयन । नयाँ बोटलमा पुरानै रक्सीको व्यापारमा उद्दत यी पार्टीहरूले जनतामा छरेको भ्रमको पर्दाफास हुन अब समय लाग्ने छैन । अब माओवादी केन्द्रलाई हेर्ने आम श्रमजीवि जनताको नजर पनि कांग्रेस, एमाले भन्दा फरक हुने छैन, इतिहासको ब्याज खाएर लामो समयसम्म उसले जनतामा विभ्रम खडा गर्न सक्ने छैन । माओवादी केन्द्र परिवर्तनकारी शक्ति होइन बरु परिवर्तनको प्रक्रियालाई बिचैमा अबरुद्ध पार्ने शक्तिको रूपमा अर्थात् प्रतिक्रियावादी शक्तिको रूपमा अगाडि आएको छ । यो देशका करोडौं मुक्तिकामी जनसमुदायले यसको महसुस गर्न थालिसकेका छन् ।

वर्गीय र राष्ट्रिय मुद्दाहरू सडकमै मिल्क्याएर आत्मसमर्पण गर्न पुगेका प्रचण्ड र उनी नेतृत्वको पार्टीले कथित 'प्रचण्डपथ'को बहस झिकेर जनतामा र जनयुद्ध लडेर आएका नेता कार्यकर्तामा अर्को विभ्रम पैदा गर्न खोजेको छ । जनयुद्ध र जनयुद्धले बोकेका एजेण्डाहरूमाथि गद्दारी गर्न पुगेका माकेभित्रका प्रचण्ड हुनमानहरूले प्रचण्डपथको बहस झिकेर बद्नाम नेतृत्वको देवत्वकरण मात्र गर्न थालेका छैनन्, त्यो पार्टीभित्र जनयुद्ध लडेर आएका नेता कार्यकर्तामा बढ्दो नेतृत्वप्रतिको असन्तुष्टी, अविश्वास, पलायन र विद्रोहलाई रोक्ने अस्त्रको रूपमा प्रयोग गर्न खोजेका छन् । तर जे जस्तो नौटंकी गरेपनि माओवादी केन्द्रभित्र भएका इमान्दार, क्रान्तिकारी र देशभक्तहरू अब त्यो पार्टीमा रहने छैनन् ।

मुलुक अहिले पनि नयाँ जनवादी क्रान्तिको चरणमा छ। समाजको चरित्र अहिले पनि अर्धसामन्ती तथा अर्ध/नव औपनिवेशिक रहेको छ । सामन्तवाद र साम्राज्यवादविरोधी आन्दोलन अर्थात् मुख्यतः राष्ट्रिय मुक्ति आन्दोलन अबको क्रान्तिको मूल चरित्र बन्दै गएको छ । मालेमावादको वैचारिक आलोकमा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशाबाट नै नयाँ जनवादी क्रान्तिले पूर्णता पाउने देखिन्छ । यो महान मुक्तिकामी अभियानका प्रमुख अबरोधकका रूपमा अब माओवादी केन्द्र र प्रचण्डहरू नै अगाडि आउने देखिन्छ । यसर्थ, नयाँ जनवादी क्रान्तिका पक्षधर क्रान्तिकारी शक्तिले माके र प्रचण्डहरूलाई 'प्रतिक्रियावाद' करार गरेर वर्गदुश्मनको कित्तामा राखेर अगाडि बढ्न जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# अब सिंहदरवारका ब्वाँसाहरू गाउँ गाउँमा



● ईश्वरचन्द्र ज्ञवाली ●

नेपाली राजनीतिमा प्रतिक्रान्तिकाल शुरु भएको छ । सबै संसदवादी शक्तिहरू आज पश्चगामी दिशातर्फ प्रवृत्त भएका छन् । उनीहरूलाई जनताको पीडासँग कुनै मतलब छैन । सिंहदरवार मुर्दाहरूले चलाइरहेका छन् । जसमा न कुनै सम्वेदना छ न कुनै उर्जा । देश दिनप्रतिदिन खाल्डोतिर खसिरहेछ, एउटा युगनी अँध्यारो खाल्डो । जहाँ खसेपछि उज्यालो भने देख्न नपाइने हुन्छ । भ्रष्टाचारै भ्रष्टाचारको दलदलमा फँसेको छ देश । बेथिति नै बेथितिले चलिरहेको छ । जतातत्तै विसंगति र विकृति मात्रै छन् । देश दलाल र नोकरशाहहरूको हातमा छ । सबै उत्पादनमूलक काम बन्द भएका छन् । एक समयमा २ दर्जन वस्तुमा आत्मनिर्भर देश अहिले ती सबै कारखना बेचबिखन र बन्द गरिएका छन् । खुला प्रतिस्पर्धामा बजार व्यवस्थाका नाममा नवउदारवादले देशलाई खोक्रो र जर्जर बनायो, संसारको सबभन्दा गरीब र अस्तब्यस्त मुलुकमा परिणत गरिदियो । देशको सारा उद्योग धन्दाहरू नामेट पाऱ्यो, बेरोजगार र गरिबी मात्र पैदा गऱ्यो । फेरि पनि त्यही नवउदारवादको पूजा, भजन गर्दै अघि बढ्दै छन् संसद्वादी पार्टीहरू । उपभोक्तावादले लुटतन्त्र शुरु भएको छ - जसरी पनि लुट, जसरी पनि मोजमज्जा र सम्पत्ति हातपात, नैतिक-अनैतिक, संगति-असंगति, इमान-जमानको विवेक आवश्यक छैन भन्ने संस्कार र प्रवृत्ति राजनीतिमा नवउदारवादको देन हो । जसले राजनीतिलाई अनुत्तरदायी, असम्बेदनशील, अविवेकी र अनैतिक बनाएको छ । राजनीति एउटा पेशा, व्यवसाय, व्यापारमा परिणत गरिदिएको कुरा हालको स्थानीय चुनावले पुष्टि गरेको छ । जसले बढी लगानी गऱ्यो, खर्च गऱ्यो, पैसा बाँड्यो, भातभान्सा गरायो, प्रचार प्रसार गऱ्यो, उसैले जित्यो । त्यो ब्यापार-व्यवसायमा लगानी जस्तै हो । जितिसकेपछि त्यसको हजार गुणा बढी असुल, उपर गर्ने, नाफा आर्जन गर्ने र औलादौला हुने, त्यो एउटा ब्यापारमा लगानी नै हो । त्यसका एकाध उदाहरण मात्र चर्चामा आए- एउटा महानगरको मेयरले ४० लाखका मोवाइल सित्तैमा बाँड्ने काम, अर्को आफ्नो बाटो नभएको जग्गामा सार्वजनिक जग्गा ओगटेर/हड्पेर बाटो खुलाउने काम, अर्को गाउँ/नगरपालिकाहरूमा आफन्त, नातागोता भर्ने काम, अर्को कर बढाएर जनता चुस्ने काम आदि । एकातर्फ 'पपुलर डिसिजन' जस्तो सामाजिक सुरक्षा भत्ता बढाएर प्रभाव पार्ने, बजेटलाई कनिका झैं छर्ने र कार्यकर्तालाई चराउने, वितरणमुखी कार्यक्रम मात्र बनाएर दीर्घकालीन विकास र प्रगतिलाई धराशायी गर्ने, राष्ट्रिय योजना र ठूला कार्यक्रमलाई चिहानमा पुर्ने जस्ता काम/निर्णय गरिएको छ र देशलाई सँधै परजीवी, पराश्रित र परनिर्भर बनाउने योजना बुनिएको छ भने अर्कोतर्फ तात्कालिक भोटको राजनीतिक फाइदा लिने योजना- जो आवश्यक/अनावश्यक जेसुकै होऊन बनाउने र आफ्नो र दलको मात्र स्वार्थपूर्ति गर्ने काम भइरहेको छ । यसले देशलाई दुरगामी असर पार्छ र देश सँधै यस्तै पिछडिएको पिछडिएकै रहन्छ । यो जस्तो देशघाती र राष्ट्रद्रोही काम केही होइन । परिणामहरू, देशले भोगरिहेछ- देशका अधिकांश युवा विदेश पलायन भएका छन् । दक्ष, योग्य, क्षमतावान प्रतिभासम्पन्न सबै नागरिक विदेशमा बसाँइ सर्दै गएका छन् र 'ब्रेन ड्रेन'को विकराल समस्या पैदा हुँदै गएको छ । नयाँ पुस्तालाई यो देशमाथि कुनै भरोसा छैन, विश्वास छैन । हुन पनि प्रतिभावान नै अवसरबाट बञ्चित गरिएको छ । दक्ष र योग्यहरूको कुनै कदर छैन । देशमा प्रतिभाशाली, योग्य विशेषज्ञ, दक्ष र सामर्थ्यवानहरूले स्थान नपाएपछि ती 'ब्रेन'हरू खाली हुन्छन् र विदेशतिर भासिन्छन् । त्यस्तै भइरहेको छ । 'लाटा-गाँडा'ले देश चलाएर कसरी चल्छ ? मुर्दाहरूले देश हाँकेर कसरी हाँकिन्छ ? कुनै दूरदर्शी दृष्टिकोण काम र दूरगामी सोचै नभएकाहरूको हातमा देशलाई सुम्पेर देश अगाडि बढ्न सक्दैन पनि । भनिएको थियो- 'संविधानले सबै समस्या हल गर्नेछ' त्यो भएन । लागू गर्ने हो भने समस्या हल हुन्छ, त्यो पनि हुन सक्दैन, किनभने यो संविधान प्रतिक्रियावादी दलाल र नोकरशाह, सम्भ्रान्त र ठूलाठालुको हित र स्वार्थका लागि बनेको संविधान हो । यसले गरीब, मजदुर, किसान, उत्पीडित, उपेक्षितको लागि कुनै काम गर्दैन र गर्ने छैन । यो साम्राज्यवादी स्वार्थमा दलालहरूले बनाएको संविधान भएको यसले राष्ट्रियता र स्वाभिमान बचाउन पनि सक्दैन र अन्ततः देशको राजनीति, अर्थतन्त्र, संस्कृति, सामाजिक मूल्यलाई दलाल र देशद्रोहीहरू मार्फत् विस्तावाद, साम्राज्यवाद र दलाल पुँजीपतिहरूलाई सुम्पिने छ । देशको सार्वभौमसत्तालाई बन्धक बनाउनेछ र देशका सबै प्राकृतिक, भौतिक, आर्थिक पुँजीलाई उनीहरूकै पोल्टामा सुम्पिनेछ । देश दलालहरूले चलाएका छन् र चलाइरहेका छन् । यसै कारणले अबको राजनीतिले यो देशको हित र स्वार्थ रक्षा गर्न सक्दैन । सक्ने छैन । देशी विदेशी शक्तिको मार्फत् चलिरहेको छ र चलिरहने छ । यसै कारण जस्तो अवस्था वर्तमानमा छ । भोलि पनि यस्तै रहने छ । अहिले एउटा कपटी र छली ढ्वाङ्ग फुकिएको छ - 'सिंहदरवारको अधिकार गाउँ-गाउँमा' । तर यही विधि देश र जनताको लागि अभिशापसिद्ध हुनेछ । सिंहदरवारको भ्रष्टाचार, कुकृत्य र दलालीकरणको पनि गाउँगाउँमा ब्याप्त हुनेछ । सिंहदरवारका मुर्दाहरू पनि गाउँगाउँमा पुग्नेछन् । यहाँका दलाल, देशद्रोही, राष्ट्रघाती पनि तलसम्म पुग्ने छन् । सीमित सिंहदरवारको लुट ७ प्रदेश र ७४४ ग्राम/नगरपालिकासम्म 'भाइरस' झैं फैलिन्छ । लूटका लागि चुनावमा गरिएको लगानी फिर्ता लिने प्रतिस्पर्धा चल्नेछ । कनिका छरे झैं गाउँगाउँमा बजेट छरेर 'पपुलर' हुने दौड चल्नेछ । अनि देश दूरगामी उत्पादनका, आत्मनिर्भरका, स्वाबलम्बन र राष्ट्रिय पूँजीका लागि नरकजस्तो बन्ने छ । युवा विदेश गइरहने छ । प्रतिभाको पलायन भइरहने छ । लुला लँगडा, अन्धा, लाटाहरूले नै देशमा राज गर्ने छन् । अर्थात्- देश असक्षम र मुर्दाहरूकै हातमा रहने छ- जस्ताको तस्तै । यसले देशको सार्वभौमिकता कमजोर र विस्तारवादको बन्धक बढी हुनेछ । अहिले नै देशमा कुनै उत्पादनमुखी काम र योजना छैनन् । खेती गर्ने जमिन बाँझिदै गएको छ र ३ महिनामा अरबौं अरबको खाद्यान्न भित्रिएको छ । निर्यात शून्यतर्फ र आयात चुलीतर्फ बढेको छ । यसवर्ष मात्रै ८ खर्बको व्यापार घाटा भएको छ । जुन सिंगो राष्ट्रिय बजेटको ७५ प्रतिशत हो । एउटा पनि रोजगारीमा बृद्धि छैन । बजार सबै दलालले कब्जा गरेका छन् । अर्थ-राजनीतिमा तिनकै पकड कायम छ । शुरु भएका निर्माण र विकासका काम अलपत्र छन् । एउटा पुल बन्न १२ वर्ष ...बाँकी ७ पेजमा

झर्रोटर्रो — कैलुब्राह

# प्यारीडाँडाको रोदन

चुनावी समीक्षा गर्न भन्दै नेपाल कमाउ पार्टी (मारवाडीकेन्द्र) को बैठक प्यारीडाँडामा चल्यो । जिल्लाका मुखियाहरू सम्मिलित पार्टीको सचिवालय बैठक चलेको जानकारी झर्रोटर्रो कार्यालयमा खुत्रुक्क आइपुग्यो । जानकारीसँगै बैठकमा ककस्ले केके भने भन्ने कुराको सूचना पनि विशेष सुलसुले मार्फत् प्राप्त भयो । रिपोर्ट दिने प्रदेशका मुखियाहरू सबैले एकै स्वरमा रोइकराई गरेर हजारीलाल कमिटी भङ्ग गर्न नेतृत्वलाई अनुनय विनय गरे । उनीहरूले हजारीलाल कमिटीका कारण धेरै गुट भएको र आफूहरूले निर्देशन गर्न नसकेकाले चुनाव हारेको भने । उनीहरूले आफ्नो जस्तै मालेको पनि हँसिया र तारा चुनाउ चिन्ह भएकाले पनि आफूहरूलाई आउने भोट उता गएकोले हारिएको बताए ।

मिस्टर सुप्रिमोले बैठकको सुभारम्भ नै आफ्नो रोदनबाट गरे । उनले भने : 'मने जनयुद्धका दस वर्षमा मैले धेरै हण्डर खाएँ । कैले लिनप्याओवादीबाट, कैले भारतपरस्तबाट, कैले आलोक प्रवृत्तिबाट, कैले ज्यादब प्रवृत्तिबाट, कैले थापा र श्रेष्ठ प्रवृत्तिबाट । (निकै भावुक हुँदै) मने केके हो केके । हामीले माउवादी मान्यता स्थापित पनि गऱ्यौं, विस्थपित पनि गऱ्यौं । मान्छेले माउवादीले ध्वस्त मात्रै गर्छ भन्थे हामीले अहिलेसम्म आउँदा बरू आफैँलाई ध्वस्त पाऱ्यौं तर संसदवादलाई बलियो बनायौं । मान्छेलाई यो सुप्रिमो भन्ने जन्तु नै छैन भन्ने पऱ्या थ्यो मने मैले दुईफेर पर्धानमन्त्री पट्काएर देखाइदिएँ । अझै आर्को पटक पनि आउँचु है स्वागत गर्न ठिक्क पर्नु भनेर मने छोड्या छु । चारतारे र सूर्यछापले गर्न नसक्या काम मैले गरेर देखाइद्या छु । मने उनीहरूले संसदवादलाई बचाउन नसकेर दरबारलाई बुझाइद्याथे, मैले संविधान बनाएर बलियो बनाइद्या छु । काम हाम्ले गर्ने, एजेण्डा हाम्रो हुने चुनाउ अर्काले जित्ने के भयो यस्तो ? (हुँहुँहुँ...फ्अ... सौंक्क सुँक्क) मने हाम्रो पार्टीमा धेरै गुट भएर चुनाउ हारियो, अब मेरो मात्रै गुट हुन पर्च । अब पार्टी सार्टी भङ्ग गर्न मन लाग्या छ । मार्क्स एङ्गेल्सले पनि यस्तै भन्याथे । सबैका गुट भत्काएर मेरो मात्रै सानो गुट बनाएपछि पार्टी बन्च । पैसावाल र एनजिओ हामीसित छैनन् । ज्यान पाल्न रोइकराई गर्नेहरू पार्टीमा धेरै भए । मने तिनीहरू किन बस्ने अन्तै हिंडे हुन्च ।'

त्यसपछि प्रदेशका मुखियाहरूको बोल्ने पालो आयो ।

मुखिया नं. १ : चार हजारे सिसि बनाएर माउवादी पाताल भासियो । भोटदिने जमिनमा कोइ भएनन् । (हुँहुँहुँहुँ...) हामी मुखियाहरू मात्रै राखेर पार्टी सानो पार्न पर्च । मालेले हाम्रा भोट चोऱ्यो । (हुँहुँहुँ...) सूर्यछापले एनजिओ लगाएर दपेट्यो हाम्लाई । हामीसित पैसै भएन । तालमेल गरेकाले धोका दिए । (हुँहुँहुँ.. सुँक्क सोऱ्याक्क)

मुखिया नं. २ : मण्डले राष्ट्रवादले पाहाडमा भोट आएन । मधेशमा सुप्रिमोको हाइहाइ छ । तपाइँ बनाउन र भत्काउन सिपालु हुनुहुन्च । जनयुद्ध गर्दा भाग्ने साथी ऐले यहीँ छन् । सुप्रिमो तपाइँले गुटको संरक्षण गर्नुहुन्च । पार्टी भङ्ग गर्ने अधिकार छैन ।

मुखिया नं ३ : हाम्रो भोट मालेले चाइँ चोऱ्यो । त्यसलाई चोरी मुद्दा हाल्न चाइँ पर्च । ०७० को चुनाउमा काङ्ग्रेसको पैसा खाएर बहिष्कार चाइँ गऱ्यौं । ऐले भोट माग्दा चाइँ दिएनन् । तालमेल गरेको चारतारेले भोट हाम्लाई चाइँ हालेन । त्यसैले चाइँ हारियो ।

मुखिया नं ४ : चुनाउमा तालमेल गर्नु भनेर भनेको राम्रो भएन चिँ । विदेशीले नक्कली कम्निस्ट भनेर भनेको एमालेलाई बनाए, हाम्लाई बनाएनन् चिँ । अरूले धाँधली गरे हाम्ले गर्न पाएनम् । मालेको चुनाउ चिन्हले भनेर भनेको दुःख दियो चिँ । हजारीलाल बिघटन गर्नु पर्छ भनेर भनेको चिँ । चुनाउ महङ्गो भयो । यस्तो हो भने हाम्ले चुनाउ कल्यै जित्दैनम् भनेर भनेको । हाम्ले युरोपियन दातामाता गुहार्न पर्च भनेर भनेको चिँ ।

मुखिया नं ५ : चुनाउमा पैसाको खोलाले हाम्रा भोट जति बगायो । अरू पार्टीले जस्तै हाम्ले अधिकृत किन्न सकिनम् ।

मुखिया नं. ६ : पार्टी हात्ती जत्रो भयो, मुसा जत्रो बनाउन पर्च । जतातत्तै दुलो पारेर पस्छ । पार्टी फुटेकाले हाऱ्यौं अरू कारण हैन ।

मुखिया नं. ७ : चुनाउ पछि सारेर हारियो । अघि गरेको भए एकलौटी जित्थ्यौँ । पार्टी फुछेर पनि हारेको हो । रावलले आफूलाई सरकार प्रमुख भने हाम्ले पनि मलाई तोक्न पर्थ्यो । सरकारी कारिन्दाहरूले पनि हाम्लाई धोका दिए । सङ्गठन सानो बनाएनौं भने यस्तो तालले चुनाउ कल्यै जितिन्न ।

प्रदेशका मुखियाहरूले बोलिसकेपछि अरू दोम्रो तहका लाउकेहरूको बोल्ने पालो आयो । जनयुद्धबाट आएकाले पार्टी एकता गर्दा छोडेको विचार मिस्टर सुप्रिमोपथ ब्युँताउनु पर्ने जोडदार माग गरे । सुप्रिमोपथ छोडेकाले चुनाउ पनि हारेको, पार्टी लथालिङ्ग भएको, जनयुद्ध नलडेकाहरूले हालिमुहाली गरेर सुप्रिमोलाई घेराबन्दी गरेको, सरकारको तर चाटेको र आफूहरूलाई जिल्लाराम पारेको गुनासो गर्दै रुवावासी गरे । अब सुप्रिमोपथ ब्युँताएर सबैलाई तह लाउन पर्च भने । प्युठानी थापाकाजीले भने 'पार्टीमा गुटको पनि गुट छ । तर मेरो गुट हुन पाएन । मसित एकतामा आएको एउटो विश्वासे थ्यो त्यसले पनि अविश्वास गरेर हिँड्यो, ऐले मसित एकजना पनि छैन । अरू पनि एक्लाएक्लै हुन पर्च । म त झन् सुप्रिमोपथको गीतै लेख्या मान्छु हुँ । मलाई सुप्रिमोले अलि बेवास्ता गरेको बुझ्या छु ।'

गोरखाली काजीसापले त कडा आपत्ती जनाउँदै प्रतिवाद गरे । उनले भने 'यो पार्टीमा जनयुद्ध गरेको भनेर फूर्ती लाउने, धाकधक्कु लगाएर हाम्लाई हेप्ने गरिन्छ । हाम्लाई पछिबाट भाग खान आएका भनिन्छ । सुप्रिमाको अचाक्ली चाकडी गर्ने चलन छ । यो राम्रो भएन । मार्क्स एङ्गेल्सले के बन्दुक बोक्याथे र ? बन्दुक बोक्ने मात्रै क्रान्तिकारी हुने अरू नहुने काँ हुन्च ? बन्दुक बोक्ने माउवादी भए हामी त झन् मार्क्स एङ्गेल्सवादी हौं । माउ ठूलो कि मार्क्स एङ्गेल्स ठूलो ?' यति भनेपछि जनयुद्धवाला बुरुक्क उफ्रे ।

जनयुद्धवाला : हो त नि तिमीहरू पछिबाट भाग खान आएकै हो । जनयुद्ध गर्नेबेला पैल्यै भाग्या हैन ?

काजीसाप : हाम्ले जनआन्दोलन गऱ्या हैन ? तिमेरु मात्रै हो क्रान्तिकारी ?

जनयुद्धवाला : यीइइ हो । तिमरु ०६४को चुनाउमा समेत हामीसित एकता गर्न डराका हैनौ ? हाम्ले चुनाउ जितेर सरकार बनाएसि बल्ल एकता गऱ्या हैन । अनि भाग खान नआएर के हो त्यो ?

काजीसाप : तिमरु पनि जनुयद्ध छाडेर हाम्रो बाटोमा आको हैन ?

जनयुद्धवाला : टेबुल ठोक्यो धड्याम्म । साँच्चै खोज्या हो ?

काजी : तिमरुले के खोज्या हो ? सुप्रिमो तिम्रो मात्रै हो ? धड्यम्म ।

धड्याम्म । धुडुम्म । धड्याम्म । धुडुम्म । ड्याङ्गऱ्याङङ ।

अन्त्यमा थकालीले भने यहाँ सबै घुस खान भ्रष्टचार गर्न दोहोऱ्याइ तेहेऱ्याई मन्त्री खान खोज्या छन् । यिनरुको नियत ठिक छैन । त्यसपछि उपर्धानमन्त्री, नयाँशक्तिका चेला, प्युठानी लिला आदि इत्यादिले आआफ्ना गुनासाका पोका खोलेर छताछुल्ल पारे । त्यसपछि राष्ट्रिय समाजवादी नेता र सुप्रिमोले थामथुम र मसारमुसुर पारेर बैठक सके ।

*७ साउन २०७४*

kailubraha73@gmail.com

# कमरेड पुष्पलाल र नयाँ जनवाद



मोहन वैद्य 'किरण'

**पृष्ठभूमि**

कमरेड पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता हुनुहुन्छ । वहाँको नेतृत्वमा २००६ साल अर्थात् २२ अप्रिल १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको थियो । कमरेड पुष्पलालद्वारा २००५ सालमा अनूदित तथा २००६ साल अथात् सन् १९९४ सेप्टेम्बरमा प्रकाशित अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका महान् नेता मार्क्स तथा एङ्गेल्सद्वारा रचिएको विश्वप्रशिद्ध कम्युनिस्ट घोषणापत्र, सोही समयमा प्रकाशित नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र र उक्त २२ अप्रिल अथात् २००६ वैशाख १० मा प्रकाशित नेपाल कम्युनिस्ट पार्टीको पहिलो पर्चा प्रकाशमा आए । नेपालमा कम्युनिस्ट पार्टी स्थापना हुनु नेपालको इतिहासमा एक युगान्तकारी परिघटना हो । पार्टीको स्थापना कालमा प्रकाशित यी रचनाहरूमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, नेपाल कम्युनिस्ट पार्टी तथा जनवादी क्रान्तिका ऐतिहासिक, सैद्धान्तिक तथा राजनीतिक आधारहरूलाई फेला पार्न सकिन्छ । यसप्रकारका रचनाहरूको विशेष ऐतिहासिक महत्व छ ।

नेपाल कम्युनिस्ट आन्दोलनका एक अग्रज नेता कमरेड पुष्पलालको समग्र मूल्याङ्कन, वहाँद्वारा पार्टीमा प्रस्तुत तथा पारित गरिएका प्रस्तावहरू र वहाँका सबै रचनाहरूको समग्र अध्ययन गर्नुपर्ने आवश्यकता छ । यो काम यस छोटो लेखमा संभव छैन । यहाँ नयाँ जनवादी सम्बन्धी विषयमा संकेन्द्रित रही कमरेड पुष्पलाल श्रेष्ठका योगदानहरूबारे केही कुरा उल्लेख गर्ने प्रयास गरिएको छ ।

**पार्टीको पहिलो घोषणापत्र**

नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्रमा देश सामन्तवादी व्यवस्थाको उत्पीडनमा पिल्सिदै आएको र अर्द्धऔपनिवेशिक अवस्थामा रहेको कुरा उल्लेख गर्दै त्यसप्रकारको स्थितिबाट मुक्तिको निम्ति संघर्ष गर्नुपर्नेमा जोड दिएको छ । नेपाली क्रान्तिको बाटोका बारेमा घोषणा-पत्रमा भनिएको छ- "नेपाली जनताले एउटा भिन्नै बाटो लिनुपर्छ, त्यो बाटो हो-विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी- पुँजीवादी आधिपत्यलाई पूरैसित खतम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु ।" (पुष्पलाल छानिएका रचनाहरू, भाग-१, पृ. ५९, मदन- आश्रित स्मृति प्रतिष्ठान नेपाल २०५३ जेठ) । यहाँ नेलाली क्रान्तिको बाटो र मजदुर वर्गको नेतृत्वमा राज्यसत्ता स्थापनाको प्रश्नबारे स्पष्ट उल्लेख गरिएको छ ।

सोही घोषणा-पत्रमा नेपाल कम्युनिस्टको दायित्व, पथप्रदर्शक सिद्धान्त र कार्यक्रमबारे चर्चा गर्दै भनिएको छ- "नेपाल कम्युनिस्ट पार्टी, मार्क्सवाद- लेनिनवादको मार्गदर्शनमा अघि बढेको पार्टीले क्रान्तिको आँधिबेहरीमा जनताको साथ दिने छ र यसले हे प्रतिज्ञा गर्छ भने सच्चा स्वतन्त्रता तथा लोकजनवादका लागि संघर्षको अघिल्लो पंक्तिमा सदा अडिग भै लडिरहने छ ।" (उक्त पृ.६६) । यहाँ मार्क्सवाद-लेनिनवादलाई पार्टीको पथप्रदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्दै लोकजनवादका लागि संघर्षको अघिल्लो पंक्तिमा अडिग भई लड्ने क्रान्तिको आँधिबेहरीमा जनताको साथमा रहने प्रतिज्ञा समेत गरिएको छ । सो घोषणा-पत्रमा नेपाली जनवादी क्रान्तिको कार्यक्रमका विविध पक्ष र कम्युनिस्ट पार्टी, जनवादी सेना तथा जनवादी क्रान्तिका तीन महत्वपूर्ण साधनहरूको आवश्यकताबारे चर्चा गरिएको छ ।

**नयाँ जनवाद र विधानसभा**

२००८ सालमा नेपाल कम्युनिस्ट पार्टीको प्रथम ऐतिहासिक सम्मेलन सम्पन्न भएको थियो । सो सम्मेलनमा कमरेड पुष्पलालद्वारा नेपाल कम्युनिस्ट पार्टीको कार्यक्रम तथा नीति सम्बन्धी राजनीतिक प्रस्ताव प्रस्तुत गरिएको र पारित भएको थियो । सो प्रस्तावमा भनिएको छ- "मुलुकमा सर्वोच्च अधिकार जनताको हातमा हुनुपर्दछ । यसै अधिकारको आधारमा शासनव्यवस्था खडा हुनुपर्दछ । शासन व्यवस्थामा साम्राज्यवाद-सामन्तवाद विरोधी सम्पूर्ण जनता- मजदुर, किसान र जातीय पुँजीपति सामेल छन् । यसको रूप नयाँ जनवादी हुन्छ । शासन गर्ने तरिका जनताको जनवादी अधिनायकत्व हुन्छ । जनताका निम्ति जनवाद र साम्राज्यवाद र तिनका दलालहरूका निम्ति अधिनायकवाद हाम्रो सरकारको नीति हुन्छ ।" (पुष्पलालका छानिएका रचनाहरू, पृ. ९, पुष्पलाल स्मृति प्रतिष्ठान २०५५ श्रावण) । यहाँ नयाँ जनवादी क्रान्तिको कार्यक्रम र नीतिबारे प्रकाश पारिएको छ । संभवतः नयाँ जनवादबारे उल्लेख भएको यो पहिलो पटक हो । यहाँ उल्लेखित "जातीय पुँजीपति" अर्न्तगत जातीय भनेको राष्ट्रिय हो ।

साथै, यस प्रस्तावमा विधानसभा र म्यादी सरकार अर्थात् संविधानसभा र अन्तरिम सरकारबारे पनि उल्लेख गरिएको छ । यहाँ संविधानसभाका लागि मोहन शमशेर गुटलाई सरकारबाट हटाउने, जनताको राजनीतिक छलफल समितिको सिफारिस बमोजिम तमाम जनवादी पार्टी, दल, जनता र जनवर्गीय संगठन र व्यक्तिहरू सम्मिलित संयुक्त सरकार खडा गर्ने र सो सरकारले राष्ट्रियता, जनतन्त्र तथा जनजीविका कतिपय महत्वपूर्ण विषयसँग सम्बन्धित चौध बुँदे मागहरू प्रस्तुत गर्दै ती मागहरू पुरा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । प्रस्तावमा भनिएको छ- "माथि तोकिएका शर्तहरू पूरा नगरी स्वतन्त्र जनमत जाहेर गर्ने विधानसभापछि खडा हुने नयाँ जनवादी सरकारले तोकिए बमोजिमको कार्यक्रम पूरा गर्नु पर्दछ" -भाग-४, पृ.८) । कम्युनिस्ट पार्टीको कार्यक्रम र नीतिसम्बन्धी प्रस्तावमा उल्लेखित संविधानसभा सम्बन्धी विचार र दृष्टिकोण अहिलेको सन्दर्भमा पनि विशेष मार्गदर्शक रहेका छन् ।

**तेस्रो महाधिवेशन र मूल बाटो**

पार्टीको पहिलो र दोस्रो महाधिवेशनमा नयाँ जनवादकै कार्यक्रम पारित भएको पाइन्छ । परन्तु, तेस्रो महाधिवेशनमा नयाँ जनवाद होइन राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित भएको छ । क. पुष्पलालका अनुसार तेस्रो महाधिवेशनमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम तथा सर्वसत्ता सम्पन्न सार्वभौम संसदको कार्यनीति बहुमतद्वारा पारित भएको हो त्यसमा वहाँको असहमति रहेको छ । क. पुष्पलाल भन्नुहुन्छ- "पार्टीको महाधिवेशनमा हाम्रो कडा प्रतिरोधका बावजुद प्रजातन्त्र नामक संशोधनवादी कार्यक्रम पास भएको हो ।" (पुष्पलाल छानिएका रचना, भाग-३ पृ.२०३, पुष्पलाल स्मृति प्रतिष्ठान काठमाडौं) ।

तेस्रो महाधिवेशन पश्चात् पार्टीमा दुईलाईन संघर्ष तीव्र बन्दै गयो । त्यस स्थितिमा आफ्नो "मूल बाटो" शीर्षक प्रस्तावमा क. पुष्पलाल भन्नुहुन्छ- "संसदीय प्रजातान्त्रिक व्यवस्था भन्ने बित्तिकै पुँजीवादी प्रजातन्त्र भन्नु एक गलत समझदारी हो, संसदीय प्रजातन्त्र पुँजीवादी प्रजातन्त्र अथवा राष्ट्रिय प्रजातन्त्र अथवा जनवादी प्रजातन्त्र दुवै हुन सक्छ । निश्चय पनि ठाउँ-ठाउँमा आफ्नो आर्थिक स्थितिले गर्दा देशको पुँजीपति वर्गले संसदमाथि कब्जा गरी यसलाई आफ्नो स्वार्थ साधन गर्ने यन्त्र बनाउन समर्थ भएको छ । यस्तो प्रजातन्त्रको चरित्र पुँजीवादी जनतन्त्र नै हुन्छ, तर यदि कम्युनिस्ट पार्टीको नेतृत्वमा जनतालाई व्यापक रूपमा संगठित गरी संसदमा तमाम क्रान्तिकारी वर्गहरूको बहुमत हुन्छ भने, जनताको क्रान्तिकारी तागतलाई आधार बनाएर यसै संसदलाई पुँजीपतिवर्गको स्वार्थ साधन गर्ने यन्त्र बन्न दिनुको सट्टा तमाम जनताको स्वार्थ साधन गर्ने यन्त्रमा परिणत गर्न सकिन्छ र त्यसबेला संसदको वर्गस्वरूप पुँजीवादी वर्गस्वरूप नभई जनताको स्वार्थको प्रतिनिधित्व गर्ने जनवादी वर्गस्वरूप हुनेछ ।" (पुष्पलाल छानिएका रचनाहरू भाग-२, पृ ५५/५६) । साथै राष्ट्रिय प्रजातन्त्र र जनताको जनवाद वा नयाँ जनवादका बीचको अन्तरबारे पनि वहाँ अस्पष्ट देखिनुहुन्छ । सारतः वहाँका यी विचारहरू संसदवाद तथा शान्तिपूर्ण संक्रमणको सिद्धान्तद्वारा प्रभावित देखिन्छ । यहाँ केवल संसदमा मात्र जोड दिइएको छ र राज्यसत्ताको वर्गीय स्वरूपमाथि आवश्यक ध्यान दिएको छैन । यसलाई पुष्पलालमा विधमान गंभीर प्रकृतिको गल्ती तथा कमजोरीको रूपमा ग्रहण गर्नुपर्दछ ।

**नयाँ जनवादी कार्यक्रमको पाण्डुलिपि**

कमरेड पुष्पलालद्वारा लिखित नयाँ जनवादसम्बन्धी प्रस्तावको पाण्डुलिपि फुलस्केप साइजको ठूलो कापीमा १३३ पृष्ठको रहेको छ । यसको अन्त्यमा १०-९-१९६६ गोरखपुर लेखिएको छ । यहाँ विभिन्न ठाउँहरूको केरकार पनि गरिएको छ । त्यति लामो समयदेखि यो पाण्डुलिपि सुरक्षित राखिएकोमा निकै खुशी लागेको छ ।



अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा आधुनिक संशोधनवादको बिगबिगी भएको र रूसी कम्युनिष्ट पार्टीमा ख्रुश्चोभले कब्जा जमाएको अवस्थामा नेपालमा पनि त्यसको प्रभाव परेको थियो । तेस्रो महाधिवेशनमा पारित राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम र सर्वसत्ता सम्पन्न सार्वभौम संसदको कार्यनीति त्यसै आधुनिक संशोधनवादको प्रभावको परिणाम थियो । त्यस स्थितिमा राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको विरोधमा विचारधारात्मक संघर्ष चलाउँदै नयाँ जनवादी कार्यक्रमलाई अंगीकार गर्ने एक महत्वपूर्ण ऐतिहासिक कार्यक्रम कमरेड पुष्पलालको निकै ठूलो योगदान रहेको छ । यसलाई हामीले गम्भीरतापूर्वक आत्मसात गर्न जरुरी छ ।

कमरेड पुष्पलालद्वारा तयार पारिएको यो कार्यक्रम अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका महान नेता माओ त्से तुङ्गको "नयाँ जनवादबारे" शिर्षक लेखमा आधारित छ । क.पुष्पलालले माओको नयाँ जनवादको सिद्धान्तलाई राम्रोसँग आत्मसात गरी त्यसलाई नेपाली सन्दर्भसित जोड्दै नेपाली विशेषता अनुरूप ढालेर प्रस्तुत गर्नुभएको छ ।

सो पाण्डुलिपिमा कमरेड पुष्पलाल भन्नुहुन्छ- "आजको हाम्रो क्रान्तिको राष्ट्रिय युग हो भन्ने कुरामाथि भैसकेको छ । मजदुर वर्गको नेतृत्वमा मजदुर किसान एकताको आधारमा सामन्ती व्यवस्था साम्राज्यवादी तथा विदेशी पुँजीवादीहरूको प्रभुत्वको विरोधमा समस्त तत्वहरूको एक जनवादी मोर्चाको जनवादी राज्यसत्ता गठन गरी नयाँ जनवादी क्रान्ति पुरा गरी समाजवादको पृष्ठभूमि तयार गर्ने जनवादी सरकारको काम हुनेछ ।" (पाण्डुलिपि, पृ.३७) । यहाँ मजदुर वर्गको नेतृत्वमा स्थापित हुने जनवादी राज्यसत्ता र नयाँ जनवादी कार्यक्रम, नीति तथा उदेश्यबारे संक्षिप्तमा राम्रो प्रकाश पारिएको छ ।

क्रान्तिको लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीको आवश्यकता पर्दछ । त्यसबारे कमरेड पुष्पलाल भन्नुहुन्छ- "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखापरेका संशोधनवाद तथा अवसरवादको विरोधको संघर्षको दौरानमा नै मार्क्सवाद लेनिनवादको शुद्धताको रक्षा र समृद्धि गरिन सकिने छ । संशोधनवादबाट मुक्त, सुदृढ र प्रौढ कम्युनिष्ट पार्टी नै नयाँ जनवादी क्रान्तिको विजयको पहिलो सर्त हो ।" (उक्त पृ.१०५) यहाँ क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीको महत्वमाथि विशेष जोड दिइएको छ ।

त्यसैगरि, क्रान्तिका लागि क्रान्तिकारी संयुक्त मोर्चाको आवश्यकता पर्दछ । क.पुष्पलाल भन्नुहुन्छ- "नयाँ जनवादी कार्यक्रमको विजयको निम्ति सम्पूर्ण क्रान्तिकारी शक्तिहरूको नयाँ जनवादी मोर्चा गठन गर्नु आवश्यक छ । यस्तो मोर्चाको अभावमा जनवादी क्रान्तिको विजयको कल्पना पनि गर्न सक्दैनौं ।" (उक्त पृ.१०५) यहाँ क्रान्तिका लागि क्रान्तिकारी संयुक्त मोर्चाको महत्वबारे उल्लेख गरिएको छ ।

कमरेड पुष्पलालद्वारा लिखित पाण्डुलिपिमा नेपालजस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुकमा क्रान्तिका लागि नयाँ जनवादी कार्यक्रमको ऐतिहासिक महत्व, राज्यसत्ता तथा शासनसत्ताको प्रश्न, क्रान्तिका दुश्मन तथा मित्र शक्तिहरूको विश्लेषण र नयाँ जनवादको राजनीतिक, आर्थिक तथा सांस्कृतिक कार्यक्रम एवम् आम नीतिबारे विस्तृत रूपमा प्रकाश पारिएको छ ।

नयाँ जनवादी क्रान्तिका लागि जनसेनाको पनि आवश्यकता पर्दछ । यसै गरि संघर्षको स्वरूपबारे पनि स्पष्ट हुन जरुरी हुन्छ । परन्तु, सो पाण्डुलिपिमा ती कुराको उल्लेख गरिएको छैन । यहाँ कानुनी र गैरकानुनी संघर्ष र संगठनका रूपहरूको प्रयोग गर्ने कुरासम्म बताइएको छ । यो प्रारम्भिक मस्यौदा भएकाले त्यसो हुन गएको हो भन्ने बुझिन्छ र त्यस अभावलाई तेस्रो राष्ट्रिय सम्मेलनमा पारित "नयाँ जनवादी कार्यक्रम" मा पूर्ति गर्ने प्रयास गरेको देखिन्छ ।

सामन्ती र पुँजीवादी तत्वहरूका बीच सम्झौता गराउन राष्ट्रिय र अन्तराष्ट्रिय प्रतिक्रियावादी शक्तिहरूद्वारा प्रयास भइरहेको स्थितिमाथि जोड दिदैं प्रस्तावमा भनिएको छ- "यसरी दुई शक्तिहरूको बीचमा सम्झौता भएको खण्डमा स्थिति आजको भन्दा भन् खराब हुँदै जाने छ । यस खराब स्थितिलाई बचाउना निम्ति हामीले एक न्युनतम कार्यक्रमको आधारमा संसदीय व्यवस्थाको पुनरगठनको कार्यक्रमलाई अपनाउनु पर्दछ । यो निश्चय हो कि यस खालको संसदीय व्यवस्थाले देशको आजको मौलिक समस्याको समाधान गर्न सक्दैन, तर स्थिति आजको भन्दा राम्रो छ ।" (उक्त, पृ.१११) । यहाँ संसदीय व्यवस्थाप्रतिको मोह र संसदवादी कमजोरी फेरि पनि उजागर भएको पाइन्छ ।

**तेस्रो सम्मेलन र नयाँ जनवाद**

पुष्पलाल समुहको तेस्रो सम्मेलन २०२५ जेष्ठ अर्थात् सन् १९६८ मई महिनामा सम्पन्न गरियो । यस सम्मेलनमा उक्त पाण्डुलिपिको प्रस्तावलाई परिमार्जित, थपघट तथा आवश्यक संशोधन गरि पारित गरिएको देखिन्छ । नेपाली जनवादी क्रान्तिको राजनीतिक कार्यक्रमका रूपमा "नयाँ जनवादी कार्यक्रम"पारित गरिएको छ । नेपाल जस्तो मुलुकमा दीर्घकालिन शसस्त्र संघर्ष सञ्चालन गर्नु पर्ने कुरा बताइएको छ । सो प्रस्तावमा भनिएको छ- "हामीले नेपालबाट सामन्तवाद र साम्राज्यवादलाई खतम गरि नयाँ जनवादी व्यवस्थाको स्थापना गर्ने कुरा उल्लेख गरेका छौं । यो हाम्रो लक्ष्य हो । दीर्घकालिन शसस्त्र किसान क्रान्तिको सञ्चालन बिना यस्तो व्यवस्थाको स्थापना हुन सक्दैन ।" (उक्त, भाग-१,पृ.२९९) क.पुष्पलालका यी विचारहरू वस्तुवादी तथा क्रान्तिकारी रहेका छन् ।

तेस्रो सम्मेलनमा पार्टीको पथप्रदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद-लेनिनवाद र माओविचारधारालाई लिइएको छ । यसबारे क.पुष्पलाल भन्नुहुन्छ-"पार्टीको तेस्रो ऐतिहासिक सम्मेलनले मार्क्सवाद-लेनिनवाद तथा माओविचारधाराको सैद्धान्तिक तथा राजनीतिक आधारमा नेपाली कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने कुरामा विशेष रूपले जोड दिइएको छ।" (नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, पृ.१३५, पुष्पलाल स्मृति प्रतिष्ठान, २०५३ आश्वीन) । यसरी तेस्रो सम्मेलनमा मार्क्सवाद-लेनिनवादका साथमा माओविचारधारालाई पथप्रदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्नु निकै महत्वपूर्ण कुरा हो ।

**सबल तथा दुर्बल पक्षबारे**

क.पुष्पलालले ख्रुश्चोभी आधुनिक संशोधनवादका विरुद्ध विचारधारात्मक संघर्ष चलाउँदै माओविचारधारालाई पथप्रदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्नुभयो । वहाँले राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमको विरोधमा नयाँ जनवादी कार्यक्रम प्रस्तुत गर्नु भयो । त्यसैगरी वहाँ शान्तिपूर्ण संक्रमणको सिद्धान्तको विरोधमा दीर्घकालिन शसस्त्र संघर्षको बाटो अवलम्बन गर्ने कुरामा जोडदिनु भयो । वहाँले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोण व्याख्या तथा प्रचार प्रसार गर्नु भयो । वहाँले द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणका आधारमा "नेपमा मातृसतात्मक समाज", "नेपालमा राजतन्त्रको उत्पति, विकास र भविश्य" "नेपाली जनआन्दोलनको एक समीक्षा" लगायतका लेखहरू लेखि नेपाली समाजको ऐतिहासिक भौतिकवादी विवेचना गर्ने प्रयास गर्नु भयो । यी कमरेड पुष्पलालमा पाइने सबल पक्ष हुन् । यसका साथै वहाँमा केहि गम्भीर प्रकृतिका कमी, कमजोरी तथा सिमा पनि रहेका छन् । वहाँले शसस्त्र संघर्ष जनसेना निर्माणका लागि आवश्यक तयारी गर्ने कार्यनीतिको प्रश्नमा आवश्यक ध्यानदिन सक्नु भएन । वहाँले नेपाली काँग्रेसलाई पुँजीपति वर्गको पार्टीमा रूपमा लिई वर्ग विश्लेषण गर्ने कमजोरी गर्नु भयो । संयुक्त मोर्चाको क्षेत्रमा वहाँले सामान्ती निरंकुश पञ्चायती व्यवस्थाका विरुद्धको प्रश्नलाई मात्र केन्द्रमा राख्नु भयो र प्रतिक्रियावादी राज्यसत्ताका विरुद्धको संयुक्त मोर्चाको प्रश्नमा ध्यानदिन सक्नु भएन । वहाँमा केही संसदवादी, सुधारवादी र उदारवादी कमी कमजोरीहरू रहे । त्यसैगरी वहाँले पार्टीलाई एकताबद्ध तुल्याउने काममा पनि यथेष्ट ध्यानदिन सक्नु भएन । यी वहाँमा देखापर्ने दुर्बल पक्ष हुन् ।

उहाँमा विद्यमान यसप्रकारका कमी कमजोरी तथा सीमाहरूलाई अतिरञ्जना गरी संकीर्णतावादी तथा छद्म संशोधनवादी कोणबाट गद्दार, दलाल तथा दक्षिणपंथी संशोधनवादी भन्ने जस्ता काम पनि थिए । त्यसबेलाको आन्दोलनको विकासको सापेक्षतामा वहाँमा यसप्रकारका कमी, कमजारी तथा सीमा रहेका थिए र तिनकै आधारमा वहाँमाथि त्यसप्रकारका आरोप लगाउनु गल्ती भएको थियो । यसमा हामी पनि आत्मालोचित भइसकेका छौ ।

नेकपा (माओवादी) को दास्रो राष्ट्रिय सम्मेलनमा पारित प्रस्तावमा भनिएको छ- "अतः आजका कम्युनिस्ट क्रान्तिकारीहरूले क्षुद्र संसदीय स्वार्थका निम्ति वहाँको व्यक्तित्वलाई प्रयोग गर्ने तथा वहाँलाई दलाल, गद्दार, र दक्षिणपन्थी भन्दै बदनाम गर्ने भिन्न रूप र एउटै सारतत्वको संशोधनवादका विरुद्ध संघर्ष गर्दै कमरेड पुष्पलाल श्रेष्ठलाई सम्मान गर्न हिच्किचाउनु हुँदैन ।" (नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का ऐतिहासिक दस्तावेजहरू, पृ.१७७, २०६३ कार्तिक) । यहीं नै कमरेड पुष्पलालको गरिएको सही मूल्याङ्कन हो । तेस्रो महाधिवेशन पश्चात् झण्डै अढाई दशकको अवधि नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा विभाजनको अवधि रहृयो । यस अवधिमा ख्रुश्चोभको आधुनिक संशोधनवाद तथ तुल्सीलालको राष्ट्रिय प्रजातन्त्रको विरोध र माओविचारधारा, नयाँ जनवाद तथा सशस्त्र संघर्षको पक्षमा रहेका कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउने सम्भावना थियो ।

२०२५ सालको तेस्रो सम्मेलन गरेर अगाडि बढेको पुष्पलाल समूह, २०२८ सालमा झापा विद्रोह गरि विकसित भएको माले समूह र २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गर्दै विकसित भएको समूहकाबीच उक्त सैद्धान्तिक तथा राजनीतिक मान्यताप्रति एकरूपता पनि थियो । यसप्रकारको सुलौलो अवसर गुमाउने काममा नेपाली कम्युनिस्ट आन्दोलनका कतिपय नेताहरूमा विद्यमान संकीर्णतावादी, सुधारवादी र व्यक्तिवादी अहम जस्ता गलत चिन्तन तथा प्रवृतिले काम गरेको देखिन्छ ।

**उपसंहार**

कमरेड पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनको एक सस्थापक तथा अग्रज नेता हुनुहुन्छ । वहाँले नेपाली कम्युनिस्ट आन्दोलन र जनवादी क्रान्तिलाई अगाडि बढाउने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएको छ । बीचमा कतिपय अवस्थामा कैयौं सैद्धान्तिक तथा राजनीतिक विषयहरूमा अस्पष्टता, संसदवादी तथा सुधारवादी कमी कमजोरी रहेपनि प्रारम्भदेखि जीवनको अन्तिम अवधिसम्म वहाँ संशोधनवादका विराध र मार्क्सवादका पक्षमा अडिग रहनु भयो । वहाँले नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई अंगाल्दै आउनु भयो । परन्तु अन्तत : कमी तथा कमजोरीका तुलनामा वहाँमा सबल पक्ष र योगदान नै धेरै माथि रहेका रहेका छन् । अतः हामीले कमरेड पुष्पलाललाई नेपाली कम्युनिस्ट आन्दोलनको एक अग्रज तथा सम्मानित नेताको रूपमा अङ्गीकार गर्नु पर्दछ ।

# क्रान्तिकारी युवाहरूले इतिहासबाट सिक्नैपर्ने सवालहरू



अमिर महर्जन

*वर्तमान राज्यव्यवस्था दलाल तथा नोकरशाही पुँजीवादमा आधारित प्रतिक्रियावादी संसदीय व्यवस्था हो । जसको व्यवस्था उसैको पक्षमा चुनावी परिणाम आउनु कुनै नौलो अनौठो कुरा होइन । तर पनि विश्लेषण गर्दा के देखिन्छ भने एमालेको पक्षमा जनमत देखिनु भनेको उसले अगाडि सारेको खात्रो सामन्ती राष्ट्रवादी प्रचार पनि हो ।*

क.माओले “युवाहरूको मुख्य काम सिक्नु हो” भन्नुभएको छ । हामीले राम्रा र नराम्रा कुरा सिकिरहेका हुन्छौं । राम्रा कुरा सिक्नु भविष्य उज्ज्वल बनाउनु हो, त्यसैले क्रान्तिकारी युवाहरूले राम्रा कुरा सिक्नु पर्दछ र नराम्रा कुराहरूलाई त्याग्नु पर्दछ । क्रान्तिबाट सिक्नु पर्दछ र प्रतिक्रान्तिबाट पनि सिक्नु पर्दछ । एउटा भनाइ छ “धेरै पल्ट हारेको सेनापतिले धेरै सिक्न सक्छ र अन्तिम विजय हासिल गर्न सक्दछ” । यो भनाइको तात्पर्य के हो भने धेरै पल्ट हारेर उसले धेरै सिकेको हुन्छ भन्ने अर्थ लाग्दछ, होइन भने आफ्नो कमजोरीलाई नसुधारिकन, गल्तीलाई नसच्याइकन जित्ने भन्नु सपना बाहेक अर्को हुन सक्दैन ।

नेपालमा धेरै आन्दोलन, क्रान्ति भए तर पनि नेपाल र नेपाली जनताले वास्तविक अधिकार पाएका छैनन्, बदलामा सम्झौता-धोका भएको छ । नेपालमा सर्वहारा वर्गको राज्य स्थापना गर्ने कम्युनिष्ट पार्टी गठन भयो तर समयअन्तरालसँगै टुट, फुट, विभाजनहरू भए । त्यसका बाबजुद पनि पटक पटक ठूल्ठूला संघर्षहरू र बलिदानहरू भए, तर ती सबै आन्दोलन, संघर्षहरू धोका र सम्झौतामा गएर टुंगिए । अन्ततः पुरानै व्यवस्था कायम रह्यो ।

क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण गर्नु अनिवार्य हुन आउँछ । सही क्रान्तिकारी पार्टी बनाउन नसक्दा नै विगतमा भएका क्रान्तिहरूले सेटब्याक खान पुगे । नेपाली कम्युनिष्ट आन्दोलन र विश्व कम्युनिष्ट आन्दोलनका नकार र सकार पक्षबाट हामी युवा क्रान्तिकारीहरूले गहिरो शिक्षा लिन जरुरी छ । त्यसबाट सिक्न उत्साही हुनु पर्दछ । हामी युवाहरूमा गर्दा गर्दै सिक्ने स्प्रिट हुन जरुरी छ ।

क्रान्तिमा जीत हार स्वभाविक प्रक्रिया हो । कयौं पटक हार हुन्छ त्यसबाट युवाहरूले धेरै सिक्न सक्दछन्, सिक्नु पर्दछ । नेतृत्वको विकास यही प्रक्रियामा हुन्छ । पुष्पलाल कमरेडले २००६ सालमा कम्युनिष्ट पार्टी स्थापना गरेदेखि एकता, संघर्ष र फुट तथा रूपान्तरणको प्रक्रिया हुँदै आएको छ । आजसम्म आउँदा कम्युनिष्ट आन्दोलनभित्र अन्तर्संघर्ष पनि शत्रुवत् र मित्रवत् ढंगले संचालन हुँदा शत्रुवत ढंगले अन्तर्संघर्ष चल्नुले क्रान्तिकारीहरूले फाइदा लिन सकिन्न भन्ने कुरा सिक्नु पर्छ भने वर्ग संघर्षलाई उठाउने प्रक्रियामा पनि वर्ग समन्वयवादीहरूको नेतृत्वमा आन्दोलनको बागडोर पुग्दा क्रान्ति प्रतिक्रान्तिमा बदलिदो रहेछ भन्ने कुरा पनि सिक्नु पर्ने देखिन्छ । युवाहरूले यही दुई प्रक्रियामा गल्तीहरूलाई सच्याउने कोशिस गर्नुपर्दछ । हालसम्म कम्युनिष्टहरू कति पल्ट जुट्यौं र कतिपल्ट फुट्यौं त्यसको अध्ययन हुनुपर्दछ । सबै फुट गलत होइनन् र सबै पार्टी एकता सही हुँदैनन् भन्ने कुरा पनि क्रान्तिकारी युवाले बुझ्न आवश्यक छ ।

झापा विद्रोह र ०४६ सालको जनआन्दोलन, १० वर्षको जनयुद्ध र ०६२/६३को जनआन्दोलनबाट हामीले सिक्नु पर्दछ । वर्ग संघर्षको उत्थान सशस्त्र ढंगले हुने र वर्ग संघर्षको उत्कर्षमा सशस्त्र ढंगले आन्दोलनको विकास नहुने जस्तो देखिने गरेको छ । के आन्दोलनलाई सशस्त्रीकरण गर्न नजानेका कारणले आन्दोलन सम्झौतामा गएर फँसेको हो ? त्यसो हो भने आन्दोलनलाई सशस्त्र ढंगले टुङ्ग्याउन कसरी सम्भव छ, हामी क्रान्तिकारी युवाले सिक्नु पर्दछ ।

तत्कालिन नेकपा (माओवादी) शान्ति प्रक्रियामा आइसेकपछि नेकपा (एकताकेन्द्र-मसाल)संगको एकताले माओवादी आन्दोलनलाई फाइदा गऱ्यो कि बेफाइदा, त्यसको मुल्यांकन गर्नु पर्दछ । शान्तिप्रक्रियामा आएपछि भएको ६ दिनको विद्रोहको रिहर्सलबाट क्रान्तिकारी युवाले धेरै कुरा सिक्नु पर्दछ । क्रान्तिकारी आन्दोलनलाई घेराबन्दीमा पार्न गैरक्रान्तिकारीलाई पार्टीभित्र भित्र्याउने, क्रान्तिकारीलाई अल्पमतमा पार्ने र क्रान्तिकारीहरूलाई छिन्नभिन्न स्थितितर्फ धकेल्ने विगतमा भएका प्रयत्नहरूलाई हामी सुक्ष्म ढंगले अध्ययन गर्न र त्यसबाट सिक्न जरुरी छ । २०७२ सालको संविधान सभाको चुनाव बहिष्कार र २०७४ सालको स्थानीय निर्वाचन उपयोगलाई युवाले कसरी बुझ्ने र घटनाबाट के सिक्ने ? संविधानसभाको चुनाव बहिष्कार पनि क्रान्तिकारी थियो र स्थानीय निर्वाचनको उपयोग पनि सही थियो । संविधानसभाको चुनावको बहिष्कार एउटा सशस्त्र विद्रोहको जिवित रिहर्सल थियो । जुन ६ दिनको आन्दोलनको निकालेको निष्कर्ष विपरीत थियो । अर्को संविधानसभाबाट जनताका अधिकार कुण्ठित हुँदै थियो । त्यस्तै स्थानीय निर्वाचन बहिष्कार गर्ने अवस्था पैदा नहुनुको र चुनावमा भाग लिनुको अर्थ स्थानीय निर्वाचनबाट जनताको हक अधिकार पाइन्छ भन्नु थिएन । पार्टी र संगठनलाई गति दिनु थियो र प्रतिक्रियावादी षड्यन्त्रको भण्डाफोर गर्नु थियो ।

वर्तमान राज्यव्यवस्था दलाल तथा नोकरशाही पुँजीवादमा आधारित प्रतिक्रियावादी संसदीय व्यवस्था हो । जसको व्यवस्था उसैको पक्षमा चुनावी परिणाम आउनु कुनै नौलो अनौठो कुरा होइन । तर पनि विश्लेषण गर्दा के देखिन्छ भने एमालेको पक्षमा जनमत देखिनु भनेको उसले अगाडि सारेको खात्रो सामन्ती राष्ट्रवादी प्रचार पनि हो । यसबाट के बुझिन्छ भने नेपाली जनतामा राष्ट्रवादी भावना प्रवल छ । यसको नेतृत्व क्रान्तिकारीहरूले गर्न सक्नु पर्दछ । स्थानीय तहको निर्वाचन सकिदै गर्दा हामी कुन निष्कर्षमा पुग्न सक्दछौं भने यो निर्वाचनले अहिले सिंहदरबारभित्र भइरहेको भ्रष्टाचार, कमिसनलगायतका बेथितिहरूलाई स्थानीय तहसम्म विस्तारित मात्र गर्दछ । क्रान्तिकारी युवाहरूले चुनाव बहिष्कार गर्दा र चुनाव उपयोग गर्दाको कठिनाइहरूको पहिचान गर्न सिकेका छौं । यो पनि एउटा महत्वपूर्ण शिक्षा हो ।

क्रान्तिकारी युवाहरूले वर्ग संघर्ष, अन्तर्संघर्षबाट ठूल्ठूला शिक्षा हासिल गरेर मात्र क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन सकिन्छ । अझ त्यो भन्दा पनि सिकेका कुरालाई लागु गर्न र कमजोरीहरूलाई नदोहोऱ्याउनु झन् आधारभूत आवश्यकता हो । त्यसैले हामी युवाहरूले विगतका सबै आन्दोलनहरूबाट सकार र नकार शिक्षा लिदै विगतका गल्ती नदोहोऱ्याउने संकल्प यस घडीमा गर्नै पर्दछ ।

# के हो ? विश्वदृष्टिकोण

विश्वदृष्टिकोण दर्शनशास्त्रको आधारभूत प्रश्न हो । सिद्धान्त, विचार र व्यवहारिक क्रियाकलापको तालमेल र त्यसको दिशाबोध हो विश्वदृष्टिकोण । यो मानिसहरूको दार्शनिक, वैज्ञानिक, आर्थिक, राजनीतिक, सौन्दर्यात्मक तथा नैतिक विचारको अन्योनक्रियाको समुच्चयको निस्कर्ष हो । दर्शनमा विज्ञान र मानवीय क्रियाकलापबिचको अन्तरसम्बन्धमा बोधपक्ष सधै उघ्रेको हुन्छ । मानिसको आफ्नो चेतनाले काम गर्न थाले पछि ऊ यी भौतिक वस्तुहरूबाट नै आफ्नो जीवन रक्षा गर्दै, आफूलाई पहिलेको भन्दा बढी चेतनशील र सक्षम बनाउदै आएको छ । यो संसारलाई हेर्ने, बुझ्ने र फेर्ने विश्वदृष्टिकोण हो । आदिम साम्यवाद पछि दुई भागमा बाँडिएको छ विश्वदृष्टिकोण भौतिकवादी र अध्यात्मवादी ।

मानिसहरू जब पुनर्उत्पादनमा संलग्न भए तब उनीहरूले आफ्नो उत्पादनलाई सङ्ग्रह मात्र गरेनन् त्यसको तुलनात्मक अध्ययन पनि गरे । यस्तो अध्ययन अनुभविक, तार्किक हुदै प्रायोगिक पद्धतिमा विकास भयो । उत्पादन भन्नाले खाने कुरामात्र नभई बाँच्न आवश्यक पर्ने, बस्न, लाउन र सुरक्षा (शत्रु र जनावर मात्र होइन किरा, झारपात, पानी, हावा आदिसँग बच्न) को क्रममा सुनेका, देखेका र भोगेका व्यवहारबाट यस संसारमा भएका घटनाक्रमहरूलाई हेर्ने, बुझ्ने र बुझेका कुराहरूलाई बुझाउने र आपसमा अन्तरक्रिया गर्ने र राम्रोलाई अझ राम्रो र नराम्रोलाई त्याग्दै, आफ्ना अनन्त आवश्यकता पुरा गर्न निरन्तर उत्पादनका लागि सङ्घर्ष मात्र नभएर आपसी सम्बन्धका बारेमा पनि अध्ययन हुन थाल्यो ।

मानिस कबिला समुदायमा बसुन्जेल व्यक्तिगत कुरामा त्यत्ति धेरै चासो राख्दैन थिए । सबै कुराहरू सामुदायिक रूपमा नै प्रयोग हुन्थ्यो । क्षमता अनुसारको काम र आवश्यकता अनुसारका वस्तु तथा सेवा दिन्थे । युद्धमा समातिएका मानिसहरूलाई नमारी दासको रूपमा प्रयोग हुन थाले पछि परिवारको प्रादुर्भाव भयो । परिवार भए पछि आफ्नो परिवारको लागि बढी उपभोग र सञ्चय गर्ने प्रवृत्तिको विकास भयो । त्यसको परिणाम हुने र नहुने अर्थात् गरी खाने र बसी खाने वर्गमा समाजको विकास भयो । यही नै वर्ग सङ्घर्षको सुरुवात थियो । गरी खानेहरूले लौकिक संसारलाई नै प्राथमिक वस्तुको रूपमा स्वीकार गरे । बसी खानेहरूले यही हामीले देखेको वस्तुबाट मात्र संसारको कहाँ सिर्जना भएको हो र यो सिर्जना गर्ने अलौकिक शक्ति छ त्यसले नै यो संसारको रचना गरेको हो भन्दै अनकौ मिथकहरूको सिर्जना गरे ।

मानिसहरूको विचार कुन रूपमा



● ईश्वरराज ढुंगेल

विकास भएर आयो भन्ने कुराको आधार खोज्दा चाहे पूर्व होस् वा पश्चिम अहिलेसम्म प्रायः सबैभन्दा पुरानो ग्रन्थ वेदलाई मानिन्छ । सर्वेपल्लि राधाकृणन लेख्दछन् “मानिसको मस्तिष्कमा कुनै विषयको बारेमा बुझ्ने, खोजतलाश गर्ने, एक स्वभाविक प्रवृत्ति हुन्छ । ऊ हरेक कुरालाई स्वतः स्वीकार गर्न तयार हुदैन । ‘रातमा सूर्य कहाँ हुन्छ ?’ ‘दिनमा तारा कहाँ हराउँछन् ?’ ‘सूर्य तल किन खस्दैन ?’ ‘दिन र रात कुन पहिले आउँछ ?’ ‘हावा कहाँबाट आउँछ र कहाँ जान्छ ?” आदि प्रश्न वैदिक कालमा नै उठेको थियो । यी कुराहरू वेदका ऋचाहरूमा उल्लेखित छन् । यसबाट वैदिककालदेखि नै मानिसहरू यस संसारको बारेमा जान्न इच्छुक थिए भन्ने कुरा प्रष्ट हुन्छ । उनीहरू हरेक वस्तु तथा घटनाक्रमलाई केलाएर हेर्न उत्सुक थिए । वस्तुहरूको उत्पत्ति, अस्तित्व, रूपान्रण र विकास कसरी हुन्छ भन्ने कुरालाई अनेकौं प्रश्नद्वारा खोज्ने प्रयत्न गरिरहेका थिए जस्को परिणाम आज हामी यो अवस्थामा आइपुगेका छौं ।

पूर्वीय इतिहास केलाउँदा बृहस्पति पहिलो भौतिकवादी देखिन्छन् । देवीप्रसाद चट्टोपाध्याय लेख्दछन् “बृहस्पति भन्दछन् कि पृथ्वी, जल, वायु र अग्नी यी मात्र सत्य हो । यिनैको समिश्रणबाट उत्पन्न हुने वस्तुहरूलाई शरीर, पिण्ड र इन्द्रीयहरू भनिन्छ । चेतना यसैसँग सम्बन्धित हुन्छ । अचेतन पदार्थबाट चेतना कसरी उत्पन्न हुन्छ भन्ने तर्कको जवाफमा जसरी मादक पदार्थ रहित वस्तुहरूको समिश्रणबाट मादक पदार्थ तयार हुन्छ भन्दछन् । जुन मऱ्यो त्यो फेरी फर्केर आउँदैन । आत्मा, मुक्ति, नैतिकता र चरित्रहीनता जस्ता कुनै चिज हुदैन । अग्नी तातो हुनु , जल शीतल हुनु , वायुको स्पर्श अनुभव हुनु , यस्तो विचित्रता कसले उत्पन्न गऱ्यो ? कसैले होइन । यिनीहरूको आफ्नो आफ्नो स्वभाव (प्रकृति) हो ।” त्यस समयमा पनि भौतिक वस्तु नै प्राथमिक हो र चेतना द्वितीय, दृष्टिकोण स्पस्ट थियो । प्राचीनकालमा भौतिक वस्तु र मानव जीवनसँगको साम्यानुमान थियो ।

भौतिकवादी संसरमा जति पनि दृष्य (देख्न सकिने) वस्तुहरू जसको लम्बाई, चौंडाई र उचाईका साथै तौल पनि हुन्छ । यस्ता वस्तुहरू मिलेर बनेको यो संसार नै शाश्वत (गलष्खभचकर्बा) हो । यो न कसैले निर्माण गरेको हो नत कसैले विनास नै गर्दछ । पदार्थको प्राथमिक तत्वहरूबाट यो संसार बनेको छ र यसको संरचना निश्चित काल पछि फेरिरहन्छ । यसरी हुने परिवर्तन नै कालको रूप हो । यस संसारमा सजीव र निर्जीव पदार्थबिच कुनै अभेद्य पर्खाल छैन । सजीव प्राणीमा पाइने प्राथमिक तत्व र निर्जीव वस्तुमा पाइने प्राथमिक तत्व उही हो । मात्र त्यसको संरचना फरक हो । यो संसार बोधगम्य छ, हामीले जानेको कुरा भने जान्नु पर्ने अनगिन्ती कुराहरू मध्येमा हामीले जानेका कुराहरू गन्ती गर्न सकिने मध्येको थोरै अंश मात्र हो ।

बसी खाने अर्थात् सत्ता र सत्तासमिपमा रहेकाहरूलाई माथि उल्लेखित कुराहरू पाच्य थिएन । उनीहरू कर्ममा विश्वास राख्ने र अदृष्य शक्तिसँग कुनै भय नभएका कारण आफ्नो अनुकुलतामा उनीहरूलाई काम लगाउन नसकिने र यिनीहरूको चेतनाको विकास हुन सक्ने सम्भावनाबाट त्रसितहरू भई आत्मा-परमात्मा, धर्म-पाप, स्वर्ग-नर्क, सेवा-मुक्ति, जस्ता मिथकहरूको सिर्जना गरेर मानिसमा भय उत्पन्न गराउने प्रयत्न गर्न थाले । अनेकौं मिथक समावेश गरिएको रचना वेद, ब्राह्मण ग्रन्थ, उपनिषद् , पुराण, मनुस्मृति आदिको रचना गरी मानिसहरूको हैसियत अनुसार वर्ण व्यवस्था र तिनीहरूको कामको व्यवस्था गरियो । सोही अनुसार काम नभए सजाय गर्ने दण्ड विधान पनि तयार गरे ।

भारतीय जीवन दर्शनको बारेमा राधाकृष्णन लेख्दछन् “भारतमा जीवनको एक मात्र उद्देश्य ब्रह्मलाई सधैं सत्ताको रूपमा जान्नु वा बुझ्नु हो ।” यसमा ‘ब्रह्म सत्य जगत मिथ्या’ वाक्यांशलाई विशेष जोड दिइएको छ । त्यस्तै अर्को उदाहरण हेरौं “पश्चिमी विचारक, जसलाई हामी इन्द्रीय भन्छौं , त्यस माथि निर्भर छन् जबकी भारतीय कल्पनाको क्षेत्रमा आत्मज्ञानमा बढी जोड दिन्छन् ।” (उही) ईश्वर, आत्मज्ञान जस्ता अलौकिक कुराहरू जुन वस्तुगत तथ्यका विपक्षमा खडा छन् अर्थात् ‘ब्रह्म सत्य जगत मिथ्या’ जस्ता यो संसार जहाँ हामी बस्छौं, जसलाई जम्मा गरेर आफू सम्पन्न र शक्तिशाली छु भन्छौं, अनि त्यसैको धज्जी उडाएर हामी नै सही छौं भनि ढोल पिटिरहने कुरा कति सत्य छ भनेर सायद उनीहरूलाई नै विश्वास छैन । आत्मा-परमात्मा, पूवजन्म-पुनर्जन्म, पाप-पुण्य, स्वर्ग-नर्क र मोक्ष जस्ता कुराहरूमा मानिसहरूलाई भ्रममा राखी शोषण गर्ने मिथक हो, अध्यात्मवाद ।

# प्रहरीको बढुवाविरुद्ध उजुरी

● वर्गदृष्टि समाचारदाता

काठमाडौं । नेपाल प्रहरीमा हालै भएको बढुवा सिफारिसविरुद्ध पुनरावलोकन समितिमा उजुरी परेको छ । बढुवा सिफारिसमा अन्याय भएको भन्दै तीन जना उच्च अधिकृतले समितिमा उजुरी दिएपछि एआईजी, डीआईजी र एसएसपीको बढुवा प्रक्रिया तत्कालका लागि रोकिएको छ ।

बढुवा सिफारिसमा नगरेका डीआईजी मधुप्रसाद पुडासैनी, एसएसपी सुवासचन्द्र चौधरी र एसपी बिभुतिराज पाण्डेले जुनियरलाई बढुवा गरेर सिनियरलाई अन्यायमा पारिएको भन्दै पुनरावलोकन समितिमा उजुरी दिएका हुन् । यसअघि गृहमन्त्री जनार्दन शर्माले बढुवामा केही अधिकृतलाई अन्याय भए पनि नियतवश नगरिएको बताएका थिए । लोकसेवा आयोगका प्रवक्ता लक्ष्मीविलास कोइरालाले पनि तीन जनाको उजुरी परेको पुष्टि गरेका छन् ।

पुनरावलोकनमा बढुवा सिफारिसमा तलमाथि भएको पाइएमा बढुवामा पर्नेको नाम समेत परिवर्तन हुन सक्नेछ । लोकसेवा आयोगका अध्यक्षको नेतृत्वमा रहने पुनरावलोकन समितिमा मुख्य सचिव र कानुन सचिव सदस्य रहन्छन् ।

समितिले कार्यमूल्यांकन, वरिष्ठता र आचरणसहित सबै पक्ष हेर्नेछ । एआइजी बढुवामा आफूभन्दा कनिष्ठलाई पारेर आफूमाथि अन्याय भएको पुडासैनीको गुनासो छ । यसैगरी आईजीपीको प्रमुख दावेदार रहेका नवराज सिलवाल समेत डिआईजीबाट बढुवा भएका छैनन् । उनले यसअघि आईजीपी बढुवामा आफूमाथि अन्याय भएको भन्दै हालेको मुद्दा सर्वोच्चमा विचाराधीन छ ।

त्यस्तै डीआईजी सिफारिसमा आफूभन्दा दोस्रो ब्याचका शशीविक्रम शाहलाई पारिएको भन्दै सुवासचन्द्र चौधरीले उजुरी दिएका छन् । शाह गृहमन्त्री जनार्दन शर्माको गृहजिल्ला रुकुमका हुन् । डीआईजीबाट एआइजी बढुवा गर्दा बरिष्ठता मिचिएको विषयलाई गम्भिर रूपमा लिइएको छ । वरिष्ठताका आधारमा मधु पुडासैनी, माधव नेपाल, पंकज श्रेष्ठ, गोविन्द निरौला, राधाकृष्ण देउजा अगाडि भएपनि उनीहरू बढुवा सिफारिसमा परेका छैनन् । तर, रणवहादुर चन्द र बिजयकुमार भट्ट बढुवामा परेका छन् । प्रधानमन्त्री शेरवहादुर देउवाको गृहक्षेत्रका भएकैले उनीहरू बढुवामा परेको आरोप लागेको छ ।

## देजमो...

राजनीतिक दल सम्बन्धी नियमावलीले व्यवस्था गरेका प्रावधानहरू पालना गर्ने सर्तमान नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५ बमोजिम देजमोलाई दर्ता गर्ने र कार्यकारी समिति, विधान र झण्डालाई प्रमाणित गर्ने निर्णय भएको जनाएको छ ।

आयोगले दलको विधानमा उल्लेखित प्रावधान नेपालको संविधान र प्रचलित कानुनको प्रतिकुल भएमा स्वतः अमान्य हुने उल्लेख गरिएको छ । देजमोले स्थानीय तहको पहिलो चरणको निर्वाचनअघि नै दल दर्ताका लागि निवेदन दिएको थियो ।

निर्वाचन आयोगले सो समयमा दलका रूपमा मान्यता नदिनुका साथै निर्वाचन चिन्ह समेत प्रदान नगरेपछि स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनमा स्वतन्त्र हैसियतमा निर्वाचनमा सहभागी भएको थियो ।

## अखिल...

कजेल प्रशासनले जनाएको छ । उक्त घटनाबारे अखिल क्रान्तिकारीका अध्यक्ष सेवन्तराज भण्डारीसँग बुझ्न खोज्दा उनले अब शैक्षिक माफिया र व्यापारीहरू हाम्रो निशानामा पर्ने बताए । उनले भने, ‘हामीले धैरै क्याम्पस तथा स्कूलहरूमा विध्यार्थीका आम हितहरूलाई केन्द्रविन्दुमा राखेर आफ्ना मागहरू अगाडि सारेका छौं । ती मागहरूको सुनुवाइ भएन भने जस्तो सुकै कदम चाल्न पनि हामी पछि पर्दैनौं । शुल्कवृद्धि फिर्ता नै अहिलेको हाम्रो प्रमुख माग हो । बि एण्ड बिको केस पनि त्यही हो ।’

घटना स्थलमा भेटिएको पर्चा अनुसार उक्त नर्सिङ कलेजमाथि कारबाही गर्नुका बाध्यात्मक कारणहरू अखिल क्रान्तिकारीले यसरी उल्लेख गरेको छ ।

१) एउटै हाताभित्र दुई भिन्न भिन्न विश्वविद्यालयको सम्बन्धन लिई संस्था संचालन गरी शिक्षा ऐन ठाडो उलंघन गरेकोले

२) छात्रवृति पाएका विध्यार्थीबाट विभिन्न शिर्षकमा शुल्क जबर्जस्ती लिएकोले

३) नर्सिङ अध्ययन गर्नका लागि विध्यार्थीहरूबाट चर्को शुल्क लिएकोले बारम्बार अनुरोध गर्दा पनि कलेज प्रशासनले बेवास्ता गरेको कारणले गर्दा हामी यो कदम उठाउन बाध्य भएका हौं ।

## पुनःपरीक्षा...

सम्बोधन गरी भण्डारीद्वारा जारी ध्यानाकर्षणपत्रमा भनिएको छ, ‘सीटीईभी अन्र्तगत आसन्न डिप्लोमा/प्रोफिसियन्सी सर्टिफिकेट तहको पूर्ण शुल्कीय परीक्षा २०७४ को प्रवेश परीक्षा प्रश्नपत्र परीक्षा अगावै बाहिरिएको हुँदा हाम्रो संगठनको गम्भीर ध्यानाकर्षण भएको छ । सीटीईभीटीकै केन्द्राध्यक्ष र निजी कलेज सञ्चालकको मिलेमतोमा आर्थिक चलखेल गरी उक्त प्रश्नपत्र बाहिरिएकाले निजहरूलाई कारबाही गरी परीक्षा पुनः हुनेगरी सो परीक्षा रद्द गर्न आग्रह गर्दछौं ।’

क्रान्तिकारीले यो घटनाका दोषीहरूलाई कारबाही नगरी परीक्षा नगर्न आग्रह गर्दै आफूहरूका मागलाई बेवास्ता गरी अघि बढेमा पर्न जाने असरप्रति सीटीईभीटी स्वयम् जिम्मेवार हुने चेतावनी समेत दिइएको छ ।

## देजमोले...

संयोजकमा रामबहादुर केसी रहने गरी कार्य्विभाजन गरिएको छ ।

बैठकले किरण शाही (काठमाडौं) र मनोहर लामिछाने (सल्यान) लाई केन्द्रीय सदस्यमा मनोनयन गरेको छ भने भक्तराज थापा, किरण शाही, सचिर महर्जन र हरिकृष्ण गजुरेललाई मोर्चाको सचिवालयमा राखिएको छ । मोर्चाको बैठकले तात्कालिक अवस्थामा स्थानीय विशेषताहरूमा स्थानीयरूपमा संघर्षको उठान गर्न सक्ने मुद्दा र विषयहरूको सम्भावनालाई मेहनतपूर्वक खोज, अध्ययन गर्ने र त्यसमा अध्ययनको निष्कर्षका आधारमा संघर्षका कार्यक्रमहरू ठोस गर्ने निर्णय गरेको छ ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) र देजमोको ३ नं. प्रदेशको बैठक सम्पन्न गरेको छ । हालै सम्पन्न बैठकले प्रादेशिक संरचना अनुसार नेताहरूको कार्यविभाजन गरेको छ । पार्टीका राज्य समिति(पुरानो संरचनाअनुसार) का सदस्यहरूको उपस्थितिमा भएको बैठकमा असोजमा हुने राष्ट्रिय सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्न आवश्यक तयारी गर्ने निर्णय गरेको छ । देजमोको सम्पन्न ३ नं प्रदेशको बैठकले प्रदेशभरि संगठन विस्तारमा तीव्रता दिने निर्णय गरेको छ ।

# क्रान्तिकारी कम्युनिष्ट पार्टीमा 'अनुशासन'को आवश्यकता र यसको अनिवार्यता

पार्टी विधानले लेख्दछ, "सिङ्गो पार्टीले एकीकृत अनुशासन पालन गर्नु पर्दछः व्यक्ति संगठनको अधिनस्थ हुन्छ, अल्पमत बहुमतको अधिनस्थ हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनस्थ हुन्छ र पुरा पार्टी केन्द्रीय समितिको अधिनस्थ हुन्छ ।" कार्यदिशा कार्यान्वयनको सुनिश्चित गर्न, पार्टीको एकता र सुदृढिकरणलाई मजबुत बनाउन, यसको संगठनलाई सुद्ध गराउन, सर्बहारा वर्गको अधिनायकत्वलाइ सुदृढ गर्न र क्रान्तिमा विजय हासिल गर्न पार्टी अनुशासन एउटा आवश्यक सर्त हो । कम्युनिष्ट पार्टीको प्रत्येक सदस्य सचेत ढङ्गले यो अनुशासनमा चल्नु पर्दछ र यसलाई पालन गर्नु पर्दछ ।

**अनुशासनले कार्यदिशा कार्यान्वयनलाई सुनिश्चित गर्छ**

"अनुशासनले कार्यदिशा कार्यान्वयनको सुनिश्चित गर्छ, यो बिना, पार्टीले विजयी संघर्ष संचालनका निमित्त जनता र सेनालाई नेतृत्व गर्न सक्ने छैन ।" (१३६) अध्यक्ष माओको यो निर्देशिकाले अनुशासन तथा कार्यदिशाका बीचको सम्बन्धलाई गहिरो गरी स्पष्ट गर्दछ, यसले पार्टीको कार्यदिशालाई लागु गर्ने र यसका जुझारु कार्यभारलाई सम्पन्न गर्ने काममा क्रान्तिकारी अनुशासनको महत्वलाई दर्शाउंछ । पार्टीको संगठनात्मक अनुशासन यसको कार्यदिशाद्वारा निर्धारित हुन्छ र साथै कार्यदिशाको कार्यान्वयनलाई सुनिश्चित गर्दछ । अध्यक्ष माओले परिभाषा गर्नु भए अनुसार समाजवादको पुरै ऐतिहासिक अबधी भरीका लागि पार्टीको आधारभूत कार्यदिशा मार्क्सवादी-लेनिनवादी कार्यदिशा हो र यो हाम्रो सबै कामको लागि आधारभूत सिद्धान्त हो । यो कार्यदिशामा दृढतापूर्वक अडिएर मात्र पार्टीमा सर्बहारावादी अनुशासनलाई बलियो बनाउन र पुरा पार्टीको "सोचाई, नीति, योजना, कमाण्ड र कार्बाहीमा सच्चा एकता" (१३७) प्राप्त गर्न संभव छ । यो कार्यदिशा छाडनु र गलत कार्यदिशा लागु गर्नुको अनिवार्य अर्थ पार्टीको सर्बहारावादी अनुशासनलाई ध्वंश गर्नु हुन्छ र सर्बहारा वर्गको एकीकृत विचारको सबै कुरा अर्थहीन हुन जान्छ । अनुशासन र कार्यदिशाका बीचको सम्बन्धको एउटा पक्ष यो हो । अर्को तिर, पार्टीको कार्यदिशालाई लागु गर्ने काममा सर्बहारा वर्ग र आम क्रान्तिकारी जनतालाई नेतृत्व गर्न मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको आधारमा उच्चस्तरको केन्द्रीयता र आम पंक्तिको एकता सुनिश्चित गर्नका निम्ति हाम्रो पार्टीलाई एकीकृत अनुशासन आवश्यक पर्दछ । एकीकृत एकता छैन भने, प्रत्येकले आफ्नै तरिकाले चल्छ र चाहे अनुसार गर्छ भने, दिशामा र काममा एकता छैन भने पार्टीको आधारभूत कार्यदिशा लागु गर्न र पार्टीलाई सर्बहारा वर्गको नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउन गाह्रो हुन्छ ।

सर्वहारावर्गको अधिनायकत्वको अबधिमा पार्टीभरी एकै प्रकारको अनुशासन लागु गर्ने कुरा सधै भन्दा बढी महत्वपूर्ण छ । किनभने, यो अवधीमा हामीले सबै प्रारंभिक संगठनहरूमा सर्बहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्ने आधारभूत कामलाई राम्रो गरी अगाडी बढाउनु पर्दछ, हामीले समाजवाद निर्माणको गति बढाउनु पर्दछ, आन्तरिक रूपमा पूंजीवादको पूनर्स्थापनालाई र वाऽयरूपमा साम्राज्यवाद तथा सामाजिक साम्राज्यवादद्वारा हुन सक्ने आक्रमण तथा विद्रोहलाई रोक्नु पर्दछ, यो सर्बहारा अनुशासनलाई बलियो बनाएर मात्र गर्न सकिन्छ । लेनिनले औल्याउनु भयो, "जसले सर्बहारा वर्गको पार्टीको फलामे अनुशासनलाई थोरै भएपनि कमजोर पार्छ (खास गरी सर्बहारा अधिनायकत्वका बेला) त्यसले सर्बहारा वर्गका विरुद्ध बुर्जुवालाई सहयोग गरेको हुन्छ ।" (१३८) यसले स्पष्ट देखाउंछ कि पूजीवादबाट साम्यवाद तर्फ संक्रमणको ऐतिहासिक अवधी भरी हामीले सर्बहारा वर्गको अधिनायकत्वलाई सुदृढ बनाउन र पूजीवादको पुनर्स्थापना रोक्नका निम्ति सर्बहारा वर्गको फलामे अनुशासनलाई निरन्तर बलियो बनाई राख्नु पर्दछ । पार्टीको अनुशासनलाई कमजोर पार्ने उद्देश्यको कुनै कामले वस्तुतः सर्बहारा बर्गका विरुद्ध लडन, सर्बहारा वर्गको अधिनायकत्वलाइ कमजोर पार्न र ध्वंश गर्न समेत पूजीपति वर्गलाई फाईदा पुऱ्याउंछ ।

पार्टी अनुशासनलाई बलियो बनाउनु पर्ने बारे हामीलाई अध्यक्ष माओले बारंबार सिकाउनु भएको छ । दोस्रो क्रान्तिकारी गुहयुद्धका बेला माओले आफ्नो कृति पार्टीमा गलत विचारलाई सुधार्ने बारेमा (१३९) पार्टीको अनुशासन नमान्ने अतिजनवाद खोज्ने, संगठन अस्वीकार गर्ने र अन्य हानीकारक प्रवृत्तिहरूको निर्मम ढङ्गले आलोचना गर्नु भएको थियो । यसमा वहांले पार्टीले पारित गरेका दस्ताबेजहरूलाई मान्नु पर्छ, यसको अनुशासनलाई सम्मान गर्नु पर्दछ भन्ने कुरामा जोड दिनु भयो र पार्टी तथा सेना निर्माण गर्दा वैचारिक तथा सांगठनिक हिसाबले अवलंबन गर्नु पर्ने दिशाबारे व्याख्या गर्नु भयो । जापान विरोधी प्रतिरोध युद्धका बेलामा अध्यक्ष माओले उदारबादको विरोध गर (१४०) भन्ने अर्को एउटा उत्कृष्ट कृति रचना गर्नु भयो जसमा वहांले सिङ्गो पार्टीले मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी स्पिरिट सहित उदारवादमाथि कसरी विजय प्राप्त गर्ने भन्ने बारे सिकाउनु भयो । चाङ्गको थाओको अवसरवादी कार्यदिशाका विरुद्धको संघर्षको अनुभवलाई समीक्षा गरी अध्यक्ष माओले पुन एक पटक एकीकृत पार्टी अनुशासनको महत्व बारे जोड दिनु भयो र तीखो गरी औंल्याउनु भयो कि "अनुशासनका बुंदालाई जो सुकैले उल्लंघन गरे पनि त्यसले पार्टी एकतालाई खलबल्याउंछ ।" (१४१) मुक्ति युद्धका बेला अध्यक्ष माओले घोषणा गर्नु भयो, "सेना अगाडि बढछ, उत्पादन बढछ । जव हाम्रो अनुशासनको भाव मजबुत हुन्छ हामी क्रान्तिमा सधैं विजयी हुन्छौं," (१४२) यसरी आम पार्टी, सेना तथा जनतालाई देशव्यापी विजयको निर्देशन दिनु भयो । पुरा देशको मुक्ति पछि, अध्यक्ष माओले पार्टीको अनुशासनलाई मजबुत बनाउनु पर्ने आवश्यकतामा बारंबार जोड दिनु भएको छ र स्वतन्त्रता र अनुशासनका बीचको द्वन्द्वात्मक संबन्धमा प्रकास पार्नु भएको छ । लिन पियाओको पार्टी बिराधी गुटलाई हराउन पार्टी, सेना र जनतालाई नेतृत्व गर्ने क्रममा अध्यक्ष माओले "तीन गर र तीन नगर" भन्ने तीन आधारभूत सिद्धान्तहरू सुत्रबद्ध गर्नु भयो र "कार्यकर्ताहरू, जनताहरू र पार्टी सदस्यहरूलाई अनुशासनका तीन नियम र ध्यान दिनु पर्ने आठ बुंदा पढाउनु पर्ने" आवश्यकता औल्याउनु भयो । (१४३) यो निर्देशनका कारण पूंजीवादको पुनर्स्थापना गर्ने लिन पियाओको पार्टी विरोधी गुटको आपराधिक षडयन्त्रलाई पूर्णतः ध्वंश गर्न जनताहरू सक्षम भए । अध्यक्ष माओ आफैले दिनु भएको प्रशिक्षणको परिणाम स्वरूप लामो क्रान्तिकारी संघर्षको प्रक्रियामा अनुशासनलाई सम्मान गर्ने कुरा हाम्रो पार्टीको एउटा गौरवशाली परंपरा र पार्टीको एकतालाई सुदृढ गर्ने तथा दुश्मनलाई हराउने शक्तिशाली हतियार बनेको छ ।

पार्टीको मार्क्सवादी-लेनिनवादी कार्यदिशा बदल्न र गोप्य फुटबादी गतिविधी संचालन गर्नका निम्ति सबै अवसरवादी कार्यदिशा अंगालेका नेताहरूले पार्टी अनुशासनको विरोध गर्न सधैं हर उपायहरू प्रयोग गरेका छन र यसलाई ध्वंश गर्न सब कुरा गरेका छन् । छन तु शु, वाङ्ग मिङ्ग र चाङ्गको थाओदेखि लिउ शाओ ची, लिन पियाओ र यस्तै अरु ठगहरूले हाम्रो पार्टीको ईतिहास भरी यस्तै गर्दै आएका छन् । तिनीहरू सबै पार्टीलाई ध्वंश गर्न चाहने संकीर्ण, फुटवादी र गुण्डाहरू थिए । जहासम्म लिन पियाओ र उस्को पार्टी विरोधी गुटको कुरा छ, एकातिर तिनीहरूले उत्तेजनामा आएर पार्टीको केन्द्रीकृत अनुशासनलाई ध्वंश गरे, पूजीवादी मूख्यालय खडागरे, अध्यक्ष माओद्वारा नेतृत्व गरिएको केन्द्रीय समितीको विरोध गरे, विद्रोह मार्फत सत्ता कब्जागर्न प्रयत्न गरे भने अर्को तिर, तिनीहरूले आफ्नो पार्टी विरोधी गुटभित्र पार्टी अनुशासन पालना गर्नु पर्छ भन्ने बहानामा फासीवादी अनुशासन लागु गरे । यो सबै पार्टीको आधारभूत कार्यदिशालाई विरोध गर्ने र प्रतिक्रान्तिकारी संशोधनवादी कार्यदिशा लागु गर्ने उद्देश्यमा आधारित थियो । हामीले पार्टी अनुशासनलाई ध्वस्त गर्ने लिन पियाओ र कंपनीका अपराधहरूलाई गहिरो गरी आलोचना गर्नु पर्दछ र हामीले अनुशासनलाई सुदृढ र मजबुत बनाउन प्रयत्न गर्नु पर्दछ ।

**सचेत भएर पार्टी अनुशासनको सम्मान गर**

अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि कम्युनिष्टहरू "अनुशासनलाई सम्मान गर्ने कुरामा नमुना बन्नु पर्दछ ।" (१४४) पार्टी अनुशासनलाई सम्मान गर्न हामीले व्यक्ति संगठनको अधिनस्थ हुन्छ, अल्पमत बहुमतको अधिनस्थ हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनस्थ हुन्छ र पुरा पार्टी केन्द्रीय समितिको अधिनस्थ हुन्छ भन्ने पार्टी विधान अनुसार चल्नु पर्दछ ।

व्यक्ति संगठनको अधिनस्थ हुन्छः यसको अर्थ पार्टीका सदस्यहरू दृढतापूर्वक पार्टी संगठनका पारित प्रस्ताबहरू र निर्देशनहरू प्रति अधिनस्थ हुनु पर्दछ, तिनलाई लागु गर्नु पर्दछ र कुनै बहानामा पनि तिनको उल्लंघन गर्नु हुदैन भन्ने हो । तर, पार्टीको निर्णय र निर्देशन प्रति सहमत नहुने पार्टी सदस्यहरूले आफ्नो मत सुरक्षित राख्न पाउने अधिकार राख्छन् र साथै आफ्नो तह फडकेर सिधै केन्द्रीय समिती र त्यसको अध्यक्षलाई रिपोर्ट गर्न सक्छन् ।

अल्पमत बहुमतको अधिनस्थ हुन्छः यसको अर्थ पार्टी संगठनहरूले पारित गरेका प्रस्ताबहरूलाई पार्टी सदस्यहरूले दृढतापूर्वक लागु गर्नु पर्दछ भन्ने हो । अल्पमतको विचार अस्वीकार भएपछि अल्पमतमा भएकाहरूले बहुमतले गरेको निर्णयलाई कार्यान्वयनमा समर्थन गर्नु पर्दछ । आवश्यक पऱ्यो भने, त्यो विषयलाई छलफलका निम्ति पुनः एकपटक कार्यसूचीमा राख्न सकिन्छ तर कुनै हालतमा पनि कार्यान्वयनमा विरोध जनाउन पाईदैन । तल्लो तह माथिल्लो तहको अधिनस्थ हुन्छः यसको अर्थ माथिल्लो तहका संगठनले निर्धारण गरेका निर्णयहरू, निर्देशनहरू र कामहरूले तल्लो तहका पार्टी संगठनहरूलाई दरोगरी बाध्नु पर्दछ र कार्यान्वयनको ग्यारेन्टी हुनु पर्छ भन्ने हो । तिनीहरू सिङ्गो पार्टीको हित विरुद्ध, यसको एउटा हिस्साको हितमा खडाहुन पाउंदैनन्, न त तिनीहरूले माथिल्लो तहको निर्णयलाई अस्वीकार गरेर वा त्यसको विरोध गरेर सिङ्गो पार्टीको केन्द्रीकृत एकतालाई ध्वस्त पार्न नै पाउंछन् ।

पूरा पार्टी केन्द्रीय समितीको अधिनस्थ हुन्छः यो पार्टी अनुशासनको सर्बोच्च सिद्धान्त हो । अध्यक्ष माआको नेतृत्वमा रहेको पार्टीको केन्द्रीय समिती सिङ्गो पार्टी, सेना र जनताको नेतृत्वदायी केन्द्र हो । अध्यक्ष माओका निर्देशन र केन्द्रीय समितीका आऽवानहरूले सर्बहारा वर्ग र हाम्रो देशका आम जनताको हितको प्रतिनिधित्व गर्दछन् र यीनले क्रान्ति र निर्माणमा विजय प्राप्त गर्ने कुराको ग्यारेन्टी गर्दछन् । सधैं र जुनसुकै परिस्थितिमा पनि हामीले अध्यक्ष माओले नेतृत्व गर्नु भएको पार्टीको केन्द्रीय समितिका निर्देशन अनुसार बोल्नु र कामगर्नु पर्दछ र अति जनवाद, अति परनिर्भरता र पार्टी अनुशासनलाई ध्वंश गर्ने अन्य व्यवहारहरूलाई रोक्नु पर्दछ र साथै तीनलाई दृढतापूर्वक पराजित गर्नु पर्दछ ।

वस्तुतः पार्टी अनुशासनलाई सम्मान गर्ने भन्नुको अर्थ त्यसमा अन्धसमर्पण होईन । हाम्रो पार्टीमा अध्यक्ष माओले प्रतिनिधित्व गर्नुभएको सही कार्यदिशा नै नेतृत्वदायी स्थानमा छ तर पनि खास-खास समयमा गलत कार्यदिशा र प्रवृत्तिहरू पनि देखा पर्न सक्छन् । यदि कतिपय ईलाका तथा क्षेत्रहरूमा मानिसहरूले ती गलत कार्यदिशा र प्रवृत्तिहरूलाई सही ठानेर त्यसको पक्षमा उभिए भने एउटा कम्युनिष्ट पार्टीको सदस्य त्यसका विरुद्ध खडा हुनु पर्दछ र अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा र पार्टी अनुशासनको रक्षागर्न ज्वारभाटाका बिरुद्ध जान हिम्मत गर्नु पर्दछ ।

पार्टी अनुशासनको सम्मान गराउन हामीले पार्टी सदस्यहरूको चेतनास्तरलाई माथि उठाउनु पर्दछ । सर्बहारा अनुशासन सचेत अनुशासन हो, यो बुर्जुवाहरूको प्रतिक्रियावादी अनुशासन भन्दा आधारभूत रूपले नै फरक छ । बुर्जुवाहरूको अनुशासन जनताको शोषण र दासत्वको आधारमा स्थापित हुन्छ र यो उत्पीडनकारी उपाय तथा झुट मार्फत मात्र पालना हुन सक्छ । अर्कोतिर लेनिनले औंल्याउनु भयो कि सर्बहारा अनुशासन पार्टीका सबै सदस्यहरूको चेतनामा आधारित हुन्छ, "सर्बहारा अग्रदस्ताको वर्गीय चेतना र यसको क्रान्तिप्रतिको समर्पणले, दृढता, आत्म-वलिदान र वीरताले" (१४५) यो कायम हुन्छ, परिक्षित हुन्छ र सुदृढ हुन्छ । पार्टी अनुशासन अनिवार्य भए पनि यसको प्रयोग भने सर्बथा पार्टी सदस्यको उच्च चेतनास्तरमा भर पर्दछ । यो चेतनाको स्रोत पार्टी तथा जनतामा सदस्यहरूको सम्मानभाव र क्रान्तिकारी उद्देश्यप्रति तिनीहरूको उच्च जिम्मेदारी बोधमा निहित हुन्छ । यो उच्चस्तरको चेतनाको कारणले तिनीहरू क्रान्तिको हितलाई पहिलो स्थानमा राख्न, आफ्ना स्वार्थहरूलाई क्रान्तिको अधिनमा राख्न र पार्टी अनुशासन संरक्षण गर्नका लगि जीवन वलिदान गर्न पनि नडराउने बन्छन् । परिस्थिति जतिसुकै कठीन भए पनि यो उच्चस्तरको चेतनाका कारणले तिनीहरू "कठीनाई र मृत्युबाट नडराउने" (१४६) र पार्टी अनुशासनलाई दृढतापूर्वक लागु गर्ने बन्छन् र पार्टी नेतृत्वबाट अलग भए पनि, तिनीहरूलाई रेखदेख गर्न वरिपरी कोई नभए पनि तिनीहरू आफै पार्टी अनुशासन प्रति स्व-आग्रही बन्छन् र त्यसलाई सचेत ढङ्गले मान्ने हुन्छन् । पार्टीका गोप्य कुराहरूलाई जोगाउने मामलामा निर्मम यातनाका सामु पुरा दृढ रहेर लिउ हुलान कसैले हल्लाउन नसक्ने ठहरिईन्, र पार्टीको हितको रक्षा गर्दै बहादुरी पूर्वक दुश्मनको चक्कुडबाट आफ्नो बलिदान स्वीकारिन् । लडाईको मैदानको अनुशासनलाई सम्मान गर्दै स्वयंशेवक सेना लुकेको ठाउंलाई गोप्य राख्न दन्केको आगाको ज्वालाले पिल्स्याउंदा पनि चिउ शाओ-युन निश्चल भए र चुप लागेर बसे । लडाईका कामलाई सफलतापूर्वक सम्पन्न गर्ने कुराको सुनिस्चितता गर्न उनले आफ्नो जीवन वलिदान गरे । यी क्रान्तिकारी शहीदहरूबाट प्रेरणा लिएर कम्युनिष्ट पार्टीका सबै सदस्यहरूले निष्ठापूर्वक मार्क्सवादी-लेनिनवादी शास्त्रीय सामाग्रीहरू र माओका कृतिहरू अध्ययन गर्नु पर्दछ, तिनीहरूको वैचारिक चेतना उठाउन प्रयत्न गर्नु पर्दछ, तिनीहरूको सर्बहारावादी पार्टी स्पिरिटलाई बलियो बनाउन र पार्टी अनुशासनलाई सचेत ढङ्गले सम्मान गर्ने नमुनाको रूपमा काम गर्नु पर्दछ । पार्टी अनुशासनको सम्मान गर्न हामी सबैले यसको अपमान गर्ने व्यवहारको विरोध गर्नु पर्दछ । सबै कम्युनिष्टहरू पार्टीको अडानमा बांधिनु पर्दछ र निडर हुने क्रान्तिकारी स्पिरिट प्रदर्शन गर्नु पर्दछ । तिनीहरू सर्बहारा वर्गको क्रान्तिकारी सिद्धान्तमा बांधिनु पर्दछ, पार्टीमा घुसेका बुर्जुवाका एजेण्टहरूले पार्टीलाई ध्वंश गर्ने षडयन्त्रहरूका विरुद्ध संघर्ष गर्नु पर्दछ र पार्टी अनुशासनका विरुद्ध हुने सबै कामहरूको विरोध गर्नु पर्दछ । एउटा कम्युनिष्टमा यो भाव छ कि छैन भन्ने कुराले उसको पार्टी स्पिरिटको सबल र दुर्बल पक्ष देखाउंछ । हाम्रो पार्टीमा "आफुलाई व्यक्तिगतरूपमा असर गर्दैन भने कुराहरू अगाडि बढन दिने", "गलत के हो भन्ने सबै कुरा बुझेर पनि थोरै भन्दा थोरै बोल्ने" अथवा "शव्दले बाठो हुन खोज्ने, सुरक्षित खेल खेल्ने र दोषबाट छलिन मात्र खोज्ने" जस्ता पार्टी अनुशासनसंग मेल नखाने गरी सधैं उदारवादी धारणा राख्ने कमरेडहरू पनि छन् । यो जसरी आगो संग पानी मिल्दैन त्यसरी नै कम्युनिष्टहरूको क्रान्तिकारी स्वभाव संग नमिल्ने अत्यन्त विकृत र बुर्जुवाहरूको कुहेको शैली हो । पार्टी अनुशासनलाई अपमान गर्ने कामका बिरुद्ध हामीले संघर्ष गर्दैनौं भने, हामीले त्यसको खरो विरोध गर्दैनौ भने, तिनीहरू प्रति उदारवादी रबैया अपनाउं छौं भने हामीले असलबाट खराबलाई छुट्याउन नसक्ने, हानीकारक कार्यशैली फैलिन दिने र यसरी पार्टीको हितलाई नोक्सान पुऱ्याउने खतरा निम्त्याउने छौं । कम्युनिष्टले कसरी व्यवहार गर्नु पर्छ भन्ने बारे माओले हामीलाई सिकाउनु भएको छ, "सधैं र जहां पनि उ सिद्धान्तसंग जोडिनु पर्दछ र सबै गलत विचार र कामहरूका विरुद्ध उसले अथक संघर्ष गर्नु पर्दछ ......।" (१४७) हामीले यस्तो क्रान्तिकारी स्पिरिट देखाउनु पर्दछ र पार्टीको अनुशासनको रक्षा गर्न संघर्ष गर्नु पर्दछ ।

पार्टी अनुशासनलाई सम्मान गर्नका निमित्त हरेक कम्युनिष्टले, विशेषतः विभिन्न तहका नेतृत्वदायी कमरेडहरूले सचेत ढङ्गले जनताको आलोचना र नियन्त्रणलाई स्वीकार्नु पर्दछ । हाम्रो राज्य सर्बहारा वर्गको अधिनायकत्वको समाजवादी राज्य हो, श्रमजीवि वर्ग, गरीव तथा मध्यम किसान र आम मेहनती जनता यसका मालिक हुन् र तिनीहरू संग पार्टी र राज्यका विभिन्न तहका कार्यकर्ता माथि क्रान्तिकारी नियन्त्रण लागु गर्ने तागत रहन्छ । तर, पार्टी भित्र वा बाहिरका जनताले आफ्नो टिप्पणी राख्दा त्यसलाई थेग्न नसक्ने सानो संख्यामा केही कार्यकर्ताहरू रहेका हुन्छन् । यी कार्यकर्ताहरू आलोचनालाई दबाउने र बदला लिने हदसम्म पनि जान्छन् । यसलाई पार्टी अनुशासनले अनुमति दिदैन । हामीले पार्टी अनुशासनको विरोधमा खडा हुने यस्ता गतिविधीका विरुद्ध गर्नु पर्ने कठोर संघर्षको प्रश्नलाई दुई-लाईन संघर्षको उच्च तहबाट हेर्नु पर्दछ ।

*(चिनियाँ कम्युनिष्ट पार्टीको आधारभूत बुझाइ, पुस्तकबाट)*

## सामाजिक सञ्जाल



*जनजाति आन्दोलन र जातिवाद फरक फरक चिज हुन् ! हजारौ बर्ष देखि शोषण ,दमन र उत्पीडनको जाटोमा पिल्सियका आदिवासी जनजातिहरूको मुक्ति आदिवासी जनजाति आन्दोलनको लक्ष हो ! एउतै समाजमा बस्ने र समान क्षमता भएका मान्छेहरू बीच राज्य बाट प्राप्त अवसरहरूमा समान अधिकार हुनुपर्दछ यो आदिवासी जनजाति आन्दोलनको माग हो ! एउतै समाजमा जन्मेहुर्केका एउटा समुदायका मान्छे जाति ,धर्म,संस्कार ,संस्कृतिको आधारमा शासक बन्ने र त्यही आधारमा अर्को समुदायको मान्छे शासित बन्ने परिपाटीको अन्त्य हुनुपर्छ यो आदिवासी जनजाति आन्दोलनको अर्को माग हो ! त्यसैले आदिवासी जनजाति आन्दोलन समानता र स्वतन्त्रताको पनि आन्दोलन हो ! तर आदिवासी जनजाति आन्दोलनको कभर भित्र लुकेर आफ्नै मात्र जातिको उन्नति प्रगतिको खेति गर्नु जातिवाद हो ! छन्त्यालले छन्त्याल मात्र , गुरुङले गुरुङ मात्र ,मगरले मगर मात्र र नेवारले नेवार मात्र देख्नु र तट तटको मात्र भलो चाहनु जातिवाद हो ! " मै खाउ , मै लाउ र मै मात्र मोजमस्ती गरौ , मै हासौ, मै नाचौ र मै मात्र बाचौ " भन्नु बाहुनबाद हो ! बाहुनबाद कै जुम्ल्याह भाईहो जनजाति आन्दोलन भित्रको जातिवाद ! जातिवादले आफुलाई राजा र अरुलाई रैती देख्छ , पहिले आफु खाने त्यसपछि बचेको मात्र अरुलाई भन्छ त्यसकारण अर्को शब्दमा जातिवाद मध्ययुगिन सामन्तवाद हो ! जातिवादले आफ्नो जाति बाहेक क्षमता,योग्यता र योगदान केहिपनि देख्दैन त्यसैले त्यो अन्धजातिवाद पनि हो ! जातिवादले बर्ग होईन जात देख्छ त्यसकारण त्यो बर्गीय मुक्ति आन्दोलनको पनि दुश्मन हो ! जातिवाद कुनैपनि रास्ट्र ,समाज ,पार्टी संगठन र व्यक्तिमा छिपेको हुनसक्छ ! त्यसलाई समयमै चिनौ, बुझौ र आ-आफ्नो ठाउ वाट निमिट्यान्न पारौ !- **खगेन्द्र छन्त्याल***



*कहिले बिबिसीमा प्रधानमन्त्री शेरबहादुर देउवाले दिएको अभिव्यक्तिले त कहिले कर्मचारी प्रशासनको सर्वोच्च गरिमामय पद मुख्य सचिव पदबाट राजिनामा नै नदिई एशियाली बिकास बैंकको उपकार्यकारी पदमा जागिरे सोमलाल सुवेदीका कारणले आम नेपालीलाई लज्जित बनाएको छ । यसको जिम्मेवारी कसले लिने खोई ?– **अमिर महर्जन***



*सुकेको रुखमा हरिया पात बेरेर रुखै हरियो बनाउन लागेका कम्युनिष्टहरू देखेर पनि उदेक लाग्छ । अलि अलि सुक्न बाँकी छ भने पनि जरामा पानी हालौं, त्यसैमा पालुवा लाग्न सक्छ।हरिया पात बेर्ने दुख नगरौं कम्रेड ! – **सुरेश गौतम***



*चाइनिज भाषा र देउपाजीको विकास बुझ्न सकियन भनेर गुनासो गर्दैथिय ओलि काका भाषा सिक्न चाइनातिर लागेछन । अब फर्केपछि देउपाजिको विकास पनि बुझ्लान् ? – **अर्जुन खड्का***



*आफ्नै सम्माननीय नेताको नाममा खुलेको अस्पतालमा मृगौला तस्करी हुँदा एक शब्द चु सम्म नबोल्ने पार्टीका नेता कार्यकर्ताले गलत नियतले गलत तथ्यसहितको प्रश्नको उत्तर प्रधानमन्त्रीले नदिएको भन्दै सामाजिक सञ्जालमा गरेको रोइलो हेर्न लायक छ । – **केशरमणि कटुवाल***



*तीन रूपैया पेट्रोलमा बढ्दा हडताल र चक्काजाम गर्ने यो देशका विद्यार्थीहरू चुनाव आयोगले १५ करोडमा ५ वटा गाडी किन्न लाग्दा चुइक्क कोही बोल्दैनन् । सप्तरीका बाढी पीडितलाई जम्मा २५ हजार सहयोग गर्छ सरकार ,अनि चुनाव आयोग जससंग पहिल्यै ५५ वटा गाडी (१० वटा ल्यान्ड क्रुजर) छन् लाई १५ करोड दिन्छाअचम्म ! – **गणेश चितौरे***



*देश २ दलीय तानाशाहीको पञ्जामा पार्ने प्रयास भैराखेको छ । बिस्तारै एउटै बिचार भएका साना पार्टी एकपछिअ र्को क्ल्याप्स हुँदै जान्छन् । त्यसैको लागि थ्रेसहोल्डको निर्दलिय अभ्यास भैराखेको छ ।- **हर्क शाही***



*दुईटा एमाले जनताले चाहेनन्, त्यसैले एमाले र माओवादी केन्द्रले एकता गरेको राम्रो । विचार, राजनीतिक लाइन, जीवनशैली र कार्यशैली, सोच चिन्तनमा केही फरक नेखिएको स्थितिमा अलग्गै रहनुको अर्थ देखिन्न । राजपा, राप्रपा, नयाँ शक्ति फोरम र कांग्रेसले पनि एउटै पार्टी बनाएको राम्रो । उनीहरूमा खासै सैद्धान्तिक भिन्नता देखिन्न । यता मुलुकमा नयाँ जनवादी क्रान्तिको खाँचो देख्ने र मालेमालाई आफ्नो पथप्रदर्शक सिद्धान्त मान्ने पार्टीहरूले पनि एकता र ध्रुवीकरणको लागि सोच्ने पो हो कि !।- **इन्द्र राउत***

# अलविदा देवर बाबु !



इन्दिरा थारू

**त्यो पहाडको कथा**

थारुहरू बावियो काट्न पहाड उक्लिने चलन छ । लोग्नेहरू पहाड उक्लिएको समयमा स्वास्नीलाई घर लिप्ने, पोत्ने, नुहाइधुवाई र कपाल कोर्न बन्देज हुन्थ्यो । यो प्रक्रिया हप्ता दिन, दश दिन, या पन्ध्र दिनसम्म लोग्ने मानिस सकुशल घर नफर्किदासम्म हुन्थ्यो । किनकी थारुहरूमा पहाड आतङ्क थियो । पहाडमा खोंच, कन्दरा, ढुङ्गा, ओडार, नदी र खोलाहरू हुन्छन् । लिप्ने, पोत्ने र नुहाइधुवाई गरेमा लोग्ने मानिस पहाडको ढुङ्गामा चिप्लेर खोलामा बगेर अनर्थ हुने विश्वास थियो । पहाडबाट लिएर आएका टाटाहरू हामी खुसी भएर खान्थ्यौँ र चप्पल बनाएर खुट्टामा लगाउथ्यौँ । म मनमा सोच्थें । म पनि ठूलो भएपछि बाबासँग पहाड कमाउन जान्छु । पहाडमा बावियो काट्नु र निगाला ल्याउनु थारुहरूका लागि ठूलो काम हुन्थ्यो । यसलाई पहाड कमाउनु भनिन्छ । पहाडबाट सकुशल फर्केपछि बहादुर मानिन्थ्यो । म हजुर आमासँग सोध्थें 'हजुर आमा म पनि ठूली भएपछि पहाड कमाउन जान्छु ।' उहाँले 'केटी मान्छे पहाड कमाउन हुँदैन, पहाड कमाउन त छोरा भएर जन्मिनु पर्छ' भन्नु हुन्थ्यो । म अचम्ममा पर्थे । केटा मान्छे जान हुने र केटी जान नहुने यो कस्तो अचम्म । मेरो हजुर आमामा छोरा मान्छे बहादुर हुन्छन् र बहादुरले मात्र पहाड कमाउन सक्छ । किनकी पहाडमा हिँड्न पर्छ आफ्नो खरखजना बोकेर । बलिया, बहादुर र साहासीले गर्ने असाधारण काम हो भन्ने विश्वास थियो । जव म कक्षा आठमा अध्ययनरत थिएँ, तव अखिल क्रान्तिकारीको क्षेत्रीय भेला सुर्खेतको काफलकोटमा जाने मौका पाएँ । हामी बाँके, बर्दियाका विद्यार्थीहरू कोहलपुरको निबुवा, खरगवारबाट सल्यान हुँदै सुर्खेतको काफलकोट पुग्यौं । हामी पहाड चढ्ने पहिलो पटक भएर होला थकानले थलिएका थियौं । स्याँ स्याँ हुन्थ्यो । कान बहिरो जस्तो लाग्थ्यो । कहिल्यै नउक्लिएर होला खुट्टा सुन्निएको पनि थियो । राती सपनामा पनि चिप्लिएको र तल खोंचमा खसेको भान हुन्थ्यो । हाम्रा बाजे, बाबा त सात वटा मात्र पहाड काट्न पर्छ भन्नुहुन्थ्यो । हामी त ३६ वटा पो काट्यो । हामी धेरै बहादुर रहेछौं । एक आपसमा कुरा गऱ्यौं । बाबा काकाहरू सुनाएका कथामा भेटिएका घर भन्दा पनि ठुलो ढुङ्गाहरू भेटायौं । साँगुरो गोरेटो र घोरेटो बाटाहरू देख्यौं । आवेगमा बगेका साना तथा वेगवान खोलाहरू तऱ्यौं । जहाँ मान्छे चिप्लिएर लडेको पनि सुन्यौं । मलाई लाग्यो यसरी नै पानी खाना जाँदा चिप्लिएर लडेका थिए होलान् पहाड कमाउनेहरू ।

**त्यो कर्णाली**

मेरो पहाडको कथासँग कर्णाली जोडियो । २०६३ मा कर्णाली घुम्ने र पढ्ने मौका इच्छुक साँस्कृतिक पविारले जुराएको थियो । हामी नेपालगञ्जबाट गाडीमा सुर्खेत हुँदै दैलेखको माथिल्लो ढुङ्गेश्वरसम्म गयौं । ढुङ्गेश्वरदेखि हाम्रो पैदल यात्रा सुरु भयो । कर्णाली राजमार्गको ट्र्याक खुल्दै थियो । आङ सिरिङ्ग हुन्थ्यो भिरालो बाटो देखेर । किनकी म भिरालो बाटोको पहिलो पैदल यात्री थिएँ या भनौं मेरो आफन्तले कहिल्यै कल्पना नगरेको यात्री थिएँ । भिरालो बाटो आउँदा म आँखा चिम्म गर्थें र साथीहरू डोऱ्याएर लैजानु हुन्थ्यो । हामी कालिकोट हुँदै जुम्ला पुग्यौं । जुम्लाबाट हाम्रो साँस्कृतिक मार्च सुरु भयो । हामीले जुम्लाको खलङ्गा बजारमा सबभन्दा पहिलो प्रस्तुति पस्क्यौं । बजारबाट सुरु भएको हाम्रो यात्रा गुठीचौर, देपालगाउँ, तातोपानी हुँदै सिंजाको लुड्कु, नराकोटमा समापन गरेर मुगुतर्फ लाग्यौं । मुगुमा पनि ठाउँ ठाउँमा कार्यक्रम भयो । त्यहाँ पनि छुईगोठका किशोरीहरूको जीवनगाथा सुनें । त्यो गोठमा वेहाल जिन्दगी र अवस्थिति देखेर मन चिसिक्क हुन्थ्याये । हामी प्रत्यक्ष जनताको बीचमा जान्थ्यौं । मलाई भाषाको एकदमै समस्या पर्थ्यो । जनताकै चुल्होमा खाना खान्थ्यो हाम्रो टीम । हामी एक गाउँबाट अर्को गाउँमा पुग्न झिसमिसमै यात्रा तय गर्थ्यौं । कहिले कोदाका रोटा, कसैकोमा आलु, कसैकोमा चिनोको भात हुन्थ्यो । साथीहरू मलाई जिस्क्याउनु हुन्थ्यो किनकी म थारुको चेली कोदो, चिनो, फापर भन्ने पहिलो चोटी चाँख्दै थिएँ । तर पनि कर्णालीबासीको जीवन पढ्ने कोसिश गरें । चिनोसँग नाता गाँसे, आलुसँग मितेरी लाएँ, फापरसँग खाएर रमाएँ ।

कठिन उकालो ओरालो गर्दै कालिकोट, जुम्ला, मुगु, हुम्ला पुनः मुगु, कालिकोट हुँदै जुम्ला आएर एउटा लामो कर्णाली सांस्कृतिक मार्च सकियो ।

**त्यो पहिलो भेट**

पहाड आतङ्कले त्रसित हुने थारु समाजमा जन्मिएकी चेलीको जनयुद्धको बीचबाट पहाडसँग मेरो नाता गाँसियो । मेरो हजुरआमाहरू, आमाहरू, काकीहरू पहाडमा बावियो लिन जाने आफ्ना श्रीमान्हरूको जीवन नचिप्लियोस् भनेर पुकारा गर्थे भने म अव स्वयम् पहाडै पहाडको वस्तीमा पुगेकी थिएँ । १० रूपैयामा जनवादी विवाह गरेर जुम्लेनीमा फेरिएको तीन महिना पछि मेरो देवर हरिबहादुर कुँवरसँग भेट भएको थियो ।

जुम्लाबाट दुई दिनको गाडी यात्रा गरेर विहान पुष्पलाल चोकमा आइपुगेको खबर आयो । राज आफ्ना भिनाजु र भाईलाई लिन पुष्पलाल चोक जानुभयो । म आतुर थिएँ । साँच्चि नै भन्ने हो भने एउटा विवाहित महिला आफ्नो घर परिवारसँग भेट्न कौतुहल हुने रैछ । के होला ? कसो होला ? अलि मनमा डर, रहर लाग्ने रैछ । मनमा छुट्टै भावना जागृत हुँदोरहेछ ।

पुसको तुँवालोले छोपेको थियो । घामको दर्शन भेट पनि गाह्रो पर्थ्यो । देवर अलि अगाडि आउनु भयो । जाडो भएर होला गमक्क कपडा लगाएका देवर अग्लो, कालो र चिसो हावा पानीले चाउरिएकोले मैले दाई भनेर नमस्कार गरेँ । एउटाले पनि नमस्कार फर्काउनु भयो । लगत्तै राज आउनु भयो अनि हामीलाई एक आपसमा परिचित गराउनु भयो । देवरले फेरी नमस्कार फिर्ता गर्नु भयो ।

मैले खाना तयार गरेँ । हामी सवैले खाना खायौँ । दाई(गोर्ख कठायत'क.हर्वेन्द्र') र देवर एकछिन आराम गरेर नुहाउनु भयो । दाई दुई दिन पछि जुम्ला फर्किनु भयो । देवर भने ट्युसनको लागि तयारीमा लाग्नु भयो । पहाडबाट भर्खर झरेर होला, उहाँ साइकल सिक्न एकदमै रुचि राखेर एक हप्तामा सिक्नु भयो । नयाँ साइकलको पनि धजीया उडाउनु भयो । त्यो साइकल रहरै रहरमा थोत्रो बनाएर छोड्नु भयो ।





**यो जीवन**

उहाँ कक्षा आठदेखि नेपालगञ्जको मङ्गलप्रसाद उच्च माविमा अध्ययनरत हुनुभयो । उहाँ सुरु सुरुमा आउँदा केही थाहाँ पाउनु हुँदैनथ्यो । उहाँलाई केही घरायसी सामान लिन पठाउँदा लिएर त आउनु हुन्थ्यो । सामान ल्याएर नजनाउने बानी थियो । अलि अव्यवहारिक लाग्थ्यो । नाचगानमा साह्रै इच्छा राख्ने । उहाँ विद्यालयमा प्रत्येक कार्यक्रममा सहभागीता जनाउनु हुन्थ्यो । साइकलको साह्रै सौखिन । साइकल किनी दिएपछि भूँइमा खुट्टै थिएन । हामी देवर भाउजुकै छुट्टा छुट्टै साइकल थियो । तर चोरले देवर भाउजुकै साइकल चोरीदिए पछि कम्ता नमिठो मान्नु भएको थिएन ।

समय वित्दै जाँदा उहाँ अलि बढी बाहिर घुम्न जान थाल्नुभयो । मलाई डर लाग्थ्यो । आजकालका केटा कहीँ कतै झगडा पारेभने मैलैं घरमा के जवाफ दिने ? म अलि सकसमा पर्न थालेँ । उहाँ प्रत्यक्ष मेरै निगरानीमा हुनुहुन्थ्यो । आमा, बुवा, र दाईको प्रत्यक्ष भूमिका मैले निर्वाह गर्नु पर्थ्यो । त्यसैले उहाँ र मेरोबीच अलि अलि खटपट भइरहन्थ्यो । उहाँमा राम्रो समाजसेवी भावना थियो । पटक पटक रक्तदान गरिरहनु हुन्थ्यो ।

आखिर जे जस्तो भएपनि एसएलसीमा राम्रो परिणामा आएन । सारै दुःख लाग्यो । अन्तमा कम्पार्टमा पास हुनुभयो । मैले खुसीले आधा किलो मासु ल्याएँ । उहाँ साथीहरूसँग खुसी भएर बाहिर जानु भयो । म, मीना, मञ्जु दिदी र रिना रिजल्ट हेर्दै थियौँ । हामी सबै जनाले खुसी भएर बधाइ दियौँ । भान्सामा खुसीले आधा किलो मासु कोइला भएको पत्तै भएन ।

आजभोली लाग्छ कर्णाली स्वायत्तताको अपुरो खुशी पनि आखिर हरिबहादुरसँग साट्नु पऱ्यो ।

**त्यो आन्दोलन**

नेपालमा सङ्घीयताको प्रारूप प्रस्तुत भयो २०७२ साउन २३ गते । पछिल्लो दिनदेखि कर्णाली, मधेशी र थारु समुदाय आन्दोलित भएका थिए । कतैँ पहिचानको लडाइँ, कहीँ अखण्डताको लडाइँ त कही विशेष अधिकारसहितको स्वायत्त प्रदेशको लडाइँ । दिनप्रदिन आन्दोलनका स्वरूपहरू परिवर्तित थिए । त्यति बेला म नेपालगञ्जमा थिएँ । नेपालगञ्जमा 'एक मधेश एक प्रदेश' को आन्दोलन चर्किरहेको थियो भने थारुहरूको पनि थारुवान/थारुहटको छुट्टै पहिचानसहितको आन्दोलन थियो । आन्दोलनले बजारहरू बन्द थिए । बन्दले गर्दा म माइतमा गएँ । जगतिया म बसेको दुई दिन भएको थियो । कर्णालीमा आन्दोलन दिनदिनै चर्किदै गइरहेको थियो ।

म मोवाइल छोडेर अङ्कलको घरमा थिएँ । घरमा फोनको ओइरो लागेको थियो । म झसङ्ग भए । यतिधेरै फोन आको रैछ । मैले राजलाई कल व्याक गरेँ । राजले हरिबहादुरलाई गोली लागेको जानकारी गराउनु भयो । म आत्तिएँ । अलमलमा परेँ । मन वेचैन भयो । म अन्यौलमा पर्दै गएँ । मुटुको धड्कन जोर जोरले धड्किन थाल्यो । मैले सबैलाई खबर गरें । राजले फोन गरेर तुरुन्त नेपालगञ्ज आउ भन्नुभयो । घाइतेहरू लिएर नेपाल आर्मीको हेलिकप्टर नेपालगञ्ज आउँदैछ । यता नेपालगञ्ज गुलरिया सडक खण्डमा राती नौं बजेसम्म आन्दोलनकारी बस्थे । मसँग एक पैसो थिएन । रात छिपिदै जान थाल्यो । के गर्ने, कसो गर्ने ? सोच्न गाह्रो भयो । सामान्य आर्थिक जोरजाम गरेर अङ्कल, म र भाई लौकुश १० बजे नेपालगञ्ज पुग्यौँ । सुर्य दाईले नेपालगञ्जको नर्सिङ होम र भेरी अञ्चल अस्पतालमा बुझ्नु भयो तर त्यहाँ कोही नआएको जानकारी दिनुभयो । अङ्कल र भाई एकछिनपछि घर फर्किनुभयो भने मञ्जु दिदी, म र सुर्य दाई खबर बुझ्न लागिरह्यौँ ।

मलाई रातभर निन्द्रा लागेनँ । फोनको प्रतीक्षामा रात वित्यो । हामी ४ बजे उठ्यौँ । फेरी खबर गर्न तर्फ लाग्यौँ । विहानै राजले फोन गरेर कोहलपुर शिक्षण अस्पताल जान भन्नुभयो । हामी हतार हतार निस्किन खोज्दै थियौँ तर सुर्य दाईको गाडीमा पेट्रोलको सकिएकोले साँढे ५ बजिसकेको थियो । छिमेकी दाइलाई उठाएर १ लिटर तेल सापटी लिएर सुर्य दाई, दिलमाया र म कोहलपुर तर्फ लाग्यौँ । हामी राँझा पुग्न नपाउँदै पानी बेस्सरी परेर हाम्रो यात्रा छेक्न खोज्दै थियो । तर हामी निरन्तर पानीमा भिज्दै कोहलपुर पुग्यौँ ।

कोहलपुर शिक्षण अस्पताल पुग्न नपाउँदै हाम्रो आँखा चारैतिर डुल्न थालिसकेका थिए । हामी हतार हतार जुम्लाको विरामी कता छ भनेर सोध्यौँ र सरासर भित्र गयौँ । घाइतेमध्ये सबैभन्दा गम्भीर हाम्रो विरामीको थियो । ११ बजे पुगेको विरामीमध्ये हाम्रो विरामीलाई राती २ बजे नै रिफर गरिएको रहेछ काठमाडौ या लखनउ लैजान । हामी त्यहाँ पुग्दा भोजेन्द्र बाबु मात्र हुनुहुन्थ्यो । उहाँ सानो काँटको भनेर कसैले नटेर्ने रहेछन् । रातभर भोजेन्द्र बाबुलाई विरामी देवरले भाउजु बोलाउने गरेको कुरा सुनाउनु भयो । हामी त्यहाँ पुगेको थाहाँ पाएपछि देवरले भाउजु दाइ खोई ? 'मलाई गाडीमा ल्याएर आको हुनाले शरीर दुखेको छ भाउजु, मालिस गर्दिनुहोस्' भन्नुभयो । मलाई साह्रै पीर लाग्यो । मनमा अनेक कुरा खेल्न थालेँ । सुर्य दाई बुझ्न थाल्नुभयो । म र दिलमाया हात मालिस गर्दै थियौं । डाक्टर आएर विरामीको मान्छे खोई भन्नुभयो । मैले आफुलाई इंगित गरेँ । '२ बजे नै रिफर गरेको विरामी अहिलेसम्म खोइ लगेको विरामीको अवस्था गम्भीर छ, केही भयो भने हामीलाई भन्न पाउनु हुन्न' भन्यो । म झन् आत्तिएँ । राजको फोन आयो । मैले सबै कुराको जानकारी दिएँ । राज काठमाडौंमा हुनुहुन्थ्यो । हाम्रो फोन सम्पर्क भइरहन्थ्यौँ । उहाँले विरामी काठमाडौं लान हेलिकप्टरको व्यवस्था हुँदैछ भनेर जानकारी दिनुभयो । विरामी भाउजु छिट्टै लैजानुहोस भनेर आत्तिन थालिसक्नु भएको थियो । म पल्ट पल्ट आश्वासन दिइरहेको थिएँ । कुराकानी नमिलेर ढिला भइरहेको थियो । विरामी छटपटारहेका थिए । बल्ल बल्ल कुरा मिल्यो र हामी ३ जना विरामी लिएर सिम्रिक एअरबाट दिउँसो १ बजे राँझा एयरपोर्टबाट काजजात गराएर उड्यौँ । पानी झ्यामझ्याम परिरहेको थियो तैपनि प्लेन उड्यो । हामी काठमाडौं पुगेको थाहाँ पाएपछि देवर फेरी सोध्न थाल्नु भयो 'दाई खोई ? कहाँ हुनुहुन्छ ? कतिबेला आउँनु हुन्छ ?' मैले दाई गेटमा एम्बुलेन्स लिएर आइसकेको जानकारी गराएँ र अलि शान्त हुनुभयो । दाईलाई देखेपछि अलि भावुक पनि हुनुभयो ।

जव हामी शिक्षण अस्पतालभित्र छिर्‍यौँ, तव फेरी अशोकलाई सोध्न थाल्नुभयो । अशोक ४ बजे आएपछि उसँग कुराकानी गर्नुहुन्थ्यो । उपचार प्रक्रिया जारी थियो । डाक्टरहरू आएर रिर्पोट हेर्थे । टाउको हल्लाउँथे । स्पाइनलकर्ड इन्ज्यूरी भएकोले बचाउन गाह्रो हुने सङ्केत गर्थे । हामी निरन्तर प्रयासरत थियौँ । विरामीको झन् झन् अवस्था विग्रिदै गइरहेको थियो । सुनिने प्रक्रिया जारी थियो । बोलीमा पनि अस्पष्टता हुँदै गइरहेको थियो । हामी ३ जना भएको हुनाले सिफ्ट मिलाएर कुरुवा बस्थ्यौं । मैले दिउँसो ३ बजे औषधी खुवाए । उहाँले घरी घरी सोधिरहनु हुन्थ्यो -'भाउजु अप्रेशन कति खेर गर्छ ? मलाई बेसरी दुखेको छ । छिटो गर्न भन्नुहोस् न ।' म तयारी हुँदैछ, नआत्तिनुहोस् भनिरहेकी थिए । भदौं ३ गते उहाँलाई बेस्सरी अप्ठ्यारो भयो । आइसियु खाली थिएन । हामी लगातार पम्पबाट कृत्रिम स्वास दिइरहेका थियौं । राती ११ बजे खाली भएपछि आयुसीमा लग्यो । त्यसमा एक जनालाई मात्र भेट्न जान दिन्थ्यो । हामी समय मिलाएर भेट्न जाँदा बरबर आँसु झार्नु हुन्थ्यो । मन पिरो, अमिलो भएर नैरश्यता पैदा हुन्थ्यो । हामी ४ गते राती अशोक र विशाललाई कुर्न लगाएर डेरामा आयौँ ।

यसरी पीडा, अन्यौल र छटपटीका बीच ६ गते विहान २ बजे अशोकले फोन गऱ्यो र हामी हतारिदै ट्याक्सी चढेर टिचिङ गयौँ । अवस्था नाजुक थियो । डाक्टरले मेन्टल्ली तयार रहनु बाहेक अरु कुनै विकल्प नरहेको जानकारी दिए । 'अन्तिम भेटघाट गर्न सक्नुहुन्छ' भनेर बोलायो राज र अशोक भित्र गए । म जान सकिनँ किनकी ममा त्यो मृत्युको अन्तिम छटपटी हेर्ने सामर्थ्य नै भएनँ । समय वित्दै गयो र ४ बजे डाक्टरले घोषणा गऱ्यो कि देवर बाबु सदाको लागि अलविदा हुनुभयो ।

विहान चारैतिर खबर भयो । हामीले सहिद घोषणा नभएसम्म लास नबुझ्ने भन्यौँ । पोष्टमार्टमका लागि भन्दै शव आइसियुबाट शवगृहमा राखियो । त्यही अन्तिम श्रद्धाञ्जली दिन मोहन वैद्य'किरण', डा. बाबुराम भट्टराई, माधवकुमार नेपाल, प्रकाशज्वाला, भरत बमलगायतका नेताहरू, कर्णालीका सभासदहरू, आन्दोलनकारी र कर्णालीवासी, जो काठमाडौँमा हुनुहन्छ, आउनुभयो । त्यो आन्दोलन, गोलीकाण्ड र शहादतसम्मका दृश्यहरू फनफनी नाच्न थालेँ । मानिसहरूले थरीथरीका प्रतिक्रिया दिइरहेका थिएँ । हाम्रो लागि सिंगे काका अभिभावकका रूपमा रहनु भयो ।

अन्तमा कर्णालीका आन्दोलनकारीले हरिबहादुरलाई शहीद घोषणा गर्दै उच्च सम्मान प्रकट गरेपछि हत्यारा सरकारसँग शहीदको सम्मान माग नगर्ने निर्णय भयो र ८ गते दिउँसो हरिबहादुरको शव पशुपति आर्यघाटमा जल्यो । कर्णालीको स्वायत्तताका लागि जलेको त्यो शरीरसँगै एउटा मानिस हाम्रो परिवारमा सम्झनामा मात्र जीवित रह्यो । हामी पीडाले जलिरह्यौँ । अलविदा हरिबहादुर । अलविदा शहीद ।

कविता

## पिंगुवाखोला

✍ इन्दिरा अधिकारी

तिमी मेरो साथी
भएर हेला
शब्दमा खोज्दैछु
तिमीलाई पिङ्गुवाखोला

हावासरी उडेर
गाई बख्राका बथासँगै
हँसिया र नाम्लोको साथमा
आउँथे तिमीलाई भेट्ने

गीतको भाकामा जिस्काउँदै
तिम्रै किनारा छेउमा बसी
छाङ्गा र छहरा नियाल्दै
कञ्चन पानी खेल्दै

तिमीले धेरै सिकाएका छौ
उर्लेको बाढी देखाई
धैर्य धारण गर्नु
सहस्र आँशुसँग पीडा बगाउन

शोकलाई शक्तिमा बदल्न
अन्यायको विरुद्ध लड्न
संघर्ष गर्दै अगाडि बढ्न
नरभक्षी ब्वाँसाहरू लखेट्न

तिमीबाट धेरै सिके
त्यसैले तिमीलाई गुरु
अनि आमा मान्दछु

अरुले जे सोचोस् तिम्रो बारेमा
म प्रकृतिकै अंश ठान्दछु
टाढा तिमीबाट अवश्य छु
सधैं सधैं सम्झिरहन्छु

धेरै कुरा सोध्न मन छ
परिवर्तन भयौ कि
समयकाल परिस्थिति
सबै बदलिएका छन्

तिमीले देखाएको मुक्तिको बाटो
....... धक्का खाइ
सयौं गुणा पछाडी धकेलिएको छ

क्रान्तिकारीहरू प्रतिक्रान्तिमा
रूपान्तरित भएका छन्
सहिदका सपना अधुरै छन्
प्रतिक्रियाकाल सुरु भएको छ

राष्ट्र र जनघातीहरू
राष्ट्रवादीको भ्रम छर्दैछन्
फुट र लूटको भ्रष्ट खेती
जतातते मौलाएको छ

तिमीलाई सोध्न मन छ
तिमी पनि कतै फेरियौ की
युद्धका सिपाहीहरूको भाग्य बेचेझैं
तिमी पनि बेचियौ की ?

तिम्रा काखमा खेल्ने
वन्यजन्तुहरू
विचलित अवस्थामा
रोइरहेका त छैनन्

तिमी नै परिवर्तन भएर
अन्तै बाटो मोड्यौ की
आफ्नो लक्ष्यमा पुग्न
दृढताका साथ त्यही बग्दै छौ

मेरो बाल्यकालको साथी
तिमी पिङ्गुवाखोला

## गजल

✍ होम सुवेदी

मेरै जस्तो आँसु केही झारेर र त हेर
आफ्नो मनको ढिपीलाइ टारेर त हेर ॥

सजिलै छ आफू एक्लै पारी तिर तर्न
तर डुब्न लागेकोलाइ तारेर त हेर ॥

जहिलेसुकै जित्नै पर्ने सिद्धान्त छ तिम्रो
एक पल्टट जिन्दगीमा हारेर त हेर ॥

भाग्यलाई दाउ थाप्ने कस्तो तिम्रो चाला
हामी पनि हेर्छौं दाउ पारेर त हेर ॥

भैंचालोले भत्काएको बस्ती उस्तै देख्छु
धुर्मुसले जस्तै बस्ती सारेर त हेर ॥

## देशभक्त...

अगाडि बढाउनका लागि अत्यन्तै खड्किएको र अपूरो रहेको पक्ष भनेको संयुक्त मोर्चा निर्माण र त्यसको प्रभावकारी संचालनको पक्ष नै हो । त्यस प्रकारको ऐतिहासिक कामलाई पूरा गर्ने तर्फ नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले गम्भीरतापूर्वक ध्यान दिएको छ । त्यस तर्फ ठोस पहलकदमी समेत लिएको छ । त्यो पहलकदमीलाई मूर्तरूप प्रदान गर्नका लागि गत २०७३ साल भाद्र महिनाको २६ र २७ गते काठमाण्डौमा एक राष्ट्रिय भेलाको आयोजना गरिएको थियो । उक्त भेलाले संयुक्त मोर्चा निर्माणको कार्यलाई व्यवहारिक रूप प्रदान गर्नका लागि "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो)" निर्माण गरिएको थियो । उक्त भेलाले एउटा राष्ट्रिय सम्मेलन आयोजक समिति समेत निर्माण गरेको छ र त्यसको अध्यक्ष र सचिवमा क्रमशः सी.पी. गजुरेल र परि थापालाई चयन गरेको छ ।

संयुक्त मोर्चाको गठन र निर्माण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा हुने गरेको छ । विगतमा मुख्य गरेर साम्राज्यवादी शक्तिहरूको आक्रमणका विरुद्धमा क्रान्तिकारी शक्ति एवं मुक्तिकामी जनताहरूका बिचमा त्यसप्रकारको संयुक्त मोर्चाहरू गठन भएर आक्रमणकारीहरूलाई परास्त गरेको उदाहरण र इतिहास हाम्रा अगाडि छ । खास गरेर युरोपमा फासिवाद विरुद्धको संयुक्त मोर्चा र एशियामा अमेरिका र जापानी साम्राज्यवाद विरुद्धको संयुक्त मोर्चा उल्लेखनीय रहेका छन् । तर अहिले हामीले गठन एवं निर्माण गरेको "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल"ले नेपालमा ऐतिहासिक रूपमा नै बेकम्मा भैसकेको वर्तमान संसदीय व्यवस्थाको विकल्पमा संसदीय जनगणतन्त्रको स्थापना गर्ने लक्ष्य सहित अगाडी बढ्ने छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले आफ्नो भूमिका र कार्यभारलाई राष्ट्रिय भेलामा प्रस्तुत र पारित नीति तथा कार्यक्रममा स्पष्ट ढंगले उल्लेख गरेको छ ।

उक्त नीति तथा कार्यक्रममा भनिएको छ, "स्वतन्त्र राष्ट्र भनिए पनि आजसम्म पनि नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रता कुण्ठित रहेको छ । जनताले पटक पटक जनसंघर्ष, जनआन्दोलन र जनयुद्ध जस्ता संसारै थर्काउने क्रान्तिकारी आन्दोलनमा त्याग र बलिदानका कीर्तिमानहरू कायम गरे । तर अन्तमा ती सबै क्रान्तिकारी संघर्षहरू आफ्नो उद्देश्य हासिल गर्ने काममा अपूर्ण नै रहे र विभिन्न सम्झौता वा सहमतिका नाममा धोकामा गएर टुङ्गिए ।" त्यसमा अगाडी भनिएको छ, "समान उद्देश्य भएका शक्तिहरूका बीचमा आफ्ना उद्देश्य प्राप्तिका लागि शक्ति संचय गर्ने, ती शक्तिहरूलाई एकतावद्ध गराउने, विरोधीहरू माथिको प्रहारलाई सशक्त बनाउन भूमिका खेल्ने संयन्त्र संयुक्त मोर्चा हो । त्यसमा अझ थप भनिएको छ, "यो अवस्थामा नेपालमा विद्यमान राष्ट्रिय स्वाधिनता, जनजीवीका र आर्थिक विकास तथा अग्रगामी जनगणतन्त्रको स्थापनाको पक्षमा रहेका नेपाली जनताका बिचमा क्रान्तिकारी संयुक्त मोर्चा बनाउनु अत्यावश्यक छ । यसो गरेर मात्रा हामीले जनताको अपराजय शक्ति निर्माण गर्न सक्ने छौं ।"

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले संघर्ष र सत्ताको साधनका रूपमा आफ्नो भूमिका र कार्यभार पूरा गर्नुपर्ने छ । त्यसैले राष्ट्रिय भेलाले पारित गरेको नीति तथा कार्यक्रममा यस प्रकार उल्लेख गरिएको छ, " .... यो संघर्षको सधान हो र सत्ताको पनि सधान हो । वर्ग संघर्षको विकास र समग्र क्रान्तिकारी आन्दोलनको विकासको स्तर माथि धयन दिएर यसको भूमिका पनि निर्धारित हुने गर्दछ । विद्यमान अवस्थामा यो मोर्चाले प्रमुख रूपमा संघर्षको साधनको भूमिका खेल्ने छ । परिस्थितिको परिवर्तनसँगै यसले सत्ताको साधनको भूमिका पनि खेल्ने कुरामा हामी स्पष्ट हुनु जरुरी छ ।" त्यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले वैधानिक र अवैधानिक संघर्षको संचालन र नेतृत्व गर्नेछ । जस्तो कि माथि उल्लेखति नीति तथा कार्यक्रममा अगाडी भनिएको छ, "यो मोर्चाले विद्यमान अवस्थामा मुख्यतः वैधानिक कामहरूलाई अघि बढाउने र वैधानिक संघर्ष संचालन गर्ने काम गर्दछ । आवश्यकता अनुसार संसदीय निर्वाचनलाई उपयोग गर्नुपर्ने आवश्यकता भयो भने यो मोर्चालाई निर्वाचन आयोगमा दर्ता गराउन सकिन्छ । तर संघर्षमा वैधानिक र अवैधानिक रूपहरूलाई छुट्याउने कुनै चीनियाँ पर्खाल जस्तो हुँदैन । कुनै अवस्थामा यसले संचालन गर्ने गतिविधिलाई राज्यले 'अवैधानिक'को बिल्ला लगाइदिन पनि सक्दछ ।"

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल गठन भएको लगभग एक वर्ष पूरा हुन लागेको छ । तसर्थ अझै पनि यो मोर्चा सांगठनिक हिसाबले प्रारम्भि अवस्था मै रहेको छ । त्यसकारण यसलाई आम जनताका बिचमा स्थापित गराएर सशक्त रूपले अगाडि बढाउनका लागि योजनावद्ध ढंगले कार्ययोजना तय गरी अगाडी बढ्नु अत्यावश्यक र तड्कारो भएको छ । त्यसका लागि सर्वप्रथम अहिले बनेको नेपाल राज्यको संरचना अनुसार प्रदेश र स्थानीय तहहरूमा ब्यापक रूपमा संगठन र्मिाण गरी वैज्ञानिक एवं गतिशील ढंगले संचालन र परिचालन गर्नु पर्दछ । त्यसैगरी केन्द्रीय, प्रादेशीक र स्थानीय संगठन र समितिहरूले राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको पक्षमा ठोस मुद्दा एवं विषयहरूको खोजी गरी संघर्षको कार्यक्रम संचालन गर्नु पर्दछ । त्यसक्रममा मुद्दा र विषय मिल्ने पार्टी एवं शक्तिहरूसँग कार्यगत एकता र सहकार्य गरी जनपक्षीय शक्तिहरूलाई एकजुट बनाउनु पर्दछ ।

वर्तमान अवस्थामा प्रतिक्रियावादी संसदीय व्यवस्था अन्तर्गत सरकार र विपक्षमा रहेका तत्वहरूले राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावादलाई संस्थागत रूपमै संस्कार र संस्कृतिको रूपमा अगाडि बढाएका छन् । त्यसबाट सिंगो राष्ट्र नै बदनाम हुन पुगेको छ भने आम जनसमुदायले उत्पीडित अवस्थामा जीवन विताउनु परेको छ । प्रतिक्रियावादी तत्वहरूको त्यस प्रकारका देशद्रोही र जनविरोधी गतिविधिको ब्यापक र सशक्त भण्डाफोर गर्नु अत्यवाश्यक छ । त्यसका लागि संचार, प्रकाशन एवं प्रचार-प्रसारमा विशेष जोड दिन र व्यवहारिक रूपमा कार्यान्वयन गर्न नितान्त आवश्यक छ ।

यही २०७४ साउन १ र २ गते काठमाडौंमा सम्पन्न भएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय आयोजक समितिले माथि उल्लेखित गरिएका विषयहरूमा ब्यापक र गहन छलफल पश्चात विस्तृत कार्ययोजना र निर्णहरू गरको छ । अब उक्त कार्यक्रम र निर्णयहरूलाई कार्यान्वयन गर्न सम्पूर्ण नेतृत्व र कार्यकर्तापंक्तिको अहम् जिम्मेवारी बन्दछ । उक्त कार्ययोजनाहरू सफलतापूर्वक सम्पन्न गर्न किन आवश्यक छ भने देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले वर्तमान अवस्थाको आफ्नो तदर्थकालको अन्त्य गरी अगाडी बढ्नु पर्दछ । त्यसको लागि राष्ट्रिय सम्मेलन वा अधिवेशनको आयोजना गर्नु आवश्यक हुन्छ । त्यसपछि एउटा सुदृढ संगठन निर्माण र सांगठनिक संजालको विकास गर्न सम्भाव हुनेछ । त्यसको परिणाम स्वरूप राष्ट्रिय भेलाले पारित गरेको नीति तथा कार्यक्रममा उल्लेख गरे जस्तै देश र जनताका व्यापकतम हितका पक्षमा संघर्षको नेतृत्वदायी भूमिका निर्वाह गर्न र कार्यभार पूरा गर्न सक्षम एवं सबल बन्ने कुरामा दुईमत हुँदैन ।

## अब...

पर्खनु पर्छ । बाटा-घाटा सबै क्षतविक्षत छन् । राजधानी नै सडकमा पानीपोखरी र धान रोप्ने, पर्यावरण र वातावरणीय प्रदुषण धुँवा धुलो, जाम र अस्तव्यस्तताको पर्याय बनेको छ । देशलाई राजधानीसँग जोड्ने एकमात्र बाटोमा यात्रुले १२ घण्टा जाममा अड्किनु पर्छ भने कलंकीदेखि थानकोटसम्म घण्टौं जाम हुन्छ । हिँडेर आधा घण्टामा पुग्ने दुरीलाई गाडीबाट दुई घण्टा लाग्छ । कार्यालयमा भ्रष्टाचार, राजनीतिमा दलाली, अर्थतन्त्रमा दुर्गती, राष्ट्रियतामा हस्तक्षेप, खेतिपाती उत्पादनमा शून्यता, प्रतिभाजति विदेश पलायन, कृषि खाद्यान्नमा विदेशी निर्भरता, सिंहदरवारमा मूर्दापन, ब्यापारघाटा निरन्तर बृद्धि, कलकारखाना उद्योग सबै बन्द र बेचबिखन, रोजगारीमा शून्यता, योग्यता र क्षमतालाई अवसरबाट बञ्चित, उपभोक्तावाद र लूटतन्त्र, अनुत्तरदायी र बेइमान राजनीति, परनिर्भरता र परजीविता-बस देशमा यत्ति मात्र छ । अरु जनताप्रति सम्बेदनहीनता र व्यवस्थापकीय अन्धोपनको यो परिस्थितिले देशलाई कहाँ पुऱ्याउला ? उही अँध्यारो खाल्डोमा । अहिले देश त्यही अँध्यारोमा जाकिँदै गएको छ । यो सबैबाट मुक्ति कहिले पाउला देशले ? यो संसदीय व्यवस्थाबाट सम्भव छ ? के यो नवउदारवादको उपभोक्तावादी राजनैतिक चरित्रबाट सम्भव छ ? जुन व्यवस्था र राजनीति निरन्तर असफल र दिवालिया हुँदै आएको छ । संसदीय व्यवस्था ०७-०१७ सम्म अति असफल भएको हो । ०४६-०५८ सम्म पनि असफल नै भयो र ०६३-०७३ सम्म पनि असफल नै भएको छ । संसारबाट असफल भएको नवउदारवाद र संसदीय व्यवस्था हामी कहाँ बलजफ्ती लडेर चलाउन खोजिएको छ । साम्राज्यवादको विस्तारवादको दलाल र देशद्रोहीहरूको निर्देशनमा । अनि कसरी यो समाधान हुन सक्छ ? यो समाधान होइन-समस्या पो भयो त । समस्यै समस्याको जालो फैलाएर जनतालाई जसरी भ्रम दिइएको छ, त्यो राष्ट्रघाती काम मात्र हो । के देशले काँचुली फेर्ला ? के देश समृद्ध होला ? के देशमा राजनैतिक क्रान्ति अब जरुरी छैन ? के देश उज्यालो भविष्य र अग्रगामी युगतर्फ अघि बढ्दैन ? यी सबै प्रश्नका जवाफ नकार मात्रै हुन्छ । नेपाली जनताले बुझ्नु पर्छ, सिंह दरवारका ब्वाँसाहरू अब गाउँ-गाउँ छिरेका छन् र तिनले जनताको मुटु र कलेजो मात्र होइन, देशको सार्वभौमिकता नै खानेछन् । सबैलाई चेतना भया ।

## कूटनीतिक...

जिनपिङ, प्रधानमन्त्री ली खछ्याङ, झाङ देजियाङ, यु झेंगसेंग, लिउ युनसान, वांग क्विसान र झाङ गाओलीलगायतका शीर्ष नेताहरू गएका थिए । राष्ट्रपति सी केन्द्रीय सैन्य आयोगका अध्यक्ष समेत हुन् । सो प्रदर्शनीमा १ हजार फोटो तथा १ हजार ३ सय सैन्य कौशलका अवशेषहरू प्रदर्शनीमा राखिएको छ ।

चिनियाँ जनमुक्ति सेनाको यो उत्सवमा एउटा समूह भने सहभागी हुन पाउने छैन । किनकी भारतसँगको तनावका कारण सिक्किम र भुटानको बिचमा रहेको सीमा क्षेत्रमा दुवै देशले ठूलो समूह तैनाथ गरेका छन् ।

चिनियाँ जनमुक्ति सेनाले सडक निर्माण गरिरहेका बेला भारतीय सेनाले अवरोध गरेपछि सुरु भएको दुई देशबीचको तनावलाई घटाउनका लागि वार्ताको ढोका खुला रहेको चीनले बताएपछि भारतीय सुरक्षा सल्लाहकार अजित डोभाल चीन जान लागेका हुन् । यद्यपि चीनले दुई देशबीच कुनै पनि अर्थपूर्ण कुराकानीका लागि भारतले आफ्नो सेनालाई सीमा क्षेत्रबाट फिर्ता बोलाउनुपर्ने पहिलो शर्त रहेको बताउँदै आएको छ । यद्यपि डोभासँग चीनमा कुनै पनि सहमतिमा पुग्ने मौका रहेको छ ।

चिनियाँ सरकारी टेलिभिजन च्यानल 'चाइना ग्लोबल टेलिभिजन नेटवर्क' का पत्रकार यांग रुईले भने, 'चीनका आम नागरिक चिनियाँ सीमा क्षेत्रमा घुस्ने भारतीय सेनामाथि चीनले किन कारबाही गरिरहेको छैन भनेर प्रश्न गरिरहेका छन् ।' चिनियाँ जनमुक्ति सेनाले पाकिस्तानमाथि गत वर्ष भारतले गरेको भनिएको सर्जिकल स्ट्राइक सम्मको सीमित हमलाको सम्भावनाबारे समेत विचार गरिरहेको समाचार समेत बाहिर आएका थिए । यद्यपि चीनले अहिलेसम्म आफ्नो धैर्यता कायम राखेको छ । यद्यपि अहिले नै चीन युद्धमा नउत्रिनुका पछि खास रणनीतिक कारणहरू रहेका छन् । पहिलो, यो लडाईमा निश्चित जितको सम्भावना छैन, किनभने यो क्षेत्रमा भारतीय सेना चिनियाँ सेना भन्दा उचाईका हिसाबले माथिल्लो स्थानमा छ र पहाडी क्षेत्रमा हुने यस्ता युद्धमा उचाईको ठूलो महत्व हुने गर्छ ।

दोस्रो सीमित हमला एक लामो लडाईमा समेत परिणत हुनसक्छ । चीन अहिले नै आफ्नो घरेलु अर्थव्यवस्थालाई मन्दीको मारबाट बचाउन चाहन्छ । यद्यपि आवश्यक नै परेको अवस्थामा भने चीन भारतसँग पछि हट्ने अवस्थामा देखिदैन ।

**'भारतसँग १० दिनका लागि मात्र युद्ध सामग्री'**

पछिल्लो समयमा चीनको सीमा क्षेत्रमा बढ्दो तनावबीच भारतमा सैन्य सामग्रीको लेखाजोखा सुरु भएको छ । पाकिस्तान र चीनसँग तनवापूर्ण सम्बन्ध रहेको भारतसँग युद्धको अवस्थामा १० दिनसम्म झेल्नसक्ने युद्ध सामग्री मात्रै रहेको खुलासा भएको हो ।

भारतको नियन्त्रक एवं. महालेखा परीक्षकको एक रिपोर्टमा यदि युद्ध छेडेको अवस्थामा भारतीय सेनाले प्रयोग गर्ने गोला बारुदमा ४० प्रतिशत त १० दिनमा नै सकिने उल्लेख गरिएको छ ।

रिपोर्टअनुसार युद्धको स्थितिमा ७० प्रतिशत ट्यांक र तोपको ४४ प्रतिशत गोला १० दिनमा सकिनेछ । नियमअनुसार सेनासँग कम्तिमा पनि ४० दिनसम्म प्रयोग गर्न सकिने हतियार र गोलाबारुद हुनुपर्दछ ।

दुई वर्षअघि सन् २०१५ को मे महिनामा सेनाको कम हुँदै गएको गोलाबारुदको भण्डारबारेको विस्तृत रिपोर्ट बनाइएको थियो । संसदमा शुक्रबार पेश गरिएको सो प्रतिवेदनमा जनाइएअनुसार सैन्य मुख्यालयले सन् २००९ देखि २०१३ का बीचमा सैन्य सामग्री खरिदको प्रक्रिया सुरु गरेको थियो ।

सो प्रक्रियाअनुसारका केही सामग्री खरिद गर्ने काम सन् २०१७ सम्म पनि पुरा नभएको जनाइएको छ ।

अर्डिनेन्स फ्याक्ट्री बोर्ड (ओएफबी) को कामकाजको चर्को आलोचना गर्दै प्रतिवेदनमा भनिएको छ, 'सन् २०१३ देखि ओएफबीका तर्फबाट आपूर्ति हुने गोलाबारुदको गुणवत्ता र मात्रामा कमी रहेकोतर्फ ध्यानाकर्षण गराइए पनि यस दिशामा कुनै प्रगति भएको छैन ।'

भारत र चीनबीच पछिल्लो समय सैन्य तनाव बढेको छ । सीमा क्षेत्रमा दुवै पक्षका सेनाको उपस्थिति बाक्लो तुल्याइएको छ भने चीनले भारतलाई विनाशर्त सीमा क्षेत्रबाट सेना फिर्ता लैजान चेतावनी दिदैं आएको छ ।

## माकेसँग...

स्थितिमा एकताबद्ध क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण गर्ने उद्देश्यमाथि आवश्यक ध्यान दिदैं क) मार्क्सवाद-लेनिनवाद-माओवाद अवलम्बन गर्ने, ख) नयाँ जनवादी क्रान्तिको कार्यदिशा स्वीकार गर्ने, ग) क्रान्तिमा बलप्रयोगको सिद्धान्तलाई मान्ने, घ) वर्तमान पश्चगामी संविधानलाई अस्वीकार गर्ने, ङ) वर्तमान सत्ता तथा व्यवस्थाको मन्त्रीपरिषद्मा नरहने र च) जनवादी-केन्द्रीयताको सिद्धान्तलाई सवीकार गर्ने सैद्धान्तिक, राजनीतिक तथा सांगठानिक मान्यताका आधारमा पार्टी एकीकरण तथा ध्रुवीकरणका लागि सम्बन्धित क्रान्तिकारी कम्युनिष्ट पक्ष तथा समूहहरूलाई आव्हान गर्ने निर्णय लिइएको छ ।' जारी विज्ञप्तीमा उल्लेख गरेका छन् ।

असार २५ देखि ३० गतेसम्म बसेको बैठकले यही असोजको चौथो सातामा आयोजना गरिएको राष्ट्रिय सम्मेलनको तयारीका लागि अध्यक्ष किरणद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन र तथा नेपाली समाजको स्वरूप तथा पार्टीको आम कार्यदिशा- शीर्षक रहेका दुई राजनीतिक प्रस्ताव तथा नेता राम सिंह श्रीसद्वारा प्रस्तुत पार्टी विधान सम्बन्धी प्रस्ताव प्रस्तुतको मूल प्रवृत्ति तथा स्प्रिटलाई पारित गरेको छ ।

बैठकमा प्रस्तुत सो प्रस्तावमा देश अर्ध सामन्ती, अर्ध औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थामा रहेको स्थितिमा नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको र समाजवाद हुँदै साम्यवादमा जाने पार्टीको लक्ष्य रहेको उल्लेख गरिएको छ । यसैगरी सो पार्टीले स्थानीय तहको निर्वाचनमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरूलाई समर्थन गर्ने निर्णय सही भएको र अपेक्षकृत परिणाम नआउनु स्वभाविक रहेको निष्कर्ष निकालेको समेत वक्तव्यमा उल्लेख गरिएको छ ।

अध्यक्ष किरणद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चुनावमा प्रतिक्रियावादी तथा संसदवादी राजनीतिक दलहरूबाट एकातिर अनेकौं विकृति, विसंगति तथा धाँधली भएका छन् भने अर्कोतिर उनीहरूले आफ्ना राजनीतिक एजेण्डाहरूलाई तिलाञ्जली दिएर आपसमा विभिन्न रूपमा अपवित्र तालमेल गर्न पुगेका छन् । यसलाई वर्तमान राज्यसत्ता तथा संसदीय व्यवस्थाको राजनीतिक पहिचानको संकटको रूपमा लिनु पर्दछ ।'

उता प्रचण्डले भने 'शान्तिपूर्ण र प्रतिस्पर्धात्मक राजनीतिको वर्तमान चरणमा पार्टीले निर्वाचनलाई लेनिनले 'दुमा'को उपयोग गरेको अर्थमा नलिई सर्वहारा श्रमजीवी वर्गको संघर्षले ल्याएको उपलब्धिलाई संस्थागत र उपयोग गर्ने नयाँ चरणको क्रान्तिको तयारीको अर्थमा ग्रहण गर्नुपर्छ', भन्ने दस्तावेज सचिवालय बैठकबाट पारित गराएका छन् ।

माओवादी केन्द्रले पनि यसअघि निर्वाचनलाई मात्र उपयोगका रूपमा लिँदै आवश्यक परे फेरि क्रान्तिमै फर्किने बताउँदै आएको थियो । तर, शनिबार पारित दाहालको राजनीतिक प्रतिवेदनपछि भने वैधानिक रूपमा नै अबदेखि उसले निर्वाचनलाई रणनीतिक रूपमा प्रयोग गर्ने स्पष्ट गरेको छ ।



दैनिकी दुर्वाच्य...

रामचन्द्र हुमागाई



# प्रधानमन्त्रीको निर्देशन कोहिली 'कूँ' होइन

**साउन २ गते ।** प्रधानमन्त्री शेरबहादुर देउवाले मातहतका कर्मचारीलाई 'राजधानीका खाल्टा–खुल्टी १५ दिनभित्र पुरिसक्नु' भन्ने निर्देशन दिनुभएछ, राम्रै लाग्यो । अनेक बहानामा राजधानीका सडकमा खाल्टा खन्ने, बाटो भत्काउने, पानी, बत्ती, टेलिफोन र बिजुलीका पाइप र तारहरू बिछ्याउने निहुमा बाटो खन्ने तर पुनः खनिएको बाटो नबनाउने र ठेकेदारहरूले आफ्नो स्वार्थ पूर्तिका लागि बटो बढाउने ठाउँका वासिन्दालाई उक्साएर मुद्दा हाल्न लगाउने जस्ता घृणित काम गरेर र गर्न लगाएर मोटो रकम हसुरिरहेका कर्मचारीलाई यस्ता निर्देशनले काम गर्ला वा नगर्ला त्यो आफ्नै ठाउँमा छ । यो भन्दा अगाडि पनि अनेक ठाउँमा प्रधानमन्त्री लेवलबाट दिइएका निर्देशनको पालना भएका छैनन् । देउवासँग कुनै जादुको छडि भए अर्कै कुरा । अँ भन्नै मनलागेको कुरा के भने विश्वमा सहर काठमाडौं मात्रै हो कि अरु ठाउँमा पनि छ ? यदि छ भने ती सहरहरूमा कसरी माथि उल्लेखित काम हुन्छन् ? यो विषयमा किन कसैको ध्यान जाँदैन ?

**साउन ३ गते ।** स्थानीय निर्वाचनमा जनताको चड्कन खाएपछि माओवादी केन्द्रका आजीवन अध्यक्ष पुष्पकमल दाहाल उर्फ प्रचण्डले आफ्नो गुटको पार्टीको केन्द्रीय बैठकमा भनेछन्, 'अझै पनि पार्टी भित्र गुटबन्दी रहिरह्यो भने पार्टी समाप्त हुन्छ, कि घोषित रूपमै गुटबन्दी चलाउँ कि गुटबन्दी बन्द गरौं' । कुरा त अत्यन्तै राम्रो हो तर आफैं गुटबन्दीको नाइके बन्ने अरूलाई चाहीं गुटबन्दीको आरोप लगाउने बानी चाही स्वार्थी राजनीतिज्ञको मात्रै हुन्छ । अर्को कुरा समाज परिवर्तनका लागि मानिसको बली चढाउने, आफूचाहीं मर्छु कि भन्दै सामन्तवादको अँगालोमा लम्पसार पर्ने बानी पनि गुटवादभन्दा कहाँ कम छ र ? कि कसो हो ? प्रचण्डबाबु । कमरेड भनौंभने कमरेडत्व त्यागी हाल्यौं ।

**साउन ४ गते ।** नेपाल सरकारले नेपाली नागरिकका लागि स्मार्ट कार्ड लागू गर्ने भएछ । विश्वमा मानव विकासक्रमको सिलसिलामा अत्याधुनिक प्रविधि बनिरहेको अवस्थामा यो कार्ड लागू गर्नु कुनै ठूलो कुरा होइन । गरिबीको रेखामुनी रहेका नेपालीलाई यही स्मार्ट कार्डमा दैनिक आवश्यक पर्ने सामग्री पनि राख्न सक्यो भने मात्र नेपाल सरकारको नाक तीखो हुन्छ अन्यथा पुरानै बोतलमा नयाँ रक्सी मात्रै ।

**साउन ५ गते ।** 'ब्यापार घाटा नौ खर्ब नाघ्यो, रेमिट्यान्स घट्दै छ र सरकारी बेरुजु बढ्दैछ' भनेर नेपाल राष्ट्रबैंक दिनदिनै लोली गाउँदै छ । के यो कुनै नयाँ काम हो र ? सदियौंदेखि चलिआएको प्रचलन जस्तै भैसकेको विषय हो । व्यापार नाफा नेपाललाई कहिले भएको छ र ? बेरुजु देखा पर्न आएको पनि २०२३ सालदेखि कै दीर्घ रोग हो । रेमिट्यन्स जंगबहादुरले नेपालीलाई बृटिस सेनामा भर्ती गर्न सुरु गरेदेखि कै राष्ट्रिय आम्दानीको रूपमा आउन थालेको हो । अहिलेको अवस्थामा नेपाली पाखुरीहरूले विदेशमा पसिना बगाउन थालेपछि एकै पटक चम्किएर आकाश छुन पुगेको कुरा कसैबाट छिपेको छैन । दुःख लाग्ने विषय भनेको त देशको यस्तो अवस्था हुँदाहुँदै पनि राष्ट्रिय आयस्रोत कसरी बढाउने, नेपाली श्रम शक्तिलाई कसरी स्वदेशमै आत्मनिभर गराउने र बेरुजु भित्रको रहस्य के हो भन्नेतिर सोच्ने मानिसको अभावका कारण राष्ट्रबैंकले पनि राष्ट्रिय ढुकुटीमा आहाल खेलेर नेपाली अर्थतन्त्रलाई उपहासको रूपमा मात्रै हेर्ने परम्पराले कसरी आर्थिक उन्नती हुन्छ त ? एकपटक नेपालका अर्थशास्त्री (स्वदेशमा वा विदेशमा जहाँबाट डिग्री हासिल गरेका भए पनि) ध्यान दिएर सोचौं त !

**साउन ६ गते ।** निजामती कर्मचारीहरू पञ्चायतीकालमा भन्दा सयौं गुणा भ्रष्ट भएछन् भन्ने कुरा कही कतै अन्तरकुन्तर अख्तियारले निफनेका प्रमाणहरूले बताउँछ । यसो भन्दैमा पञ्चायत राम्रो थियो भन्न खोजिएको होइन, निरंकुशता र भ्रष्ट भएका कारणले आम नेपालीले पञ्चायतलाई तिरस्कार गरेका थिए । आज सूदूरपश्चिमको सिमाना कार्यालयका कर्मचारीले भारतबाट चोरी मार्गबाट आएका गाडीहरू राजश्वबिनै नेपाल भित्र्याएर दर्ता गरिएको भन्दै केही कर्मचारीलाई निलम्बन गरियो, यो त देखाउने दाँत मात्रै हो । नौ नौ महिनामा प्रधानमन्त्री फेरिंदा देशलाई के फाइदा छ ? भन्दै खोजी गर्ने हो भने एक नौ महिनेकालमा एउटा प्रधानमन्त्रीले पाँच अर्ब रूपैयाँ कमाउँदा रहेछन् भन्ने उदाहरण पनि फेला परेको छ । नौमहिने कार्यकाल सकेर बिश्राम गरिरहेका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल यतिबेला त्यो पाँच अर्ब रूपैयाँ केमा कोमार्फत लगानी गर्ने भन्दै गोप्य रूपमा लगानी मार्ग खोजी गर्दै हिंडेको बुझिएको छ । केही दिनमा सबै कुरा बाहिर पक्कै आउँछ ।

**साउन ७ गते ।** यो साउन ६ र ७ गतेले नेपालको निकै बुढो इतिहास बोकेको छ । ६ गते वी.पी. र ७ गते पुष्पलाल जयन्ती बोकेकै थियो यो, वर्षबाट नयाँ स्मरण योग्य घटना पनि थपिन गएको छ, त्यो हो चीनबाट नेपालको ताप्लेजुङ जिल्लामा पर्ने ओलाङचुङगोलाबाट मोटरबाटो जोडिनु । नेताको जन्मजयन्तीभन्दा पनि यो महत्वपूर्ण विषय थपिएकोमा आम नेपालीहरू निकै खुसी भएका छन् । अँ अर्को कुरा पेरिसडाँडामा चलिरहेको माओवादी केन्द्रको निर्वाचन समीक्षा बैठकमा हनुमानहरूले प्रचण्डपथ व्युताउने कुरा उठाउँदा अर्का नेता नारायणकाजी श्रेष्ठले उग्र विरोध गरेछन् र भनेछन्, 'डण्डा चलाउने अधिकार कस-कसले पाउने ? कि अध्यक्षले मात्रै डण्डा चलाउन पाउने' ? यो प्रश्नले माओवादी केन्द्र भित्र र बाहिर पनि निकै हावा चल्न थालेको जानकारहरू बयाउन थालेका छन् ।

**साउन ८ गते ।** आजको दुर्वाच्यमा के लेखौं के लेखौं जस्तो भैरहेको थियो फ्याट्ट समाचार आयो, 'माओवादी केन्द्र पनि संसदीय बाटोमा जाने प्रतिवेदन अध्यक्ष प्रचण्डले चालु बैठकमा पेश गरे' । यो समाचार पढेपछि अर्को पुरानो एउटा कथन दिमागमा रिंग्यो, त्यो के भने कैयन वर्ष अगाडि एकजना यात्री ओखलढुङ्गातिर घुम्न गएछ । फर्किने बेलामा जताबाट घुमे पनि रुम्जाटारबाट बाहिर निस्कन सकेन छ । अन्त्यमा अर्को यात्रीको सहारा लिएर पश्चिमतर्फ लागेछ र बाटोमा गुनगुनाउँदै हिंडेछ, 'घुम्दै फिर्दै रुम्जाटार' । माओवादी केन्द्रलाई पनि यस्तै रोग लागेको संकेत त पहिले नै थियो तर अहिले स्पष्ट भयो, 'सत्ताको स्वाद चाख्न पल्किएपछि पछि हटेको को नै छ र !' २०४६ सालको परिवर्तनले एमालेलाई संसदीय फाँटमा चर्न पठायो, ०६२/६३ सालको परिवर्तनले माओवादी केन्द्रलाई ढलमा धकेल्यो । तर निमुखा जनताको भाग्यमाथि गिर खेल्ने नैतिक हीनताको अन्त्यहीन कहिले हुने ? चिन्ता त यहाँ पो छ त !


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लराम रेम्री (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६६८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

काठमाडौं फोन ०१४३८८३९३

बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो

## 'महिला मुक्ति'को निम्ति नयाँ जनवादी क्रान्तिको अपरिहार्यता



लक्ष्मी मुडभरी

आज देश असाधारण राजनीतिक परिवेशबाट गुज्रिरहेको छ। १० वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलनको बलमा स्थापित 'लोकतान्त्रिक गणतन्त्र' वास्तवमा जनताको व्यवस्था बन्न सकेन । यतिबेला राजनीतिक सत्ता जनताको हातमा नभएर दलाल एवं नोकरशाही पुँजीपति वर्गको हातमा गएको छ । महान् जनयुद्ध र १९ दिने जनआन्दोलनको उत्कर्षको बेला नेपाली जनताले राजनीतिक दलका नेताहरूमाथि गरेको आशा, भरोसा र विश्वासमाथि चिसोपानी खन्याउने काम भएको छ । जनताले ठूलो बलिदानी गरेर राजतन्त्रात्मक संसदीय व्यवस्थालाई फाले पनि दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्था स्थापित गरियो र अहिले राजनीतिक बृत्तमा भ्रष्टाचार र कमिशनतन्त्र संस्थागत रूपमा मौलाएको छ। पद, पैसा र प्रतिष्ठाका लागि राजनीतिका सामान्यभन्दा सामान्य मूल्य मान्यताहरू पनि मिचिएका छन् । राजनीतिलाई देश र जनताको सेवाको सर्वोच्च माध्यम ठान्ने भन्दा पनि आफ्ना ब्यक्तिगत लाभ हासिल गर्ने सर्वोच्च साधन बनाउने संस्कृति मौलाएर गएको छ । देशमा कर्मचारी र राजनीतिक दलका नेता/कार्यकर्ताहरूले ब्रम्हलुट मच्चाएका छन् । भ्रष्टाचार, कालाबजारी ब्याप्त छ । समाजमा असहाय र निमुखाहरूमाथि अपमान बढ्दो छ । महिलाहरूमाथि विविध प्रकारका पुराना रुढीवाढी कूरिती र कूसंस्कारहरू लाद्ने क्रम बढ्दो छ। समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोण या त पुरानो सामन्ती पितृसत्तावादी या त पुँजीवादी छाडावादी दृष्टिकोण हावी छ । परिणामतः समाजमा महिलाहरूमाथि घरेलु हिंसा, हत्या, बलात्कारका कहालीलाग्दा घटनाहरू दिन दुगुणा रात चौगुण दरले बढिरहेका छन् ।

१० वर्षको महान् जनयुद्धका बेला महिलाहरूको एउटा ठूलो हिस्साले पितृसत्ताका थुप्रै बाधा, बन्धनहरू तोडिदिएका थिए । समाजमा तिनको साहसका सामु पितृसत्तावादी दृष्टिकोण निकै कमजोर बन्न पुगेको थियो, जसले समाजमा निकै ठूलो हलचल ल्याइदिएको थियो । जनयुद्धका बेला महिला, दलित, मधेसी, मुस्लिम लगायत आमउत्पीडित समुदायबाट आएका वीर, वीरङ्गनाहरूले जुन त्याग, वीरता र साहस देखाए त्यसले समाजमा हिजो हेपिएका, उत्पीडित, उपेक्षित समुदायलाई हेर्ने दृष्टिकोणमा ठूलो परिवर्तन ल्याइदिएको थियो । आजा स्थानीयदेखि संसदको चुनावमा महिला, दलित, जनजाति, मधेसी, मुस्लिम समुदायका नेताहरूलाई सहज ढंगले चुनेर पठाउने जुन संस्कार पैदा भएको छ, यो त्यो महान् जनयुद्धले पैदा गरेको परिणामबाहेक अरु सब झुठ र बेइमान मात्र हुन् ।

राजतन्त्रको विघटनपश्चात् देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो भन्दै कम्युनिष्ट आन्दोलनलाई दिग्भ्रमित गर्ने काम सुरु भएको छ। जनयुद्ध कै एउटा धारा नेकपा (माओवादी केन्द्र)ले नयाँ जनवादी क्रान्ति सम्पन्न भैसक्यो, त्यसैले अहिलेको संविधानमा जनताका सम्पूर्ण अधिकार सुनिश्चित भएका छन्, उत्पीडित वर्गको मुक्ति भइसक्यो भन्दै उनीहरूले जनतामा ठूलो भ्रमको खेती गरिरहेका छन्। त्यही भ्रमको पछाडि थुप्रै महिला नेतृहरू, जसले जनयुद्धकालमा महिला आन्दोलनको नेतृत्व गरेका थिए, दौडिरहेका छन्। यसले महिलाहरूको एउटा ठूलो हिस्सालाई समेत भ्रमित तुल्याएको छ। अहिले ती महिलाहरूले पनि नेपाली महिलाहरूमाथि अब कुनै पनि शोषण, दमनमा छैनन्, अब हरेक छोरीहरू सत्ताको प्रमुख बन्न सक्छन् भन्ने जस्ता बकवासपूर्ण कुराको वकालत गरेर आफ्नो सत्तालिप्सालाई ढाकछोप गर्ने र सत्तामा टिकिरहने खेल सुरु गरेका छन् ।

निश्चित रूपमा हिजोका तुलनामा केही उपलब्धिहरू भएका छन् तर जबसम्म व्यवहारतः आम महिलाहरू आर्थिक, सामाजिक र पारिवारिक सत्तामा समान रूपमा उभिन सक्दैनन्, त्यतिबेलासम्म महिलाहरूको मुक्ति सम्भव छैन । के समाजमा आर्थिक, पारिवारिक र सामाजिक सत्तामा महिलाहरको स्थान समान रूपमा छ त ? उसको उल्टो माथि भनिएझैं महिलाहरूको स्थिति आज समाजमा निकै कहालीलाग्दो बन्दै गएको छ । महिलाहरू घरेलु दासमा परिणत भएका छन् । उत्पादनका साधनबाट बञ्चित छन् । लथालिङ्ग, गैरजिम्मेवार सरकारको लाचारीका कारण केही कमाउने आशामा विदेशिएका महिलाहरूको स्थिति त झन् बयान गर्नै नसकिने खालको छ। यहाँ त सत्ता र सरकारको एकाध पदहरूमा एकाध महिला पुग्नुलाई निकै ठूलो गौरवको विषय बनाइँदैछ। र, यसैलाई मुक्तिको परिभाषा गरिंदै छ । यो त विश्वका थुप्रै देशहरूमा आजभन्दा धेरै वर्षअघि गरिएको शोषणको पुरानै रूप बाहेक के हुन सक्छ ? जनयुद्धको नेतृत्व गरेर आएकाहरूले नै यस्तो कुरा गर्नु भनेको प्रतिक्रियावादी सत्ताको सेवा गर्नुबाहेक के अर्को अर्थ लाग्छ ? हामी यतिबेला उत्पादनका सम्पूर्ण साधनहरू, श्रमजीवी जनताको हातमा हुनुपर्छ भन्ने ठान्दछौं । चाहे जमिन होस्, चाहे कलकारखाना, चाहे औजारहरू हुन्, चाहे विज्ञान प्रविधि । यी सबै चीजमा एकाध सामन्त, जमिन्दार र दलाल पुँजीपति या नोकरशाही पुँजीपति वर्गको पहुँच कायम छ। हामी यी सबै चीजमा आम श्रमिक जनसमुदायको बलियो पहुँच चाहन्छौं, ताकि श्रमिक वर्गलाई उत्पादनका साधनहरूको मालिक बनाउन सकियोस् । त्यो अहिलेको लोकतान्त्रिक संसदीय व्यवस्थामा सम्भव छैन, त्यसका लागि नयाँ जनवादी व्यवस्थामा मात्रै त्यो कुरा लागू गर्न सम्भव छ ।

सर्वहारावर्गको नेतृत्वमा आम उत्पीडित समुदायको अधिनायकत्व कायम रहने नयाँ जनवादी व्यवस्थाको मूल चरित्र हुने भएकोले आम उत्पीडित समुदायसँगै महिला समुदायको पनि राजनीतिक सत्ताका एकाध पदमा होइन आम सत्तामाथि आफ्नो अधिनायकत्व सुनिश्चित रहने छ । जसले महिलाहरूलाई पुरुषको अधिनस्थ वस्तुको रूपमा, पुरुषको उपभोग्य वस्तुको रूपमा होइन पुरुषसरह, सहकर्मी र सहयोद्धाको रूपमा स्थापित गर्नेछ। र, उत्पादनका साधनहरू जमिन, कलकारखनाका मेशिन, प्रविधि आदिमा समान हक स्थापित गराउने छ। जनताको जनवादी व्यवस्थामा उत्पादनमा महिलाहरूको सहभागितालाई समान रूपमा लागू गरिन्छ, राजनीतिक सत्ताका सबै अंगहरूमा जनसंख्याको आधारमा समानुपाति प्रतिनिधित्व सुनिश्चित गरिन्छ। यस कारण यो लोकतान्त्रिक व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने नयाँ आन्दोलनमा आम उत्पीडित महिलाहरूले आफ्नो भूमिकालाई सुनिश्चित गर्ने र यो देशी, विदेशी प्रतिक्रियावादी शक्तिहरूको हितार्थ उभिएको व्यवस्थालाई ध्वंश गर्ने अभियानमा एकचोटि फेरि हामीले सोच्नैपर्ने बेला आएको छ।

## क्रान्तिकारी ट्रेड यूनियन महासंघबाट दुई निष्काशित

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले संगठनको नीति, विधान र अनुशासन विपरीत काम गर्ने दुई जनालाई महासंघबाट निष्काशित गरेको छ ।

महासंघको हालै बसेको कार्यालयको बैठकले अखिल नेपाल ट्रेड यूनियन महासंघ तथा अखिल नेपाल क्रान्तिकारी पर्यटन मजदुर संघको नेतृत्व गर्ने ठमानसिंह तामाङ र रामबहादुर बस्नेतलाई महासंघको साधारण सदस्य समेत नरहने गरी निष्काशन गर्ने निर्णय गरेको महासंघका संयोजक इश्वर तिमिल्सिनाद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

साउन २ मा जारी वक्तव्यमा भनिएको छ, 'विगत १ वर्षदेखि तत्कालीन पर्यटन संघमा सो संघका दुई तिहाइ सदस्यद्वारा लिखित र मौखिक रूपमा निजहरू विरुद्ध किर्ते हस्ताक्षर गरी संस्थाको कोष दुरूपयोग गरेको, श्रमिक र मालिकहरूका विवादमा व्यक्तिगत लाभ लिएको, छानविनका दौरान कार्यालयका कागजात लुकाई संगठनलाई गुमराहमा राख्ने प्रयत्न गरेको र संगठनको सम्पर्क बाहिर रही संगठन विरोधी गतिविधि गरेको आदि आरोपहरू प्रमाणित हुन आएकोले महासंघको कार्यालय बैठक बसी निजहरूलाई साधारण सदस्य समेत नरहने गरी निष्काशन गर्ने निर्णय गरिएको यसै वक्तव्यमार्फत् जानकारी गराइन्छ ।'

## बाबुराम प्रचण्डतिर कि उपेन्द्रतिर ?

काठमाडौं । उपेन्द्र नेतृत्वको संघीय समाजवादी पार्टीसँग एकताको गृहकार्य गरिरहेका बाबुरामलाई प्रचण्डले एकताको आव्हान गरेपछि समस्यामा परेका छन् । विगतमा जनयुद्ध लडेर आएका अधिकांश नेता कार्यकर्ताले फोरमसँगको एकता त्यसमा पनि उपेन्द्र यादवलाई अध्यक्ष मानेर पार्टी एकतामा जान नसकिने बरु प्रचण्डको माकेमा जाने दबाब बढेपछि बाबुराम अप्ठ्रेरोमा परेका छन् ।

फोरमसँग एकताको तयारी अन्तिम चरणमा पुग्दै गर्दा नयाँ शक्तिभित्र बौद्धिक भनिएर चिनिएका केशव दाहाल, डम्बर खड्का लगायत रविन्द्र मिश्र नेतृत्वको साझा पार्टीतिर आकर्षित हुन थालेपछि नयाँ शक्ति टुक्रा टुक्रामा छिरलिने भएको छ । उपेन्द्रलाई नेता मानेर दोस्रो बरिएता स्वीकार्दै फोरमसँग एकता गर्न लागेपछि धेरैले बाबुरामको राजनीतिक अवसान भएको भनेर सर्वत्र टिप्पणी समेत हुन थालेको छ । बाबुराम, उपेन्द्र र प्रचण्ड सबै एउटै शक्तिकेन्द्रबाट परिचालित भएकोले यिनीहरू सबै पछिगएर एउटै पार्टीमा हुने एक राजनीतिक विश्लेषकले बताए ।






## आयोजना कार्यान्वयन निर्देशनालयको सूचना

काठमाण्डौं उपत्यकामा मेलम्ची खानेपानी आयोजनाको कार्यान्वयन अहिले तिब्र गतिमा भइरहेको छ । आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले मेलम्ची खानेपानी उप-आयोजना दोस्रो अन्तर्गत उपत्यकाका विभिन्न स्थानहरूमा खानेपानीको थोक वितरण प्रणाली र वितरण प्रणाली सुधारको पाइपलाइन बिच्छ्याउने कार्य हाल अन्तिम चरणमा पुऱ्याएको छ। यसैगरी निर्देशनालयले उपत्यकाका बालाजु, बाँसबारी, पानीपोखरी, खुमलटार, आरुबारी, महांकालचौर, टिगनी, कट्टुञ्जे र कीर्तिपुरमा गरी नौ वटा ठूला पानी पोखरीहरूको निर्माण गरिरहेको छ। यी पोखरीहरूमध्ये पाँचवटा पोखरीहरू लगभग तयारी अवस्थामा पुगिसकेका छन् ।

निर्देशनालयले सर्वसाधारणलाई मेलम्ची आयोजनाबाट प्राप्त हुने वैज्ञानिक तथा समानुपातिक रूपमा वितरण गर्नका लागि पाइपलाइन संरचनाहरूको निर्माणको अतिरिक्त घरघरमा निशुल्क धारा जडान कार्य गरिरहेको छ। निर्माण कार्यको सिलसिलामा खनिएका सडक खण्डहरूलाई मनसुनी वर्षा सुरुहुनुपूर्व नै पुनर्स्थापना गरी कालोपत्रे गर्ने कार्य तीब्र गतिमा भइरहेको छ । यस क्रममा विभिन्न सडक खण्डहरू कालोपत्रे भइसकेका छन् भने बाँकी रहेका सडकहरूलाई पनि यथाशीघ्र कालोपत्रे गर्ने व्यवस्था मिलाइएको छ ।

पाइपलाइन बिच्छ्याउने क्रममा सवारी साधन आवागमन र पैदलयात्रीलाई परिरहेको असुविधाप्रति संवेदनशील रहँदै त्यस्तो असुविधाका लागि निर्देशनालय क्षमाप्रार्थी छ। यस क्रममा हामीलाई विभिन्न रूपमा सहयोग गर्नुहुने सबै सरोकारवाला, सेवा प्रदायक तथा सर्वसाधारणप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

आयोजना कार्यान्वयन निर्देशनालय

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**

अनामनगर, काठमाडौं, फोन नः टेलिफोनः ४२२२९८६, ४२२४९८६

एक्सटेन्सन १३१, फ्याक्सः ४२२४०५७






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।